## अध्याय - एक

## शोधपरिचय

### १.१ पृष्ठभूमि

भाषाविज्ञानको नवीन शाखाका रुपमा सङ्कथन विश्लेषणलाई मानिन्छ । वाक्यभन्दा माथिल्लो भाषिक एकाइलाई सङ्कथन भनिन्छ (न्यौपाने र अन्य, २०६७ : १४५) । यसको परम्परा पाश्चात्य देशबाटै प्रारम्भ भएको देखिन्छ । सङ्कथन विश्लेषण शब्दको सर्वप्रथम प्रयोग गर्ने भाषा वैज्ञानिक जेलिङ »ारिस हुन् । उनले सन् १९५२ मा हेयर टनिकको विज्ञापनको उदाहरणका रुपमा अघि सारेर भाषिक अभिव्यक्तिलाई सामाजिक सन्दर्भसँग जोडेर हेरेका थिए । यस घटनालाई सङ्कथन विश्लेषणको प्रारम्भबिन्दु मानिएको छ ( लामिछाने, २०६९ : १७९) । सङ्कथन अन्तर्गत वाक्यहरुको सिलसिलाबद्ध प्रस्तुतीकरण पर्न आउँछ । अतः यसभित्र वक्ताले कसरी वाक्यहरुलाई संयोजन गरी सम्प्रेषण गरिरहेका हुन्छन् भन्ने कुराको अध्ययन हुन्छ । सङ्कथन विश्लेषण अन्तर्गत सर्वप्रथम तथ्याङ्कको सङ्कलन र विश्लेषण गरिन्छ (गौतम, २०६१ : ८) । भाषाका विभिन्न एकाइहरुमध्ये सङ्कथन वाक्यभन्दा माथिल्लो भाषिक एकाइ हो, जहाँ एउटा भाषिक पाठले पूर्णता पाएको हुन्छ । यसलाई वाक्यभन्दा माथिल्लो भाषाको प्रयोग विस्तारका रुपमा हेरिएको पाइन्छ (अधिकारी, २०६७ : २४८) ।

सङ्कथन पूर्ण एवम् सिङ्गो अभिव्यक्ति हो । वाक्य, प्रकरण, अनुच्छेद, परिच्छेद जस्ता एकाइहरु सङ्कथनका संरचक तŒवहरु हुन् । प्रारम्भिक चरणमा कथ्य अभिव्यक्तिलाई मात्र सङ्कथन मानिएको थियो । प्रारम्भमा सङ्कथन विश्लेषणमा कथ्य भाषालाई मात्र ध्यान दिइए तापनि विस्तारै-विस्तारै लेख्य भाषाका विविध स्वरुपमा विकसित हुँदै गएको देखिन्छ । यसले भाषा र सन्दर्भका बीचको सम्बन्धलाई गहिरिएर हेर्ने कार्य गरेको छ (लामिछाने, २०६९ :१७९) । आधुनिक अवधारणामा सङ्थनका कथ्य र लेख्य गरी दुई किसिमका भेद रहेका छन् । गफ, कुराकानी, संवाद, छलफल, विवाद, गाली, ठट्टा, अन्तर्वार्ता, सपथ, आज्ञा, निर्देशन, प्रशंसा आदि कथ्य सङ्कथन अन्तर्गत र कथा, कविता, लेख, निबन्ध, उपन्यास, महाकाव्य आदि लेख्य सङ्कथन अन्तर्गत पर्दछन् । कथ्य सङ्थनमा भाषिक पक्षका साथै हाउभाउ लगायतका भाषिकेतर पक्षहरुको पनि समावेश भएको हुन्छ भने लेख्य सङ्कथनहरु भाषिक पक्षमा मात्र केन्द्रित रहेका हुन्छन् ।

सङ्कथनमा रहेका विभिन्न किसिमका उक्तिहरुलाई अन्वितिपूर्ण बनाउन सङ्कथनमा सम्बद्धक र सम्बद्धनको विशेष भूमिका रहेको हुन्छ । सम्बद्धक सतही तहमा संयोजन गर्ने कार्यसँग सम्बन्धित हुन्छ भने सम्बद्धनले चाहिँ विषयवस्तुको भित्री तहमा संयोजन गर्ने कार्य गर्दछ (ढुङ्गेल र अन्य, २०६० : १२७) । यी दुई आधारमा कुनै पनि पाठ, भनाइ वा लेखरचनाको अन्विति र सम्प्रेषणीयताको अध्ययन विश्लेषण गर्नु नै सङ्कथन विश्लेषण हो ।

प्रस्तुत अध्ययन त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र सङ्काय, नेपाली भाषाशिक्षण विभाग अन्तर्गत स्नातकोत्तर तह दोस्रो वर्षको पाठ्यांश नेपा. शि. ५९८ को प्रयोजनार्थ तयार पारिएको छ । यस अध्ययनमा कथाकार चन्द्रमणि अधिकारीद्वारा लिखित ‘कथा र कथाहरु’ नामक कथा सङ्ग्रहभित्र समेटिएको पृष्ठ १०-१३ मा समाविष्ट चौथो कथा ‘कोक्रो’ शीर्षकको कथामा समाविष्ट भएका सम्बद्धक र सम्बद्धनहरु पत्ता लगाई तिनको विश्लेषणसमेत गर्ने प्रयास गरिएको छ ।

### १.२ समस्याकथन

प्रस्तुत शोधको मूल समस्याका रुपमा सङ्कथन विश्लेषणको सैद्धान्तिक अवधारणाका सापेक्षतामा ‘कोक्रो’ कथामा प्रयुक्त सम्बद्धक र सम्बद्धनको पहिचान र विश्लेषण गर्दै कथामा तिनीहरुको भूमिका केलाउनु रहेको छ । प्रस्तुत अध्ययन निम्नलिखित समस्यामा केन्द्रित रहेको छ :

क) ‘कोक्रो’ कथामा के कस्ता सम्बद्धकहरु प्रयोग भएका छन् ?

ख) प्रस्तुत कथामा के कस्ता सम्बद्धनहरु प्रयोग भएका छन् ?

ग) प्रस्तुत कथामा प्रयुक्त सम्बद्धक र सम्बद्धनको उपयुक्तता के कस्तो छ ?

### १.३ अध्ययनका उद्देश्यहरु

प्रस्तुत शोधमा निम्नलिखित उद्देश्यहरु रहेका छन् :

क) ‘कोक्रो’ कथामा प्रयुक्त सम्बद्धकहरुको पहिचान र विश्लेषण गर्नु ।

ख) प्रस्तुत कथामा प्रयुक्त सम्बद्धनहरुको पहिचान र विश्लेषण गर्नु ।

ग) सम्बद्धक र सम्बद्धनका दृष्टिले प्रस्तुत कथाको उपयुक्तता केलाउनु ।

## १.४ अध्ययनको औचित्य र महŒव

प्रस्तुत कथामा गरिने सङ्कथन विश्लेषणको अध्ययनले सङ्कथन र यसका युक्तिहरु सम्बद्धक र सम्बद्धनका बारेमा अध्ययन गर्ने शिक्षक, विद्यार्थी, कथाकार, समालोचक लगायत भाषा पाठ्यक्रमविद्, अनुसन्धानकर्ता, भाषावैज्ञानिक सबैलाई अध्ययन र अनुसन्धानका पक्षमा सहयोग गर्ने हुनाले यो शोधको औचित्य तथा महŒव रहेको छ । यस अध्ययनले सङ्कथन विश्लेषणका क्षेत्रमा थप सहयोग पुग्ने अपेक्षा गरिएको छ । यस शोधपत्रले सङ्कथन विश्लेषणका बारेमा अध्ययन र अध्यापन गर्ने दुवै पक्षलाई सहयोग गर्ने हुनाले पनि यो शोधको औचित्य बढ्न गएको छ ।

## १.५ अध्ययनको परिसीमा

प्रस्तुत शोधको निम्न लिखित सीमाङ्कन गरिएको छ :

क) प्रस्तुत शोध कथाकार चन्द्रमणि अधिकारीको ‘कोक्रो’ शीर्षक कथाको सङ्कथन विश्लेषणमा मात्र केन्द्रित रहेको छ ।

ख) प्रस्तुत शोधमा ‘कोक्रो’ कथाको मात्र सम्बद्धक र सम्बद्धनमा आधारित भई सङ्कथन विश्लेषण गरिएको छ ।

## १.६ पारिभाषिक शब्द

यस अध्ययनमा प्रयोग भएका केही पारिभाषिक शब्दहरुलाई निम्नानुसार उल्लेख गर्न सकिन्छ :

प्रस्तोता : सङ्कथनलाई अभिव्यक्त गर्ने व्यक्ति

बोद्धा : प्रस्तोताद्वारा अभिव्यक्त सूचनाको ग्रहण गर्ने व्यक्ति

माध्यम : सङ्कथनलाई प्रवाह गर्ने भाषा

विषय : पाठको केन्द्रीय कथ्य

कोड : भाषिक प्रतिबिम्ब

परिवेश : घटना घटित स्थानको वातावरण

सङ्कथन : भाषाको सबैभन्दा माथिल्लो र पूर्ण एकाइ

सम्बद्धक : अभिव्यक्तिमा जोडकका रुपमा प्रयोग हुने भाषिक जोर्नी

सम्बद्धन : दुई वाक्यहरुका बीचमा अर्थगत सम्बन्ध जोड्न आउने घटक

# अध्याय - दुई

# पूर्वकार्यको समीक्षा र सैद्धान्तिक अवधारणा

## २.१ पूर्वकार्यको समीक्षा

सङ्कथन विश्लेषणका क्षेत्रमा भएका केही अध्ययन र अनुसन्धानहरु निम्नानुसार रहेका छन् :

ढुङ्गेल र अन्य (२०६० : ११८) द्वारा **प्रायोगिक भाषाविज्ञान** पुस्तकमा सङ्कथन विश्लेषणको परिचय दिई यसको परम्परा र विकासका बारेमा उल्लेख गरिएको छ । यस पुस्तकमा  सङ्कथन विश्लेषण भनेको सम्प्रेषणात्मक कार्यहरुको विश्लेषण हो भनिएको छ । साथै सङ्कथन विश्लेषण विशेष रुपले भाषा र त्यसको प्रयोग जुन सन्दर्भमा हुन्छ त्यसको अध्ययन र व्याख्यासँग सम्बन्धित हुन्छ भन्ने कुरा उल्लेख गरिएको छ ।

न्यौपाने र अन्य (२०६७ : १४५) द्वारा **सामान्य भाषाविज्ञान** पुस्तकमा सङ्कथनका  बारेमा उल्लेख गरिएको छ । उक्त पुस्तकमा वाक्यभन्दा माथिल्लो एकाइलाई सङ्कथन भनिन्छ भनी प्रस्तुत गरिएको छ । साथै उक्त पुस्तकमा कथ्य सङ्कथन र लेख्य सङ्कथनको समेत चर्चा गरिएको छ । यस पुस्तकमा सङ्कथनका विभिन्न उक्तिहरुलाई अन्वितिपूर्ण बनाउने सम्बद्धक र सम्बद्धनका बारेमा पनि उल्लेख गरिएको छ ।

लम्साल र अन्य (२०६२ : ११७) ले **सामान्य र प्रायोगिक भाषाविज्ञान** पुस्तकमा सङ्कथनको परिचय प्रस्तुत गरेका छन् । जसअनुसार अनुच्छेद-अनुच्छेद मिलेर एउटा पूरा शीर्षक बन्दछ ; त्यसलाई नै सङ्कथन भनिन्छ । सङ्कथनलाई अर्को शब्दमा समग्रकथन पनि भन्न सकिन्छ । यस पुस्तकमा अनुच्छेदको संरचक तŒवका रुपमा सङ्कथनको भूमिका रहने कुरा उल्लेख गरिएको छ ।

यादव र अन्य (२०५९ : ३०४) ले **भाषाविज्ञान** नामक पुस्तकमा सङ्कथन निर्देशन शीर्षक दिएर पद, पदावली, वाक्य आदिलाई सम्बद्ध तुल्याउन निर्देशक कोटिहरुको प्रयोग गर्ने कार्यलाई सङ्कथन निर्देशनका रुपमा परिभाषित गर्दै सङ्कथनमा अगाडि प्रयोग भइसकेका एकाइलाई निर्देश गर्ने पूर्वसन्दर्भक, पछाडि प्रयोग हुने एकाइलाई निर्देश गर्ने पश्चसन्दर्भक र अगाडि वा पछाडि निर्देश नगरी आफैँलाई बुझाउने निर्देशक कोटिलाई स्वसन्दर्भक भनी उल्लेख गरेका छन् ।

गौतम (२०६४) द्वारा **‘चिलाउने चौरमा पलाएको मृगतृष्णा’ निबन्धको सङ्कथन विश्लेषण** शीर्षक शोधपत्रमा सम्बद्धक र सम्बद्धनका आधारमा सङ्कथन विश्लेषण गरिएको छ । यस अध्ययनको समस्याका रुपमा सङ्कथन विश्लेषणको सैद्धान्तिक आधार के हो र निर्धारित पाठ सम्बद्धक र सम्बद्धनका दृष्टिले के कस्तो रहेको छ ? भन्ने रहेको छ । यस अध्ययनको उद्देश्य सङ्कथन विश्लेषणको सैद्धान्तिक परिचय दिनु, निर्धारित पाठलाई सम्बद्धक र सम्बद्धनका दृष्टिले विश्लेषण गर्नु र सम्बद्धक र सम्बद्धनको उपयुक्तता प्रस्तुत गर्नु समेत रहेको छ । उनले »लिडे र हसन (ई.स. १९७६) को ‘कोहिजन’ र ‘कोहिरेन्स’ सम्बन्धी धारणा वा मान्यतामा आधारित रही प्रस्तुत शोधकार्य सम्पन्न गरेका छन् । समग्रमा सम्बद्धक र सम्बद्धनका प्रयोगका दृष्टिले प्रस्तुत निबन्ध सुगठित र उपयुक्त रहेको निष्कर्ष यस अध्ययनमा प्रस्तुत गरिएको छ ।

जैसी (२०६४) द्वारा **‘तीन घुम्ती’ शीर्षकको उपन्यासको सङ्कथन विश्लेषण** शीर्षकमा शोधकार्य सम्पन्न भएको छ । यस अध्ययनको मुख्य समस्याका रुपमा सङ्कथन विश्लेषणको सैद्धान्तिक आधार के हो र प्रस्तुत उपन्यासमा के कस्ता सम्बद्धकहरुको प्रयोग गरिएको छ ? भन्ने समस्यालाई अघि सारिएको छ । यसमा सङ्कथन विश्लेषणको सैद्धान्तिक आधार प्रस्तुत गर्नु र उपन्यासमा प्रयुक्त सम्बद्धकको पहिचान र विश्लेषण गर्नु मुख्य उद्देश्य रहेको छ । सङ्कथन विश्लेषणका मुख्य घटकहरु सम्बद्धक र सम्बद्धन भए तापनि सम्बद्धनका आधारमा विश्लेषण नगरी यसमा सङ्कथन विश्लेषणको सैद्धान्तिक आधार प्रस्तुत गर्दै सम्बद्धकको मात्र विश्लेषण गरिएको हुनाले यो सङ्कथन विश्लेषणका दृष्टिले त्रुटिपूर्ण देखिन्छ ।

ढकाल (२०६७) द्वारा **‘मधेसतिर’ कथाको सङ्कथन विश्लेषण** शीर्षकमा शोधकार्य सम्पन्न गरिएको छ । उक्त शोधपत्रमा समस्याका रुपमा सङ्कथन विश्लेषणको सैद्धान्तिक आधार के हो, प्रस्तुत कथामा के कस्ता सम्बद्धक र सम्बद्धनहरुको प्रयोग गरिएको छ र सम्बद्धक र सम्बद्धनको प्रयोगका दृष्टिले प्रस्तुत कथा के कस्तो रहेको छ ? भन्ने विषयलाई अघि सारिएको छ । प्रस्तुत शोधमा सङ्कथन विश्लेषणको सैद्धान्तिक आधार प्रस्तुत गरी सम्बद्धक र सम्बद्धनका दृष्टिले निर्धारित पाठलाई विश्लेषण गरिएको छ । उक्त अध्ययनमा सङ्ख्यात्मक दृष्टिले सबैभन्दा बढी पुनरावृत्ति सम्बद्धक र सबैभन्दा कम समावेशात्मकता र सन्निधान सम्बद्धकको प्रयोग भएको निष्कर्ष निकालिएको छ ।

बस्नेत (२०६७) द्वारा **कक्षा ९ को अनिवार्य नेपाली पाठ्यपुस्तकमा रहेका कथाको सङ्कथनपरक विश्लेषण** शीर्षकको शोधपत्रमा ‘भविष्यनिर्माण’ र ‘खड्गबहादुर’ गरी दुईवटा कथाको सङ्कथन विश्लेषण गरिएको छ । यस शोधपत्रमा मुख्य समस्याका रुपमा निर्धारित दुवै कथाका पाठभित्र के कस्ता सम्बद्धक र सम्बद्धनको प्रयोग गरिएको छ ? भन्ने कुरालाई केन्द्रमा राखेर अध्ययन गरिएको देखिन्छ । यस अध्ययनको मुख्य उद्देश्य प्रस्तुत कथाहरुमा प्रयुक्त सम्बद्धक र सम्बद्धन पत्ता लगाई तिनीहरुको विश्लेषण गर्नु रहेको छ । उक्त शोधमा प्राथमिक र द्वितीयक स्रोतबाट सामग्री सङ्कलन गरी व्याख्यात्मक र विश्लेषणात्मक प्रक्रियाद्वारा शोधकार्य सम्पन्न गरिएको छ । यस शोधमा सम्बद्धकका एघार र सम्बद्धनका तेईस भेद रहेको निष्कर्ष समेत निकालिएको छ ।

घिमिरे (२०७१) द्वारा ‘**जयभोलि’ निबन्धको सङ्कथन विश्लेषण** शीर्षकमा शोधकार्य सम्पन्न गरिएको छ । यसअध्ययनका समस्याका रुपमा सङ्कथन विश्लेषणको आधार के हो, प्रस्तुत निबन्धमा के कस्ता सम्बद्धक र सम्बद्धनको प्रयोग गरिएको छ र यसमा प्रयुक्त सम्बद्धक र सम्बद्धनको उपयुक्तता के कस्तो छ ? जस्ता समस्यालाई अघि सारिएको छ । पुस्तकालयीय स्रोत र विभिन्न अनुसन्धानात्मक शोधपत्रबाट सामग्री सङ्कलन गरी यस अध्ययनमा सङ्कथन विश्लेषणको सैद्धान्तिक आधार तयार पारेर प्रस्तुत निबन्धमा प्रयुक्त सम्बद्धक र सम्बद्धनहरुको पहिचान र विश्लेषण गरिएको छ । यस अध्ययनमा सम्बद्धक र सम्बद्धनका दृष्टिले प्रस्तुत निबन्ध अन्वितिपूर्ण र उपयुक्त रहेको निष्कर्ष निकालिएको छ ।

भण्डारी (२०७३) द्वारा ‘**अछुत जातिलाई टीका लगाउँदा’ निबन्धको सङ्कथन विश्लेषण** शीर्षकमा शोधकार्य सम्पन्न गरिएको छ । यस अध्ययनका समस्याका रुपमा सङ्कथन विश्लेषणको आधार के हो, प्रस्तुत निबन्धमा के कस्ता सम्बद्धक र सम्बद्धनको प्रयोग गरिएको छ र यसमा प्रयुक्त सम्बद्धक र सम्बद्धनको उपयुक्तता के कस्तो छ ? जस्ता समस्यालाई अघि सारिएको छ । उक्त अध्ययनका उद्देश्यहरुमा (क) सङ्कथन विश्लेषणको सैद्धान्तिक आधार तयार पार्नु, (ख) अछुत जातिलाई टीका लगाउँदा निबन्धमा प्रयुक्त सम्बद्धकहरुको पहिचान र विश्लेषण गर्नु, (ग) प्रस्तुत निबन्धमा प्रयुक्त सम्बद्धनहरुको पहिचान र विश्लेषण गर्नु, (घ) सम्बद्धक र सम्बद्धनका दृष्टिले प्रस्तुत निबन्धको उपयुक्तता केलाउनु रहेका छन् । यसमा प्रस्तुत निबन्ध सामान्य पाठकले पनि बुÜन सक्ने सरल र

भावका दृष्टिले गहन रहेको तथा सम्बद्धक र सम्बद्धनका प्रयोगका दृष्टिले पनि अन्वितिपूर्ण र उपयुक्त रहेको कुरा पुस्तकालयीय स्रोतलाई उपयोग गरी निष्कर्ष निकालिएको छ ।

घिमिरे (२०७४) द्वारा '**सपरिवार छोराले देश छोडेको रात' मनोवादको सङ्कथन विश्लेषण** शीर्षकमा शोधकार्य सम्पन्न गरिएको छ । यस अध्ययनका समस्याका रुपमा सङ्कथन विश्लेषणको आधारका सापेक्षतामा पुस्तकालयीय विधिबाट प्राप्त सामग्री स्रोतलाई अध्ययन गरी प्रस्तुत मनोवादमा के कस्ता सम्बद्धक र सम्बद्धनको प्रयोग गरिएको छ र यसमा प्रयुक्त सम्बद्धक र सम्बद्धनको उपयुक्तता के कस्तो छ ? जस्ता समस्यालाई अघि सारिएको छ । प्रस्तुत शोधकार्यका उद्देश्यहरुमा - क) 'सपरिवार छोराले देश छोडेको रात' मनोवादमा प्रयुक्त सम्बद्धकहरुको पहिचान र विश्लेषण गर्नु, (ख) उक्त मनोवादमा प्रयुक्त सम्बद्धन पहिचान र विश्लेषण गर्नु र (ग) मनोवादमा प्रयुक्त सम्बद्धक र सम्बद्धनहरुको उपयुक्तता केलाउनु रहेका छन् । पुस्तकहरुका साथै अग्रज अनुसन्धाताहरुका शोधलाई नै मुख्य सामग्रीका रुपमा प्रयोग गरिएको यस अध्ययनबाट सम्बद्धक र सम्बद्धनका दृष्टिले प्रस्तुत मनोवाद अर्थपूर्ण र उपयुक्त रहेको निष्कर्ष निकालिएको छ ।

भट्टराई (२०७५) द्वारा '**माउजङ बाबुसाहेबको कोट' कथाको सङ्कथन विश्लेषण** शीर्षकमा शोधकार्य सम्पन्न भएको छ । शोध प्रक्रियाका रुपमा सैद्धान्तिक लेख, विभिन्न पुस्तक तथा समालोचनात्मक ग्रन्थबाट सामग्री सङ्कलन गरी मुख्य रुपमा अध्ययन गरिएको प्रस्तुत शोधकार्यमा प्रमुख समस्याका रुपमा 'माउजङ बाबुसाहेबको कोट' कथामा के कस्ता सम्बद्धक र सम्बद्धनहरुको प्रयोग गरिएको छ ? भन्ने विषयलाई अघि सारिएको छ । यस अध्ययनमा 'माउजङ बाबुसाहेबको कोट' कथामा प्रयुक्त सम्बद्धक र सम्बद्धनहरुको पहिचान र विश्लेषण गर्नु मुख्य उद्देश्य रहेको देखिन्छ । समग्रमा प्रस्तुत कथा सङ्कथन विश्लेषणको अध्ययन तथा सङ्कथन र यसका युक्तिहरु सम्बद्धक र सम्बद्धनका आधारमा अर्थपूर्ण, पठनयोग्य, बोधगम्य, अन्वितिपूर्ण रहेको निष्कर्ष निकालिएको छ ।

यसरी सङ्कथन विश्लेषणका क्षेत्रमा विभिन्न विधा अन्तर्गत रहेर शोधार्थीहरुले अध्ययन गरेको देखिन्छ । यति हुँदाहुँदै पनि नेपाली साहित्यमा लेखिएका प्रशस्त साहित्यका विधाहरुमा पर्याप्त रुपमा सङ्कथन विश्लेषण सम्बन्धी अध्ययन हुन सकेको छैन । राष्ट्रिय स्तरमा रहेका र नाम चलेका लेखकहरुका कृतिमा अध्ययन अनुसन्धान भए पनि मोफसलमा

रहेर उत्कृष्ट साहित्य सिर्जना गर्ने सर्जकहरुका धेरै कृतिहरु अध्ययनबाट ओझेलमा पर्ने गरेको देखिन्छ । यसै परिप्रेक्ष्यमा मोफसलका ओझेलमा परेका तर उत्कृष्ट रचना नेपाली साहित्यलाई दिन सफल कथाकार चन्द्रमणि अधिकारीको 'कोक्रो' कथामा प्रयुक्त सम्बद्धक र सम्बद्धनको विश्लेषण गरी उपयुक्तता केलाइने भएकाले यस क्षेत्रमा अध्ययन र अनुसन्धान गर्ने अध्येताहरुलाई समेत सहयोग पुग्ने अपेक्षा गरिएको छ ।

## २.२ पूर्वकार्यको उपयोगिता

प्रस्तुत शीर्षकमा सङ्कथन विश्लेषण गर्न भोजराज ढुङ्गेल, दुर्गाप्रसाद दाहालको 'प्रायोगिक भाषाविज्ञान', यादवप्रकाश लामिछानेको 'प्रायोगिक भाषाविज्ञान', रामप्रसाद गौतमको 'प्रायोगिक भाषाविज्ञानका प्रमुख आयाम', टङ्कप्रसाद न्यौपाने, पारसमणि भण्डारी, दीपक न्यौपाने, तुल्सीराम घिमिरेको 'सामान्य भाषाविज्ञान', विद्यादेवी भण्डारी (२०७३) को 'अछुत जातिलाई टीका लगाउँदा' निबन्धको सङ्कथन विश्लेषण, विकास घिमिरे (२०७४) को 'सपरिवार छोराले देश छोडेको रात' मनोवादको सङ्कथन विश्लेषण, पोषराज भट्टराई (२०७५) को 'माउजङ बाबुसाहेबको कोट' कथाको सङ्कथन विश्लेषण शीर्षकमा गरिएका शोधपत्रहरुलाई आधार मानेर यो शोधकार्य अघि बढाइएको छ । यी शोधपत्रहरुमा सङ्कथन विश्लेषणको सैद्धान्तिक आधार तयार पारी सम्बद्धक र सम्बद्धनहरु पत्ता लगाई तिनको विश्लेषण गरी अन्विति र उपयुक्तता केलाइएको छ । अन्य क्षेत्रमा भन्दा सङ्कथन विश्लेषणका क्षेत्रमा अध्ययन, अनुसन्धान पर्याप्त मात्रामा भएको देखिँदैन । तसर्थ चन्द्रमणि अधिकारीको 'कोक्रो' कथामा प्रयोग भएका सम्बद्धक र सम्बद्धनहरु पत्ता लगाई तिनको विश्लेषण समेत गरी उपयुक्तता स्पष्ट पार्ने प्रयास यस शोधमा गरिएको छ । माथिका पूर्वकार्यहरुले यस शोधपत्रहरुको प्रारुप निर्माण, सामग्री सङ्कलन र विश्लेषणका लागि आधार प्रदान गरेका छन् ।

## २.३ सैद्धान्तिक संरचना

### २.३.१ सङ्कथनको परिचय

सङ्कथन विशेषतः कथ्य भाषाको यस्तो शृङ्खला हो, जुन प्रायः वाक्य भन्दा ठूलो हुन्छ । यसलाई खास गरी दुई वक्ताहरु अर्थात् लेखक र पाठक बीचको अन्तर्क्रियाका रुपमा लिइन्छ (ढुङ्गेल र अन्य, २०७४ : २३६) । यो पूर्ण एवम् सिङ्गो अभिव्यक्ति हो । सङ्कथन अन्तर्गत वाक्यहरुको सिलसिलाबद्ध प्रस्तुतीकरण पर्न आउँछ । यो एक वाक्यदेखि अनेक वाक्यसम्म विस्तारित भएको हुन्छ ।

सङ्कथनको विकास कथ्य अभिव्यक्तिबाट भएको मानिन्छ । सुरूमा सङ्कथनले सम्भाषण र अन्तर्वार्ताहरुलाई मात्र बुझाउँथ्यो, पछि विस्तारै लेख्य अभिव्यक्तिलाई पनि

बुझाउन थाल्यो । हाल आएर कथ्य र लेख्य दुवै प्रकारका अभिव्यक्तिलाई सङ्कथन अन्तर्गत राखेर अध्ययन गरिएको पाइन्छ ।

यसरी सङ्कथन भनेको वाक्यभन्दा माथिल्लो एकाइ जसले वाक्यभन्दा माथिको भाषिक प्रयोग विस्तारलाई बुझाउँछ । वाक्य, प्रकरण, अनुच्छेद, परिच्छेद जस्ता एकाइहरु सङ्कथनका संरचक तŒवहरु हुन् । सङ्कथनमा विभिन्न किसिमका उक्तिहरु रहेका हुन्छन् । ती उक्तिहरुलाई अन्वितिपूर्ण बनाउन सङ्कथनमा सम्बद्धक र सम्बद्धनको विशेष भूमिका रहन्छ । वाक्य वा वाक्यभन्दा माथिल्लो भाषिक एकाइहरुका बीच अन्तर्सम्बन्ध जनाउन आउने सार्वनामिक, कालिक, दैशिक आदि भाषिक तŒवलाई सम्बद्धक भनिन्छ । यो वाक्यहरुका बीच शृङ्खला वा अन्विति जनाउन आउने एक किसिमको युक्ति हो । अभिव्यक्तिको वैचारिक सिलसिलालाई सम्बद्धन भनिन्छ । यसलाई अनुक्रममा आएका कथनहरु भन्न सकिन्छ । यसरी वाक्यभन्दा उपल्लो सम्बद्धक र सम्बद्धनयुक्त पूर्ण र सिङ्गो अभिव्यक्तिलाई सङ्कथन भनिन्छ ( न्यौपाने र अन्य, २०६७ : १४५) ।

### २.३.२ सङ्कथनका तŒवहरु

सङ्कथनलाई पूर्ण बनाउने यसमा रहेका विभिन्न पक्षहरुलाई नै सङ्कथनका तŒवहरु भनिन्छ । सङ्कथनलाई सिङ्गोरुप प्रदान गर्न सङ्कथनका तŒवहरुले विशेष भूमिका खेलेका हुन्छन् । सङ्कथनका तŒवहरुलाई निम्नानुसार प्रस्तुत गरिन्छ :

**क) प्रस्तोता**

सङ्कथनलाई अभिव्यक्त गर्ने व्यक्ति नै प्रस्तोता हो । प्रस्तोताले सङ्कथनमा विशेष भूमिका खेलेको हुन्छ । वक्तालाई कथ्य सङ्कथनको प्रस्तोता मानिन्छ भने लेखकलाई लेख्य सङ्कथनको प्रस्तोता मानिन्छ । प्रस्तोताले स्रोता वा पाठकका प्रतिक्रिया अनुसार आफ्नो अभिव्यक्तिलाई नयाँ रुपले प्रस्तुत गर्दछन् ।

**ख) प्रापक/बोद्धा**

प्रस्तोताद्वारा अभिव्यक्त सूचनाको ग्रहण गर्ने व्यक्ति बोद्धा वा प्रापक हो । यो सङ्कथनको अर्को महŒवपूर्ण तŒव हो । कथ्य सङ्कथनमा बोद्धा स्रोताका रुपमा रहन्छ भने लेख्य सङ्कथनमा पाठकका रुपमा रहन्छ । कथ्य सङ्कथनमा प्रस्तोता र बोद्धा दोहोरो

रुपमा रहन सक्दछन् । संवाद वा प्रश्नोत्तरको अवस्था सिर्जना भएमा वक्ता स्रोता बन्ने र स्रोता वक्ता बन्ने स्थिति रहन्छ ।

**ग) माध्यम**

सङ्कथनको अभिव्यक्ति प्रस्तुत गर्ने तरिका माध्यम हो । माध्यमबाट नै प्रस्तोता र बोद्धाका बीचमा सम्पर्क स्थापित गर्न सकिन्छ । कथ्य र लेख्य माध्यमबाट सङ्कथन सम्प्रसारित गर्न सकिन्छ । विभिन्न सञ्चार माध्यम, चिठीपत्र लगायत सङ्केत चिह्न पनि सङ्कथनका  माध्यमका रुपमा प्रयोग हुन्छन् ।

**घ) सूचना**

सङ्कथन कस्तो रहेको छ भन्ने कुरा सूचनाको स्वरुपमा निर्भर हुन्छ । यसले सङ्कथनमा विविधता देखापर्दछ । सङ्कथनमा कुराकानी, गफ, छलफल, वादविवाद, वर्णन, चिठी, विज्ञापन, ठट्टा आदिमा एकै किसिमका विषयवस्तुलाई पनि फरक-फरक तरिकाले व्यक्त गर्न सकिन्छ । त्यस्तै दृष्टिविन्दुगत भिन्नता पनि सूचनाको स्वरुपमा आएको हुन्छ । यिनले विषयवस्तुको सङ्गठनमा सरलता-जटिलता, सघनता-शिथिलताको समेत स्थिति देख्न सकिन्छ ।

**ङ) विषय**

सङ्कथनमा प्रयुक्त मूल कथ्य नै यसको विषय हो । विषय घटनाप्रधान, वस्तुप्रधान वा व्यक्तिप्रधान हुन सक्छन् । यसलाई सङ्कथनको अभिप्राय वा केन्द्रीय अभिव्यक्तिका रुपमा समेत उल्लेख गरिएको पाइन्छ । विषयले सङ्कथनको स्वरुपमा विविधता ल्याउने भएकाले यसलाई महŒवपूर्ण तŒवका रुपमा मानिन्छ ।

**च) कोड /भाषिक सङ्केत**

सङ्कथनमा विभिन्न भाषिक चिह्न र सङ्केतहरु रहेका हुन्छन् । यिनैलाई कोड भनिन्छ । कोडको छनौटबाट पनि सङ्कथनमा विविधता आएको पाइन्छ । मानक र अमानक कोड, प्राविधिक र पारिभाषिक कोड आदि सङ्कथनमा प्रयुक्त भएका हुन्छन् ।

**छ) परिवेश**

सङ्कथन कुन समय, काल, स्थानसँग सम्बन्धित छ ; त्यसले पनि अभिव्यक्ति प्रभावित भएको हुन्छ । परिवेश भौतिक र मानसिक दुवै हुन सक्छन् । कुनै गाउँ, शहरको परिवेश, प्राचीनकाल, मध्यकाल, आधुनिककाल आदि स्थान र समय जनाउने परिवेश हुन् । त्यस्तै सामाजिक, सांस्कृतिक, राजनीतिक, आर्थिक आदि परिवेशले पनि अभिव्यक्तिलाई

प्रभाव पार्दछ । अतः परिवेश पनि सङ्कथनको एक महŒवपूर्ण तŒवका रुपमा रहेको हुन्छ ।

### २.३.३ सङ्कथन विश्लेषणका पद्धतिहरु

कुनै पनि पाठको विश्लेषणका क्रममा पाठको विश्लेषण कहाँबाट आरम्भ गर्ने र कसरी विश्लेषण गर्ने भनी निश्चित पद्धति वा तरिका अवलम्बन गर्नु पर्दछ । सङ्कथन विश्लेषणका क्रममा भाषिक र अर्थगत संरचनाहरुको खोजी गरी सङ्कथनमा प्रयुक्त घटनाको बाह्य संरचना र तिनको आन्तरिक अर्थ सम्बन्धको खोजी र विश्लेषण गरिन्छ । सङ्कथन विश्लेषणका मुख्यतः तीनवटा पद्धतिहरु विकसित भएका छन् । हालसम्म विकसित भएका सङ्कथन विश्लेषणका पद्धतिहरुलाई निम्नानुसार उल्लेख गर्न सकिन्छ :

**क) ऊर्ध्वगमन पद्धति**

सङ्कथन विश्लेषणका क्रममा वाक्य हुँदै पाठतर्फ जाने अध्ययन पद्धतिलाई ऊर्ध्वगमन पद्धति भनिन्छ । अर्थात् साना भाषिक एकाइबाट क्रमशः माथितिर जाने पद्धतिलाई ऊर्ध्वगमन पद्धति भनिन्छ । यस पद्धतिमा सर्वप्रथम भाषिक एकाइको पहिचान गरी विश्लेषण गरिन्छ । त्यसपछि क्रमशः माथिल्ला भाषिक एकाइको खोजी गरी अध्ययन र विश्लेषण गरिन्छ । पाठमा रहेका अर्थयुक्त पददेखि वाक्य, अनुच्छेद, परिच्छेद हुँदै समग्र पाठको अध्ययन र विश्लेषण गरिन्छ । यसरी सानो भाषिक एकाइको विश्लेषण गर्दै ठूलो एकाइको खोजी र विश्लेषणतर्फ केन्द्रित हुने पद्धति नै ऊर्ध्वगमन पद्धति हो ।

**ख) अधोगमन पद्धति**

सङ्कथन विश्लेषणका क्रममा माथिल्लो भाषिक संरचनाबाट क्रमशः तल्ला भाषिक एकाइतर्फ केन्द्रित रहने पद्धतिलाई अधोगमन पद्धति भनिन्छ । यस पद्धतिमा सर्वप्रथम ठूला भाषिक एकाइहरुको विश्लेषण गरिन्छ । त्यसपछि क्रमशः साना भाषिक एकाइतर्फ अध्ययन र विश्लेषण गरिन्छ । यसमा क्रमशः पाठ, परिच्छेद, अनुच्छेद, वाक्य हुँदै अध्ययन गरिन्छ ।

**ग) अन्तर्क्रियात्मक/ मिश्रित पद्धति**

ऊर्ध्वगमन पद्धति र अधोगमन पद्धतिका कतिपय कमीकमजोरीका कारण पाठको विश्लेषणका क्रममा समस्या उत्पन्न भएपछि अन्तर्क्रियात्मक पद्धतिको विकास भएको हो । यो ऊर्ध्वगमन र अधोगमन पद्धतिको मिश्रित रुप भएकाले यसलाई मिश्रित पद्धति पनि

भनिन्छ । यसमा ऊर्ध्वगमन र अधोगमनका आधारमा नभई आवश्यकताको सिद्धान्तका आधारमा पाठको विश्लेषण गरिन्छ । यस पद्धतिमा एकतहमा भएका कमीकमजोरीलाई अर्को तहमा पूरा गर्न सकिन्छ । यसले आवश्यकता अनुसार पाठको विश्लेषण जुनसुकै एकाइबाट गर्दछ । तलबाट माथितिर वा माथिबाट तलतिर विश्लेषण गरिन्छ । यो पद्धति सङ्कथन विश्लेषणका अन्य पद्धतिभन्दा बढी उपयोगी रहेको देखिन्छ ।

यसरी प्रस्तुत अध्ययन ‘कोक्रो’ कथाको व्याख्या विश्लेषण गर्ने क्रममा पुस्तकालयीय स्रोतबाट सामग्रीहरु सङ्कलन गरिएको छ । उक्त सामग्रीहरुको अध्ययन गरी सम्बद्धक र सम्बद्धनका आधारमा कथा के कस्तो छ ? त्यसको निष्कर्षमा पुगिएको छ ।

### २.३.४ सङ्कथनका युक्तिहरु

सङ्कथनलाई बाह्य र आन्तरिक रुपमा व्यवस्थित, क्रमबद्ध, अन्वितिपूर्ण र अर्थपूर्ण बनाई सम्प्रेषणीय बनाउने तŒवहरु नै सङ्कथनका युक्तिहरु हुन् । पाठ निर्माणका लागि बाह्य भाषिक घटक सम्बद्धक हो । पाठ निर्माणका लागि आवश्यक पर्ने आन्तरिक भाषिक घटकलाई सम्बद्धन भनिन्छ । सङ्कथनका युक्तिहरुलाई यसप्रकार उल्लेख गर्न सकिन्छ :

#### २.३.४.१ सम्बद्धक

सम्बद्धक भन्ने शब्दको अर्थ आपसमा जुटेर रहनु वा टाँसिएर रहनु हो (ढुङ्गेल र अन्य, २०७४ : २५०) । यसलाई अर्को शब्दमा संसक्ति पनि भनिन्छ । सम्बद्धकले वाक्यभित्र वा वाक्यका बीचमा शृङ्खला बनाउँदछ । पाठभित्र रहेका भाषिक एकाइलाई एकआपसमा जोड्ने सङ्गठित बनाउने, छोट्याउने, विस्तार गर्ने, कारण कार्य वा कार्य कारण शृङ्खलामा उन्ने काम गर्दछ । त्यसैगरी सम्बद्धकले भाषिक एकाइको पुनरावृत्तिलाई कम गरी सङ्कथनलाई व्यवस्थित बनाउँछ । यसलाई भाषिक जोर्नी वा जोडकका रुपमा समेत लिन सकिन्छ । यो एकप्रकारको भाषिक अन्वयक हो । वाक्यभन्दा माथिल्ला भाषिक एकाइका बीच अन्तर्सम्बन्ध जनाउन आउने सार्वनामिक, कालिक, दैशिक आदि भाषिक तŒवलाई सम्बद्धकका रुपमा लिइन्छ (अधिकारी, २०६७ : २५२) । कुनै सङ्कथनभित्रको वाक्यहरुमा वा वाक्यांशहरु बीचको सम्बन्ध देखाउने रुपगत संयोजकलाई सम्बद्धक भनिन्छ (गौतम, २०६१ : १३) । ह्यालिडियन सिद्धान्तको अवधारणा अनुसार सम्बद्धक बोली वा पाठको त्यस्तो सतही संरचनाहरुको विशिष्टताहरुसँग सम्बन्ध राख्दछ जसले वाक्यहरुका भिन्नाभिन्नै

अङ्गहरु वा त्यसभन्दा ठूला एकाइहरुलाई सङ्कथनमा जोड्ने काम गर्दछ । यसलाई व्याकरणिक र कोशीय गरी दुई भागमा वर्गीकरण गरी अध्ययन गर्न सकिन्छ :

**क) व्याकरणिक सम्बद्धक**

व्याकरणिक कार्यसँग सम्बन्ध राख्ने सम्बद्धकलाई व्याकरणिक सम्बद्धक भनिन्छ । सङ्कथनमा वाक्यात्मक सीमाभित्र रही व्याकरणात्मक सम्बन्ध जनाउने सम्बद्धक व्याकरणिक सम्बद्धक हुन् । निर्देशक कोटि, सर्वनाम, संयोजकजस्ता अशाब्दिक वा कोशीय अर्थ नभएका एकाइहरुले व्याकरणात्मक प्रकार्य पूरा गरेका हुन्छन् (न्यौपाने, २०७४ : २३) । त्यस्ता सम्बद्धकहरु खास सन्दर्भमा प्रयोग भई सन्दर्भगत अर्थ प्रदान गर्दछन् । त्यस्ता व्याकरणिक सम्बद्धकहरु निम्नानुसार छन् :

**अ) सार्वनामिक सम्बद्धक**

पाठको निर्माणमा प्रयुक्त सर्वनाम शब्द नै सार्वनामिक सम्बद्धक हुन् । सार्वनामिक सम्बद्धक सर्वनामसँग सम्बन्धित रहेका हुन्छन् । सार्वनामिक सम्बद्धकले नामको वा भाषिक घटकको अनावश्यक पुनरावृत्ति हुनबाट जोगाउँछ । यसको आफ्नो निजी अर्थ हुँदैन तर वाक्यको प्रसङ्गअनुसार यिनी अर्थपूर्ण भएर आएका हुन्छन् । यस्ता सम्बद्धक पाठमा वाक्यान्तरित र अन्तर्वाक्यीय दुवै रुपमा आउन सक्छन् ।

सार्वनामिक सम्बद्धक कहिले अग्रसन्दर्भक र कहिले पश्चसन्दर्भकका रुपमा पाठमा प्रयुक्त हुन्छ । पाठमा अगाडि प्रयोग भइसकेका भाषिक एकाइलाई सङ्केत गर्ने सर्वनाम अग्रसन्दर्भक हुन् भने पाठको पछाडि प्रयोग हुने भाषिक एकाइलाई सङ्केत गर्ने सर्वनाम पश्चसन्दर्भक हुन् । सुरूमा विशिष्ट शब्द दिएर पछि सामान्य शब्दको प्रयोग गरिएको छ भने त्यहाँ अग्रसन्दर्भक हुन्छ । पहिला सामान्य शब्द दिएर पछि विशिष्ट शब्दको प्रयोग भएमा पश्चसन्दर्भक हुन्छ । सार्वनामिक सन्दर्भकहरु सर्वनामका विभिन्न प्रकारसँगै पुरूषवाचक, सम्बन्धवाचक, प्रश्नवाचक, अनिश्चयवाचक, पारस्परिक जस्ता विभिन्न रुप पाइन्छन् ।

**आ) स्थानिक सम्बद्धक**

सङ्कथनमा प्रयुक्त स्थान र परिवेशलाई बुझाउने सम्बद्धक नै स्थानिक सम्बद्धक हो । यसले कहाँ र कता हो भन्ने सन्दर्भलाई सङ्केत गर्दछ । स्थान र परिवेश बुझाउने यहाँ, त्यहाँ, यता, उता, तल, माथि, अगाडि, पछाडि, भित्र, बाहिर, घरमा, क्याम्पसमा, धरानमा, देशमा, विदेशमा, जङ्गलमा आदि स्थानिक सम्बद्धक हुन् । यस्ता सम्बद्धकले पाठलाई परस्परमा जोडेका हुन्छन् ।

### इ) कालिक सम्बद्धक

सङ्कथनमा कुनै घटना, क्रियाव्यापार वा कार्यको समय बुझाउन प्रयोग भएका सम्बद्धक नै कालिक सम्बद्धक हुन् । यो समयसँग सम्बन्धित हुन्छ । यसमा नामयोगी र क्रियायोगीहरु आउने गर्दछन् । हिजो, आज, भोलि, भरे, पोहोर, अस्ति, परार, साँझ, बिहान, बेलुका, अपराह्न, २०७६, २००७, पहिले आदि कालिक सम्बद्धक हुन् । त्यसैगरी नजिक, भित्र, तिर, अघि, पछि, भर, तक, सम्म, उता, बीच जस्ता नामयोगी र क्रियायोगी स्थानिक र कालिक दुवै सम्बद्धकका रुपमा प्रयोग हुन्छन् ।

### ई) संयोजन

दुई वा सोभन्दा बढी शब्द, पद, पदावली, उपवाक्य वा वाक्यमा जोड्ने भाषिक जोर्नीलाई संयोजन भनिन्छ । यसले भाषिक एकाइलाई परस्परमा जोड्ने काम गर्दछ । संयोजनलाई कालवाचकता, स्थानवाचकता, व्यतिरेकीवाचकता, विकल्पवाचकता, विरोधसूचकता, परिणामवाचकता, समानाधीकरणसूचकता, कारणवाचकता, प्रयोजनवाचकता, सम्बन्धवाचकता आदिमा वर्गीकरण गरिएको पाइन्छ । नेपालीभाषाका पाठमा नेपाली भाषामा प्रचलनमा रहेका र, अनि, वा, एवम्, अर्थात्, पनि, तापनि, किनभने, यसकारण जस्ता सापेक्ष र निरपेक्ष संयोजक प्रयोग भएका हुन्छन् ।

### उ) प्रतिस्थापन

पाठमा अघिल्लो वाक्यमा प्रयोग भएका पद, पदावली, उपवाक्यलाई जनाउन पछिल्लो वाक्यमा तिनका सट्टामा अरु नै पदको प्रयोग हुनु प्रतिस्थापन हो । प्रतिस्थापनले अभिव्यक्तिमा विविधता ल्याउन एउटै भाषिक एकाइको पटकपटक हुने आवृत्तिबाट जोगाउन, लामा लामा पदावली तथा उपवाक्यका सट्टा एउटै पदले काम चलाई अभिव्यक्तिलाई छिटो छरितो बनाउन सहयोग पुऱ्याउँछ । प्रतिस्थापन अन्तर्गत नामिक प्रतिस्थापन, क्रियाको प्रतिस्थापन र उपवाक्यको प्रतिस्थापन रहेका पाइन्छन् । यसले लामा र जटिल पदावलीलाई सरल पदले प्रतिस्थापन गर्न सहयोग पुऱ्याउँछ । अतः प्रतिस्थापनले पनि पाठमा भाषिक जोर्नीका रुपमा कार्य गरेको पाइन्छ ।

### ऊ) लोप

पुनरूक्त हुने पद, पदावली र वाक्य आदिलाई हटाउने प्रक्रिया लोप हो । पाठमा अभिव्यक्तकर्ताले अघिल्लो वाक्यमा प्रयोग भएका कुनै भाषिक एकाइको प्रयोग पछिल्लो

वाक्यमा नगरिए पनि उक्त भाषिक एकाइले बुझाउने अर्थ त्यसको सन्ददर्भ प्रसङ्गबाट खुल्न गएमा त्यहाँ लोपको स्थिति हुन्छ । लोपले पनि अभिव्यक्तिलाई सुगठित बनाउन सहयोग पुऱ्याएको हुन्छ । कुनै स्थितिमा लेखक र पाठक अथवा प्रस्तोता र बोद्धाको निकट स्थितिले गर्दा अथवा सम्बन्ध र सन्दर्भगत समानताले गर्दा लोपको स्थिति देखा पर्दछ । पाठभित्र नामिक पदको लोप, क्रियाको लोप, उपवाक्यको लोप, संयोजकको लोप आदि हुनसक्छन् । यी लोप पनि पूर्ण र आंशिक रुपमा देखिन सक्छन् । अगाडि कुनै वाक्यमा नभएका भाषिक एकाइ पछिल्ला वाक्यमा पनि नदेखिएको स्थितिमा पनि विशेष सन्दर्भले गर्दा अर्थबोध हुन गएमा त्यहाँ पूर्ण लोप हुन्छ भने अघिल्लो वाक्यमा आएका भाषिक एकाइ पछिल्ला वाक्यमा नदेखिएमा आंशिक लोप हुन्छ ।

**ख) कोशीय सम्बद्धक**

कोशीय सम्बद्धकलाई शाब्दिक सम्बद्धक पनि भनिन्छ । कोशीय शब्द भन्नाले खासगरी नाम, विशेषण र क्रियालाई चिनिन्छ । अनुकरणात्मक शब्दलाई पनि कोशीय शब्दभित्र नै राखेको पाइन्छ । कोशीय शब्द शब्दार्थका दृष्टिले सबल हुन्छन् । यिनको सङ्ख्या अनिश्चित हुन्छ । यस्ता कोशीय शब्द मुक्तवर्गका शब्द अन्तर्गत पर्दछन् । पाठमा यस्ता कोशीय शब्दलाई व्यवस्थित रुपले आपसमा मिलाएर राख्नाले कोशीय सम्बद्धकको सिर्जना हुन्छ । कोशीय सम्बद्धक निम्नलिखित रहेका छन् :

**अ) पुनरावृत्ति**

कुनै खास कुरामा जोड दिन पदहरु वा ढाँचाहरुको पटक-पटक हुने एकै किसिमको प्रयोग पुनरावृत्ति हो । सङ्कथनमा अघिल्लो वाक्यमा प्रयोग भएका भाषिक एकाइ पछिल्लो वाक्यमा पनि देखापरेमा त्यहाँ पुनरावृत्ति हुन्छ । अघिल्लो प्रसङ्ग र पछिल्लो प्रसङ्गलाई जोड्न पुनरावृत्तिले सहयोग पुऱ्याउँछ । सङ्कथनमा पद, पदावली, उपवाक्य र सिङ्गोवाक्यको समेत पुनरावृत्ति अन्र्तवाक्यीय र वाक्यान्तरिक दुवै रुपमा देखापर्दछ ।

**आ) पर्यायवाची**

एउटै अर्थ बुझाउने भिन्नै रुप भएका शब्द समूहलाई पर्यायवाची शब्द भनिन्छ । यसले सान्दर्भिक अर्थलाई प्रभावकारी बनाउँछ । सङ्कथनमा यिनले बिचारको शृङ्खला निर्माणमा सहयोग पुऱ्याउँछन् । कुनै शब्दको उस्तै अर्थ दिने शब्द भएको पूर्ण पर्याय र

आंशिक किसिमका अर्थ बुझाउने शब्द आंशिक पर्याय हुन् । सङ्कथनलाई शृङ्खलित अर्थपूर्ण र अन्वितिपूर्ण बनाउन यस्ता शब्दले सहयोग पुऱ्याउँछन् ।

### इ) विपरीतार्थी

पाठमा परस्पर विपरीत अर्थ दिने शब्दको पनि प्रयोग भएको हुन्छ । शब्दको उल्टो अर्थ दिने शब्दलाई विपरीतार्थी शब्द भनिन्छ । सङ्कथनमा यस्तो शब्दको प्रयोग कतिपय स्थानमा उपयुक्त तथा प्रभावकारी रहन्छ । विपरीतार्थी शब्द संरचना र अर्थका दृष्टिले भिन्न किसिमका हुन्छन् । विपरीतार्थी शब्द पनि तीन किसिमका हुन्छन् । यस्ता शब्दले सङ्कथनमा परस्पर जोर्नीको काम गरी अर्थगत अन्विति गराउने काम पनि गर्छन् ।

### ई) समावेशात्मकता

कुनै भाषिक रुपको अर्थ अर्को भाषिक रुपमा समावेश गरिन्छ भने त्यसलाई समावेशत्माकता भनिन्छ । धेरैवटा पद वा पदावलीको अर्थ एउटै पदमा समावेश हुनु समावेशात्मकता हो । समावेशात्मकता अन्तर्गत समावेशक र समावेशित गरी दुईवटा शब्द प्रचलनमा रहेको पाइन्छ । समावेशात्मकताले धेरैवटा पदलाई आफूसँग समावेश गर्न सक्छ भने एउटै साझा गुणसँग समावेश हुनसक्ने पदलाई समावेशित भनिन्छ । केटो, बुढी, लोग्ने, राम आदि एउटै मान्छे शब्दभित्र समावेश हुन्छन् । यसले पनि सङ्कथनमा जोडकको भूमिका निर्वाह गर्ने भएकालाई यसलाई सम्बद्धक मानिन्छ ।

### उ) सन्निधान

कुनै पद, पदावली वा वाक्य खास सन्दर्भ वा पद, पदावली वा वाक्यसँग मात्र आउन सक्छन् भने तिनलाई सन्निधान भनिन्छ । कुनै एउटा खास शब्दको अर्थ अर्को कुनै खास शब्दको साथमा मात्र आउन सक्छ तर त्यही शब्द अर्को कुनै शब्दसँग प्रयुक्त हुँदा नमिल्ने स्थितिलाई सन्निधान भनिन्छ । जस्तै : स्वास्नीमान्छे र पत्नी मान्छे । त्यसैले सन्निधानले दुई शब्दलाई जोड्ने हुनाले सङ्कथनमा सम्बद्धकको भूमिका निर्वाह गरेको पाइन्छ ।

### २.३.४.२ सम्बद्धन

वाक्यमा प्रयुक्त एउटा विचारलाई अर्को विचारले सङ्केत र निर्देश गरेको हुनु, विचारको सिलसिला मिल्नु वा विषयवस्तुको क्रमबद्धता रहनु नै सम्बद्धन हो । यसलाई कतै-कतै संयुक्ति समेत भनिएको पाइन्छ । सम्बद्धक सतही तहमा संयोजन गर्ने कार्यसँग सम्बन्धित रहेको हुन्छ भने सम्बद्धनले विषयवस्तुको भित्री तहमा संयोजन गर्ने कार्य गर्दछ । पाठमा रहेका भाषिक एकाइहरुका बीचको आर्थी सम्बन्धलाई नै सम्बद्धन मानिन्छ । सङ्कथनमा अन्तर्निहित विचार, भाव वा विषयवस्तुलाई आपसमा शृङ्खलित र अन्वितिपूर्ण

बनाई सम्प्रेषणीय बनाउने तŒव नै सम्बद्धन हो । सम्बद्धनले सङ्कथनलाई अर्थको विशृङ्खलता, भग्नता र प्रसङ्गहीनता हुनबाट जोगाउँछ । यसरी सम्बद्धनले सङ्कथनमा विभिन्न अर्थ सम्बन्धलाई समेटेको हुन्छ । सम्बद्धन हुनका लागि सम्बद्धक भए पनि हुन्छ वा नभए पनि हुन्छ । पाठ अर्थपूर्ण हुन सम्बद्धक नभए पनि हुन्छ तर सम्बद्धन भएन भने त्यो पाठ निरर्थक हुन्छ । सम्बद्धनले सङ्कथन अभिव्यक्तिको अर्थगत वा वैचारिक सिलसिलालाई जोडी पाठमा प्रयुक्त वैचारिक निरन्तरतालाई जनाउँदछ । यसरी सम्बद्धनले सङ्कथनमा रहेका विभिन्न अर्थ सम्बन्धलाई समेटेको हुन्छ । यस्ता अर्थ सम्बन्धलाई निम्नानुसार प्रस्तुत गर्न सकिन्छ :

**क) सामान्य विशिष्ट / विशिष्ट सामान्य सम्बन्ध**

सङ्कथनमा अघिल्लो वाक्य सामान्य र पछिल्लो वाक्य विशिष्ट भई प्रयुक्त भएको अवस्थालाई सामान्य विशिष्ट र पछिल्लो वाक्य सामान्य भएमा यी दुईबीचको सम्बन्धलाई विशिष्ट सामान्य सम्बन्ध भनिन्छ ।

**ख) कार्यकारण / कारणकार्य सम्बन्ध**

सङ्कथनमा प्रयुक्त अघिल्लो वाक्य कार्यस्वरुप र पछिल्लो वाक्य कारणस्वरुप आएमा यी वाक्यका बीचको सम्बन्धलाई कार्यकारण सम्बन्ध भनिन्छ । त्यस्तै सङ्कथनमा प्रयुक्त वाक्यमध्ये अघिल्लो वाक्य कारणका स्वरुपमा र पछिल्लो वाक्य कार्यका स्वरुपमा आएमा यी वाक्यका बीचको सम्बन्धलाई कारणकार्य सम्बन्ध भनिन्छ ।

**ग) प्रभाव र प्रतिफलको सम्बन्ध**

सङ्कथनमा प्रयुक्त भएको अघिल्लो भाषिक अभिव्यक्तिका प्रभावमा परेर त्यसको प्रतिफल स्वरुप पछिल्लो अभिव्यक्ति आएमा त्यसमा प्रभाव र प्रतिफलको सम्बन्ध भएको मानिन्छ ।

**घ) तुलनात्मक सम्बन्ध**

सङ्कथनमा प्रयुक्त वाक्यमा कुनै वस्तुको समानता, असमानता, उपयोगिता र अनुपयोगिता आदिको चर्चा गरिएको भए ती वाक्यका बीचको सम्बन्धलाई तुलनात्मक सम्बन्ध मानिन्छ ।

**ङ) अप्रत्यक्ष सम्बन्ध**

सङ्कथनमा प्रयुक्त वाक्यमा कुनै सम्बन्ध नरहेको जस्तो लागे पनि कुनै न कुनै रुपमा वा परोक्ष रुपमा ती वाक्यहरुका बीचमा सम्बन्धित हुँदै सहयोगात्मक भूमिका निर्वाह गर्दछन् भने ती वाक्यका बीचको सम्बन्धलाई अप्रत्यक्ष सम्बन्ध मानिन्छ ।

**च) आर्थी पर्यायको सम्बन्ध**

सङ्कथनमा प्रयुक्त वाक्यका बीचमा संरचनात्मक समानता नरहे पनि अर्थगत एकरुपता भएमा ती वाक्यका बीचको सम्बन्धलाई आर्थी पर्यायको सम्बन्ध मानिन्छ ।

**छ) आर्थी विपर्यायको सम्बन्ध**

सङ्कथनमा प्रयुक्त वाक्यका बीच परस्पर रुपमा विपरीत अर्थ रहेमा ती वाक्यका बीचको सम्बन्धलाई आर्थी विपर्यायको सम्बन्ध मानिन्छ ।

**ज) स्पष्टोक्ति सम्बन्ध**

सङ्कथनमा प्रयुक्त दुई वाक्यमध्ये अघिल्लो वाक्यका विषयको स्पष्टीकरणमा पछिल्लो वाक्य आएमा ती वाक्यका बीचको सम्बन्धलाई स्पष्टोक्ति सम्बन्ध भनिन्छ ।

**झ) परिवेश र घटनाको सम्बन्ध**

सङ्कथनमा प्रयुक्त वाक्यमध्ये अघिल्लो वाक्यमा परिवेश र पछिल्लो वाक्यमा घटित घटना प्रस्तुत भएका ती वाक्यका बीचको सम्बन्धलाई परिवेश र घटनाको सम्बन्ध मानिन्छ ।

**ञ) घटना र परिवेशको सम्बन्ध**

सङ्कथनमा प्रयुक्त वाक्यमध्ये अघिल्लो वाक्यमा घटना र पछिल्लो वाक्यमा घटित घटनाको परिवेश प्रस्तुत भएमा ती वाक्यका बीचको सम्बन्धलाई घटना र परिवेशको सम्बन्ध मानिन्छ ।

**ट) प्रयोजनको सम्बन्ध**

सङ्कथनमा प्रयुक्त वाक्यहरुमध्ये एउटा वाक्यमा घटना देखाएपछि अर्को वाक्यमा त्यस्तो हुनुको कारण वा प्रयोजन बताएमा यी वाक्यका बीचको सम्बन्धलाई प्रयोजनको

सम्बन्ध

मानिन्छ ।

**ठ) अनुमानको सम्बन्ध**

सङ्कथनमा प्रयुक्त वाक्यमध्ये अघिल्लो वाक्यसँग सम्बन्धित भएर पछिल्लो वाक्यमा अनुमान प्रकट गरियो भने ती वाक्यका बीचको सम्बन्धलाई अनुमानको सम्बन्ध मानिन्छ ।

**ड) परिचयात्मक सम्बन्ध**

सङ्कथनमा प्रयुक्त वाक्यमध्ये अघिल्ला वाक्यमा कुनै कुराको परिचय र पछिल्ला वाक्यमा त्यसका विशेषता वर्णन गरिएमा ती वाक्यका बीचको सम्बन्धलाई परिचयात्मक सम्बन्ध मानिन्छ ।

**ढ) समुच्चयबोधक सम्बन्ध**

सङ्कथनमा प्रयुक्त वाक्यहरुमध्ये कुनै दुई वाक्य समानान्तर अस्तिŒव वा हैसियतमा रहने र प्रयुक्त विषयको अर्थ दुवैले स्पष्ट पार्न सहयोग गर्ने वाक्यबीचको सम्बन्धलाई समुच्चयबोधक सम्बन्ध मानिन्छ ।

**ण) निहितार्थ सम्बन्ध**

सङ्कथनमा प्रयुक्त वाक्यहरुमध्ये अघिल्लोको अर्थ पछिल्लो वाक्यमा र पछिल्लोको अर्थ अघिल्लोमा समावेश भएमा ती वाक्यबीचको सम्बन्धलाई निहितार्थ सम्बन्ध मानिन्छ ।

**त) पुनरूक्ति सम्बन्ध**

सङ्कथनमा प्रयुक्त वाक्यहरुमध्ये कुनै एउटा वाक्यका घटक अर्को वाक्यमा दोहोरिएर अर्थ स्पष्ट पार्न सहयोग पुऱ्याएमा यी वाक्यका बीचको सम्बन्धलाई पुनरूक्ति सम्बन्ध मानिन्छ ।

**थ) रीतिबोधक सम्बन्ध**

सङ्कथनमा प्रयुक्त कार्य वा घटकको शैली बुझाउन प्रयोग हुने भाषिक घटकबीचको सम्बन्धलाई रीतिबोधक सम्बन्ध मानिन्छ । यसमा साहित्यक आलङ्कारिक किसिमको र कतिपय ठाउँमा अनुकरणात्मक एवम् टुक्काको समेत प्रयोग भएको पाइन्छ ।

**द) शीघ्रताबोधक सम्बन्ध**

सङ्कथनमा प्रयुक्त वाक्यहरुका बीचमा घटना वा कार्य तत्काल भएको सूचना प्राप्त भएमा ती वाक्यका बीचको सम्बन्धलाई शीघ्रताबोधक सम्बन्ध मानिन्छ ।

**ध) स्मरणको सम्बन्ध**

सङ्कथनमा प्रयुक्त वाक्यहरुमध्ये अघिल्लो घटनासँग सम्बन्धित भएर वर्तमानको सम्बन्ध र पछिल्लोमा विगतको सन्दर्भ भएमा ती वाक्यहरुबीचको सम्बन्धलाई स्मरणको सम्बन्ध
मानिन्छ ।

**न) अनुक्रमबोधक सम्बन्ध**

सङ्कथनमा प्रयुक्त वाक्यहरुका बीचमा कुनै घटना वा कार्यको तार्किक अनुक्रम देखाइएको छ भने ती वाक्यहरुका बीचको सम्बन्धलाई अनुक्रमबोधक सम्बन्ध मानिन्छ ।

**प) प्रश्नोत्तर**

सङ्कथनमा प्रयुक्त वाक्यहरुमध्ये अघिल्ला र पछिल्ला वाक्यहरुका बीचमा प्रश्न र उत्तरको क्रम र सिलसिला रहेमा ती वाक्यहरुका बीचमा रहेको सम्बन्धलाई प्रश्नोत्तर सम्बन्ध भनिन्छ ।

**फ) प्रश्नार्थक सम्बन्ध**

सङ्कथनमा प्रयुक्त वाक्यहरुमध्ये अघिल्लो र पछिल्लो दुवै वाक्य प्रश्नका रुपमा आएका छन् भने ती वाक्यहरुका बीचको सम्बन्धलाई प्रश्नार्थक सम्बन्धमा मानिन्छ ।

**ब) आज्ञार्थ सम्बन्ध**

सङ्कथनमा प्रयुक्तहरुमध्ये अघिल्लो वाक्यसँग सम्बन्धित भएर पछिल्लो वाक्यले आज्ञा वा अनुरोध बुझाउँछ भने ती वाक्यका बीचको सम्बन्धलाई आज्ञार्थ सम्बन्ध मानिन्छ ।

## अध्याय - तीन

## प्रक्रिया र विधि

### ३.१ अध्ययनको संरचना

प्रस्तुत अध्ययनमा 'कोक्रो' कथाको सङ्कथन विश्लेषण गरिएको छ । सङ्कथन विश्लेषणका युक्तिहरु सम्बद्धक र सम्बद्धनलाई आधार बनाएर अध्ययन विश्लेषण गरिएको छ । प्रस्तुत शोधपत्र सम्पन्न गर्नका लागि पुस्तकालयीय स्रोतलाई प्रमुख रुपमा उपयोग गरिएको छ। यो विश्लेषणात्मक प्रकृतिको अध्ययन हो। प्रस्तुत अध्ययन गुणात्मक प्रकृतिको रहेको छ। प्रस्तुत शोधमा प्राथमिक स्रोतका रुपमा कथाकार चन्द्रमणि अधिकारीको 'कोक्रो' कथा रहेको छ । यसैगरी यस अध्ययनमा पुस्तकालयमा उपलब्ध भएका सङ्कथन विश्लेषण सम्बन्धी विभिन्न विद्वान्हरुका लेखरचना, समालोचना समेटिएका पुस्तक, पत्रपत्रिका तथा सम्बन्धित शीर्षकमा अग्रजहरुद्वारा तयार पारिएका शोधहरुको अध्ययन एवम् विश्लेषण गरी निष्कर्ष निकालिएको छ।

### ३.२ तथ्याङ्क सङ्कलनका स्रोतहरु

यस शोधकार्यमा तथ्याङ्कसङ्कलन गर्दा निम्न दुई स्रोतलाई आधार मानिएको छ :

**क) प्राथमिक स्रोत**

यस अनुसन्धान कार्यमा प्राथमिक स्रोतका रुपमा कथाकार चन्द्रमणि अधिकारीको 'कथा र कथाहरु' कथा सङ्ग्रहमा रहेको 'कोक्रो' कथालाई मानिएको छ।

**ख) द्वितीयक स्रोत**

प्रस्तुत अध्ययनमा द्वितीयक स्रोतका रुपमा सङ्कथन विश्लेषणसँग सम्बन्धित विभिन्न सहयोगी पुस्तक, सैद्धान्तिक लेख, साहित्यिक तथा समालोचनात्मक ग्रन्थहरु तथा शोधपत्रहरुलाई लिइएको छ।

### ३.३ तथ्याङ्क सङ्कलन प्रक्रिया

प्रस्तुत 'कोक्रो' कथाको सङ्कथन विश्लेषण गर्ने क्रममा मुख्यतः पुस्तकालयीय स्रोतको प्रयोग गरी तथ्याङ्क सङ्कलन गरिएको छ।

### ३.४ तथ्याङ्क विश्लेषण र व्याख्या प्रक्रिया

अध्ययनको उद्देश्यअनुसार सम्बद्धक र सम्बद्धनका आधारमा तालिकीकरण गरी भाषावैज्ञानिक रुपमा आवश्यक व्याख्या र विश्लेषण गरी प्रस्तुत अध्ययनको निचोड निकालिएको छ ।

## अध्याय - चार

## व्याख्या तथा विश्लेषण

### ४.१ परिचय

'कोक्रो' कथा कथाकार चन्द्रमणि अधिकारीद्वारा लिखित 'कथा र कथाहरु' कथा सङ्ग्रह
(वि.सं. २०६४) मा सङ्कलित उत्कृष्ट कथा हो । यो अध्ययन यसै कथामा प्रयुक्त भएका सम्बद्धक र सम्बद्धनका आधारमा सङ्कथन विश्लेषण गर्नमा केन्द्रित रहेको छ ।

### ४.२ कोक्रो कथाका वाक्यहरुका बीचमा प्रयुक्त सम्बद्धकको पहिचान र विश्लेषण

निर्धारित कथाका वाक्यहरुका बीचमा रहेका सम्बद्धकहरुको विश्लेषणका लागि प्रत्येक अनुच्छेदलाई छुट्टाछुट्टै रुपमा प्रस्तुत गरी तिनमा रहेका वाक्यहरुका बीचमा बाह्य सम्बन्ध दर्साउन आउने सम्बद्धकको खोजी गरी तालिकामा प्रस्तुत गरिनुका साथै ती सम्बद्धकहरुको विश्लेषण पनि गरिएको छ । प्रत्येक अनुच्छेदका वाक्यभित्र विद्यमान संरचनामा प्रयुक्त सम्बद्धकहरुलाई समेत यस अध्यायमा प्रस्तुत गरिएको छ ।

### ४.२.१ निर्धारित कथाको पहिलो अनुच्छेदमा प्रयुक्त सम्बद्धकको पहिचान र विश्लेषण

निर्धारित कथाको पहिलो अनुच्छेदमा वाक्य सङ्ख्या १ देखि १२ सम्म जम्मा १२ वटा वाक्यहरु रहेका छन् । ती वाक्यहरुका बीचमा प्रयुक्त सम्बद्धकको पहिचान र विश्लेषण तल प्रस्तुत गरिएको छ :

१. **जब ऊ** ***वयको चौध वर्ष*** टेक्नासाथ पहिलो पल्ट रजस्वला भएकी थिई ***त्यसै समयदेखि*** नै आमा बन्ने रहर जागेको थियो ललीमा ।

२. हो, ललीमा ; लली ***अर्थात्*** सुललिता क्षेत्रीमा ।

३. स्नातक तह उत्तीर्ण हुनासाथ ***बीसै वर्षको*** उमेरदेखि सरकारी सेवा प्रारम्भ गरेकी हो सुललिताले ।

४. अधिकृत छे ***अहिले ऊ उद्योग मन्त्रालयमा*** ।

५. घर-परिवार, साथीभाइ ***सबैजना*** स्नेहपूर्वक “लली” भन्ने गर्छन् ***उसलाई*** ।

६. बाह्य व्यक्तित्व ***जति*** आकर्षक छ ललीको ***त्यति*** नै सुन्दर, प्रभावशाली ***र*** गम्भीर छ आन्तरिक व्यक्तित्व पनि ।

७. ***उसलाई*** देखेर राल नकाढ्ने ***कोही*** छैन ।

८. सलक्क परेका लामा औंला, नितम्बसम्म झरेको लामो कपाल, मिलेका दाँत, पातला ***र*** राता ओठ ***अनि*** लाम्चिलो युनानी चेहरा ।

९. ***यस्तै*** छ लली ।

१०. ***इलामको कन्याममा*** जन्मिएर हुर्किएकी ललीको शिक्षा-दीक्षा ***काठमाडौंमा*** भएको हो ।

११. ***उसका*** बाबु मोहन सिंह ***काठमाडौंमै*** जागीरे छन् ।

१२. ***आफ्नी*** एकमात्र सन्तान ललीको विवाह ***कुनै*** सम्भ्रान्त परिवारको कुशल पुरूषसँग गरिदिने इच्छा थियो मोहन सिंहको ***र*** ललीबाट जन्मेको सन्तानलाई ***आफ्नो*** जायजेथा जिम्मा लगाउने अभीष्ट पालेका थिए ***उनले*** ।

**तालिका सं. १**

**निर्धारित कथाको पहिलो अनुच्छेदमा प्रयुक्त सम्बद्धकको पहिचान र विश्लेषण**

| वा.सं. | सम्बद्धक | प्रयुक्त शब्द | साङ्केतिक अर्थ |
|---|---|---|---|
| १ र २ | कालिक | जब | |
| | सार्वनामिक | ऊ | |
| | कालिक | त्यसै समयदेखि | |
| | कालिक | वयको | |
| | कालिक | चौधवर्ष | |
| २ र ३ | संयोजक | अर्थात् | |
| | पुनरावृत्ति | लली | |
| ३ र ४ | कालिक | उत्तीर्ण हुनासाथ | |
| | कालिक | उमेरदेखि | |
| | कालिक | बीसै वर्ष | |
| ४ र ५ | कालिक | अहिले | |

| | | | |
|---|---|---|---|
| | सार्वनामिक | ऊ | |
| | स्थानिक | उद्योग मन्त्रालयमा | |
| ५ र ६ | सार्वनामिक | सबैजना | |
| | सार्वनामिक | उसलाई | ललीलाई |
| | स्थानिक | घर | |
| ६ र ७ | सार्वनामिक | जति | |
| | सार्वनामिक | त्यति | |
| | संयोजक | र | |
| ७ र ८ | सार्वनामिक | उसलाई | |
| | सार्वनामिक | कोही | |
| ८ र ९ | संयोजक | र | |
| | संयोजक | अनि | |
| ९ र १० | सार्वनामिक | यस्तै | |
| १० र ११ | स्थानिक | इलामको | |
| | स्थानिक | कन्याममा | |
| | स्थानिक | काठमाडौंमा | |
| ११ र १२ | सार्वनामिक | उसका | ललीका |
| | स्थानिक | काठमाडौंमै | |
| १२ र १३ | सार्वनामिक | आफ्नी | |
| | सार्वनामिक | कुनै | |
| | संयोजक | र | |
| | सार्वनामिक | आफ्नो | |
| | सार्वनामिक | उनले | मोहन सिंहले |

माथिको तालिकामा उल्लेख भएअनुसार वा.सं. १ र २ का बीचमा चारपटक कालिक सम्बद्धकको प्रयोग भएको छ । 'ऊ' सार्वनामिक, 'अर्थात्' संयोजकको एक-एकपटक प्रयोग भएको छ भने लली तृतीय पुरूषको पुनरावृत्ति भएको छ । वा.सं. २ र ३ मा प्रयुक्त 'अर्थात्' संयोजकको प्रयोगले सङ्कथन अन्वितिपूर्ण रहेको छ । वा.सं. ३ र ४ मा चार कालिक सम्बद्धकले कथालाई जोडेको छ । वा.सं. ४ र ५ मा कालिक, सार्वनामिक र

स्थानिक सम्बद्धकको एक-एक पटक प्रयोग भएको छ । वा.सं. ५ र ६ मा सार्वनामिक सम्बद्धकको दुई पटक र स्थानिक सम्बद्धकको प्रयोग एक पटक गरी पाठलाई कसिलो बनाइएको छ । वा.सं. ६ र ७ मा दुई, सार्वनामिक र संयोजकको एक पटक प्रयोग भएको छ । वा.सं. ७ र ८ मा सार्वनामिक सम्बद्धकको दुई पटक प्रयोग गरिएको छ । वा. सं. ८ र ९ मा दुई पटक संयोजक सम्बद्धकको प्रयोगले कथालाई जोडेको छ । वा. सं.९ र १० मा एक पटक सार्वनामिक सम्बद्धकको प्रयोग भएको छ । वा. सं. १० र ११ मा तीन पटक स्थानिक सम्बद्धकको प्रयोग गरिएको छ । वा. सं. ११ र १२ मा पाँच पटक सार्वनामिक, दुई पटक संयोजक तथा एक पटक स्थानिक सम्बद्धकको प्रयोगले कथालाई सुगठित बनाएको छ । वा.सं. १२ र १३ मा चार पटक सार्वनामिक र एक संयोजक सम्बद्धकको प्रयोग गरिएको छ ।

यसरी पहिलो अनुच्छेदमा स्थानिक, कालिक, सार्वनामिक, पुनरावृत्ति, संयोजक सम्बद्धकहरुको प्रयोग भएको छ । यहाँ सार्वनामिक, संयोजक र स्थानिक सम्बद्धकहरुको बढी प्रयोग भएको छ ।

### ४.२.२ निर्धारित कथाको दोस्रो अनुच्छेदमा प्रयुक्त सम्बद्धकको पहिचान र विश्लेषण

निर्धारित कथाको दोस्रो अनुच्छेदमा वाक्य सङ्ख्या १३ देखि २१ सम्म जम्मा नौ वटा वाक्यहरु रहेका छन् । ती वाक्यहरुका बीचमा प्रयुक्त सम्बद्धकहरुको पहिचान र विश्लेषण तल प्रस्तुत गरिएको छ :

१३. हो, सोचेजस्तै, भनेजस्तै ***र*** खोजेजस्तै भयो ।

१४. ललीको विवाह भयो- वि.एम.सी.***कलेजका*** रसायनशास्त्रका लेक्चरर रुपेश रायमाझीसँग ।

१५. रुपेश साँच्चै रुपका धनी थिए, आकर्षक व्यक्तित्व थियो ***उनको*** ।

१६. ***विवाहका दिनमा यस*** जोडीको तारिफ नगर्ने ***कोही*** नै थिएनन् ।

१७. निम्तालुहरु रुप ***र*** भाग्यको बराबर चर्चा गरिरहन्थे ।

१८. विवाहको भीड, गोडधुवा ***र*** उपहारको ओइरो ।

१९. चाँदीका वर्तन ***र अन्य*** कुराको सेट ।

२०. चारैतिर उत्साह, उमंग ***र*** उल्लास ।

२१. ***रउसेहरुको*** नाचगान *र* नौमतीबाजाको üयाइँüयाइँले ***त्यसै*** मोहक भएको थियो वातावरण ।

## तालिका सं. २

## निर्धारित कथाको दोस्रो अनुच्छेदमा प्रयुक्त सम्बद्धकको पहिचान र विश्लेषण

| वा.सं. | सम्बद्धक | प्रयुक्त शब्द | साङ्केतिक अर्थ |
|---|---|---|---|
| १३ र १४ | पुनरावृत्ति | जस्तै | |
| | संयोजक | र | |
| १४ र १५ | स्थानिक | बि. एम. सी. कलेजका | |
| | कालिक | विवाह | |
| १५ र १६ | सार्वनामिक | उनको | |
| १६ र १७ | कालिक | विवाहका दिनमा | |
| | सार्वनामिक | यस | जोडी |
| | सार्वनामिक | कोही | |
| १७ र १८ | संयोजक | र | |
| १८ र १९ | कालिक | विवाह | |
| | स्थानिक | भीड | |
| | संयोजक | र | |
| १९ र २० | संयोजक | र | |
| | अग्रसन्दर्भक | अन्य | सेट |
| २० र २१ | संयोजक | र | |
| | स्थानिक | चारैतिर | |
| २१ र २२ | संयोजक | र | |
| | समावेशात्मक | रउसेहरु | |
| | पश्चसन्दर्भक | µयाइँµयाइँले | नौमती बाजा |
| | सन्निधान | नौमती बाजा | |
| | सार्वनामिक | त्यसै | |

माथिको तालिकामा उल्लेख भएअनुसार 'कोक्रो' कथाको दोस्रो अनुच्छेदको वाक्यसङ्ख्या १३ र १४ जस्तै सम्बद्धकको पुनरावृत्ति र संयोजक र सम्बद्धकको प्रयोग भएको छ । वा.सं. १४ र १५ मा स्थानिक र कालिक सम्बद्धकको एक-एक पटक प्रयोग गरी

पाठलाई सुगठित पारिएको छ । वा.सं.१५ र १६ मा सार्वनामिक सम्बद्धकको प्रयोग एक पटक गरिएको छ । वा. सं. १६ र १७ मा कालिक, पश्चसन्दर्भक, सार्वनामिक सम्बद्धकको एक-एक पटक प्रयोग गरी पाठलाई अन्वितिपूर्ण पारिएको छ । वा.सं. १७ र १८ मा संयोजकको एकपटक प्रयोग गरिएको छ । वा.सं. १८ र १९ मा कालिक, स्थानिक र संयोजक सम्बद्धकलाई एक-एक पटक प्रयोगमा ल्याइएको छ । वा.सं. १९ र २० मा संयोजक र अग्रसन्दर्भक सम्बद्धकको प्रयोग एक-एक पटक गरिएको छ । वा.सं. २० र २१ मा संयोजक र स्थानिक सम्बद्धकको एक-एक पटक प्रयोग गरी पाठको सिलसिला मिलाइएको छ । वा.सं. २१ र २२ मा संयोजक, समावेशात्मक, पश्चसन्दर्भक, सन्निधान र सार्वनामिक सम्बद्धकहरुको प्रयोग एक-एक पटक गरी पाठलाई सुगठित बनाइएको छ ।

यस वाक्य सङ्ख्या श्रेणीमा संयोजकको बाहुल्य रहेको छ । अग्रसन्दर्भक, पश्चसन्दर्भक, सार्वनामिक र अन्य विविध प्रकारका सम्बद्धकहरुको प्रयोगले कथालाई पठनयोग्य र सुगठित बनाएको छ ।

### ४.२.३ निर्धारित कथाको तेस्रो अनुच्छेदमा प्रयुक्त सम्बद्धकको पहिचान र विश्लेषण

निर्धारित कथाको तेस्रो अनुच्छेदमा वाक्य सङ्ख्या २२ देखि २४ सम्म जम्मा तीन वटा वाक्यहरु रहेका छन् । ती वाक्यहरुका बीचमा प्रयुक्त सम्बद्धकहरुको पहिचान र विश्लेषण तल प्रस्तुत गरिएको छ :

२२. दीपलेश रायमाझीका एक मात्र सन्तान रुपेश ***र*** ललिताको दाम्पत्य जीवन सुखद नै रहेको हो ।

***२३. तर,*** विवाह भएको ***पाँचौं वर्ष*** बितिसक्दा ***पनि कुनै*** सन्तान नहुँदा ***भने त्यो*** सहज रहेन ।

२४. ***घर माइती*** दुवै पक्षको मन अमिलो भइरहन्थ्यो ।

**तालिका सं. ३**

**निर्धारित कथाको तेस्रो अनुच्छेदमा प्रयुक्त सम्बद्धकको पहिचान र विश्लेषण**

| वा.सं. | सम्बद्धक | प्रयुक्त शब्द | साङ्केतिक अर्थ |
|---|---|---|---|
| २२ र २३ | संयोजक | र | |
| २३ र २४ | संयोजक | तर | |
| | कालिक | पाँचौ वर्ष | |
| | संयोजक | पनि | |
| | सार्वनामिक | कुनै | |
| | संयोजक | भने | |
| | सार्वनामिक | त्यो | |
| २४ र २५ | स्थानिक | घर | |
| | स्थानिक | माइती | |

माथि उल्लिखित तालिकाअनुसार वा.सं. २२ र २३ मा एक संयोजकको प्रयोग गरिएको छ । वा.सं. २३ र २४ मा तीनवटा संयोजक, दुई वटा सार्वनामिक र एउटा कालिक सम्बद्धकको प्रयोग भएको छ । वा.सं. २४ र २५ मा दुईटा स्थानिक सम्बद्धकले पाठलाई सुगठित बनाएको छ ।

यसरी वाक्यहरुका बीचमा प्रयुक्त सम्बद्धकहरुले वाक्यको आन्तरिक र अन्तर्वाक्यीय संरचनालाई जोड्ने काम गरेका छन् ।

### ४.२.४ निर्धारित कथाको चौथो अनुच्छेदमा प्रयुक्त सम्बद्धकको पहिचान र विश्लेषण

निर्धारित कथाको चौथो अनुच्छेदमा वाक्य सङ्ख्या २५ देखि ३५ सम्म जम्मा एघार वटा वाक्यहरु रहेका छन् । ती वाक्यहरुका बीचमा प्रयुक्त सम्बद्धकहरुको पहिचान र विश्लेषण तल प्रस्तुत गरिएको छ :

२५. ***म*** सम्झन्छु - ***मेरै*** विद्यार्थी हो लली ।

२६. ***कति*** मिजासिली, फरासिली ***र*** जिज्ञासु थिई ***ऊ*** ।

२७. लली मुखर पनि थिई - बोलक्कड ***र*** तार्किक ।

२८. नेपाली साहित्यप्रति तीव्र चाख थियो ललीमा ।

२९. ***महिनौँसम्म*** नेपाली साहित्यका विशिष्ट कृतिहरु पढेकी थिई ***उसले मसँग*** ।

३०. 'सुम्निमा' भित्रको ***'मनुवा दह'*** का बारे गहिरो चिन्तन गरेकी थिई ***उसले।***

३१. बारम्बार प्रश्न गर्थी ***ऊ*** - "सर वास्तबमा ***यो 'मनुवा दह'*** भनेको ***के*** हो ?

३२. ***के स्वयम्*** 'सुम्निमा' ***मनुवा दह*** होइन र ?

३३. ***हामीजस्ता*** नारीहरु ***'मनुवा दह'*** बन्न सक्तैनौँ र ?

३४. ***तपाईं आफूलाई*** सोमदत्त भएर ***मनुवा दहमा*** डुबुल्की मारेको ***कहिल्यै*** परिकल्पना गर्नुहुन्न
र ?

३५. मोदिआइन ***स्वयम्*** हडाहा पोखरी होइन र ?'

**तालिका सं. ४**

**निर्धारित कथाको चौथो अनुच्छेदमा प्रयुक्त सम्बद्धकको पहिचान र विश्लेषण**

| वा.सं. | सम्बद्धक | प्रयुक्त शब्द | साङ्केतिक अर्थ |
|---|---|---|---|
| २५ र २६ | सार्वनामिक | म | |
| | सार्वनामिक | मेरै | |
| २६ र २७ | प्रश्नवाचक | कति | |
| | संयोजक | र | |
| | सार्वनामिक | ऊ | लली |
| २७ र २८ | संयोजक | पनि | |
| | संयोजक | र | |
| २८ र २९ | - | - | |
| २९ र ३० | सार्वनामिक | उसले | ललीले |
| | सार्वनामिक | मसँग | |
| ३० र ३१ | स्थानिक | मनुवा दह | |
| | सार्वनामिक | उसले | ललीले |
| ३१ र ३२ | सार्वनामिक | ऊ | लली |

| | | | |
|---|---|---|---|
| | सार्वनामिक | यो | |
| | स्थानिक | मनुवा दह | |
| | प्रश्नवाचक | के | |
| ३२ र ३३ | प्रश्नवाचक | के | |
| | सार्वनामिक | स्वयम् | |
| | स्थानिक | मनुवा दह | |
| ३३ र ३४ | सार्वनामिक | हामी | |
| | अग्रसन्दर्भक | जस्ता | नारीहरु |
| | स्थानिक | मनुवा दह | |
| ३४ र ३५ | सार्वनामिक | तपाईं | |
| | सार्वनामिक | आफूलाई | |
| | स्थानिक | मनुवा दह | |
| | प्रश्नवाचक | कहिल्यै | |
| ३५ र ३६ | सार्वनामिक | स्वयम् | |
| | स्थानिक | हडाहा पोखरी | |

माथिको तालिकाअनुसार वा.सं. २५ र २६ का बीचमा सार्वनामिक सम्बद्धकको दुई पटक प्रयोग भएको छ । वा.सं. २६ र २७ का बीचमा एक-एक पटक प्रश्नवाचक, संयोजक र सार्वनामिक सम्बद्धकको प्रयोग गरी पाठलाई सुगठित बनाइएको छ । वा.सं. २७ र २८ का बीचमा संयोजक सम्बद्धकका रुपमा दुई पटक प्रयोग गरिएको छ । वा.सं. २८ र २९ का बीचमा कुनै पनि सम्बद्धकको प्रयोग गरिएको छैन । वा.सं. २९ र ३० का बीचमा तृतीय पुरूष र आत्मवाचक सार्वनामिक सम्बद्धकको दुई पटक प्रयोग भएको छ । वा.सं. ३० र ३१ का बीचमा सार्वनामिक सम्बद्धकको दुई पटक र स्थानिक सम्बद्धक एक पटक प्रयोग गरी पाठको सिलसिला मिलाइएको छ । वा.सं. ३१ र ३२ मा दुई पटक सार्वनामिक र स्थानिक, प्रश्नवाचक सम्बद्धकको एक-एक पटक प्रयोग गरिएको छ । वा.सं. ३२ र ३३ मा प्रश्नवाचक, सार्वनामिक र स्थानिक सम्बद्धकको एक-एक पटक प्रयोग गरी पाठलाई कसिलो बनाइएको छ । वा.सं. ३३ र ३४ मा हामी प्रथम पुरूष सार्वनामिक, अग्रसन्दर्भक र स्थानिक सम्बद्धकको एक-एक पटक प्रयोग गरिएको छ । वा.सं. ३४ र ३५ मा तृतीय पुरूष सार्वनामिक, आत्मवाचक, स्थानिक र प्रश्नवाचक सम्बद्धकको एक-एक पटक प्रयोग गरी

पाठलाई अन्वितिपूर्ण बनाइएको छ । वा.सं. ३५ र ३६ मा एक-एक पटक आत्मवाचक र स्थानिक सम्बद्धकको प्रयोग गरिएको छ ।

यस वाक्य सङ्ख्या श्रेणीमा सार्वनामिक सम्बद्धकको बाहुल्य रहेको देखिन्छ । संयोजक, प्रश्नवाचक, स्थानिक र अन्य विविध प्रकारका सम्बद्धकहरुका प्रयोगले कथालाई सुगठित पारी पठन योग्य बनाएको पाइन्छ ।

### ४.२.५ निर्धारित कथाको पाँचौ अनुच्छेदमा प्रयुक्त सम्बद्धकको पहिचान र विश्लेषण

निर्धारित कथाको पाँचौ अनुच्छेदमा वाक्य सङ्ख्या ३६ देखि ४८ सम्म जम्मा १३ वटा वाक्यहरु रहेका छन् । ती वाक्यहरुका बीचमा प्रयुक्त सम्बद्धकहरुको पहिचान र विश्लेषण तल प्रस्तुत गरिएको छ :

३६. ***त्यस्तै ऊ*** सोध्ने गर्थी - 'शिरीषको फूल' ***किन*** ओइलायो ?

३७. ***किन*** झऱ्यो ?

३८. बरी ***किन*** मरी ?

३९. शिवराज ***र*** बरीका बीचको सम्बन्ध ***के*** हो ?

४०. ***को*** हो शिवराज ?

४१. ***के*** बरीले मर्नुहुन्थ्यो र ?

४२. ***फूलमा*** बस्ने ***सबै*** किरा भँमरा नै हुन्छन् र ?

४३. "पदं सहेत भ्रमरस्य पेलवम्...।

४४. ***के तपाईं*** पनि ***यसैलाई*** सार्वभौम सत्य मान्नुहुन्छ ?

४५. ***के*** फ्रायड झुटा हुन् ?

४६. लिविडो ***केही*** होइन र ?

४७. इलेक्ट्रा कम्प्लेक्स ***र*** इडिपस कम्प्लेक्स पनि ***केही*** होइनन् ***भने*** हटाइदिऊँ ***यी सबै*** शब्दहरुलाई शब्दशास्त्रका ठेलीहरुबाट ।"

*४८.* ***यस्तै*** थिए ललीका तर्कहरु ।

### तालिका सं. ५

### निर्धारित कथाको पाँचौ अनुच्छेदमा प्रयुक्त सम्बद्धकको पहिचान र विश्लेषण

| वा.सं. | सम्बद्धक | प्रयुक्त शब्द | साङ्केतिक अर्थ |
|---|---|---|---|
| ३६ र ३७ | सार्वनामिक | त्यस्तै | |
| | सार्वनामिक | ऊ | |
| | प्रश्नवाचक | किन | |
| ३७ र ३८ | प्रश्नवाचक | किन | |
| ३८ र ३९ | प्रश्नवाचक | किन | |
| ३९ र ४० | संयोजक | र | |
| | प्रश्नवाचक | के | |
| ४० र ४१ | प्रश्नवाचक | को | |
| ४१ र ४२ | प्रश्नवाचक | के | |
| ४२ र ४३ | स्थानिक | फूलमा | |
| | सार्वनामिक | सबै | |
| ४३ र ४४ | - | - | |
| ४४ र ४५ | प्रश्नवाचक | के | |
| | सार्वनामिक | तपाईं | |
| | सार्वनामिक | यसैलाई | |
| ४५ र ४६ | प्रश्नवाचक | के | |
| ४६ र ४७ | प्रश्नवाचक | केही | |
| ४७ र ४८ | संयोजक | र | |
| | सार्वनामिक | केही | |
| | संयोजक | भने | |
| | सार्वनामिक | यी | |
| | सार्वनामिक | सबै | |
| ४८ र ४९ | सार्वनामिक | यस्तै | |

माथिको तालिकाअनुसार वा.सं. ३६ र ३७ मा सार्वनामिक सम्बद्धकको दुई पटक र प्रश्नवाचक सम्बद्धकको एक पटक प्रयोग भएको छ । त्यस्तै वा.सं. ३७ र ३८ मा प्रश्नवाचक सम्बद्धकको प्रयोग भएको छ । वा.सं. ३८ र ३९ मा प्रश्नवाचक सम्बद्धकको प्रयोग भएको छ । वा.सं. ३९ र ४० मा एक-एक पटक संयोजक र प्रश्नवाचक सम्बद्धकको प्रयोग भएको छ । वा.सं. ४० र ४१ मा प्रश्नवाचक सम्बद्धक र वा.सं. ४१ र ४२ मा एक प्रश्नवाचक सम्बद्धकको उपस्थिति रहेको छ । वा.सं. ४२ र ४३ मा एक-एक पटक स्थानिक र सार्वनामिक सम्बद्धकको प्रयोग गरी पाठलाई सुगठित बनाइएको छ । वा.सं. ४३ र ४४ मा कुनै पनि सम्बद्धकको प्रयोग भएको छैन । वा.सं. ४४ र ४५ मा दुई पटक सार्वनामिक र एक पटक प्रश्नवाचक सम्बद्धकको प्रयोग भएको छ । त्यस्तै वा.सं. ४५ र ४६ मा एकमात्र प्रश्नवाचक सम्बद्धकको प्रयोग भएको छ । त्यस्तै वा.सं. ४६ र ४७ मा एक प्रश्नवाचक सम्बद्धकको प्रयोग भएको छ । वा.सं. ४७ र ४८ मा तीन पटक सार्वनामिक र दुई पटक संयोजकको प्रयोग भएको छ । त्यस्तै वा.सं. ४८ र ४९ मा एकपटक यस्तै सार्वनामिक सम्बद्धकको प्रयोग भएको छ ।

यसरी वाक्यात्मक संरचनालाई परिपूर्णता प्रदान गर्न सार्वनामिक सम्बद्धकको बाहुल्य तथा प्रश्नवाचक, स्थानिक, पुनरावृत्ति सम्बद्धकहरु भाषिक जोर्नीका रुपमा प्रयोग भएका छन् ।

### ४.२.६ निर्धारित कथाको छैटौँ अनुच्छेदमा प्रयुक्त सम्बद्धकको पहिचान र विश्लेषण

निर्धारित कथाको छैटौँ अनुच्छेदमा वाक्य सङ्ख्या ४९ देखि ५० सम्म जम्मा दुई वटा वाक्यहरु रहेका छन् । ती वाक्यहरुका बीचमा प्रयुक्त सम्बद्धकहरुको पहिचान र विश्लेषण तल प्रस्तुत गरिएको छ :

४९. ललीको तार्किकता, बौद्धिक प्रखरता, वाक्कला ***र*** मेधा देखेर ***मलाई*** ईश्र्या पनि हुन्थ्यो ***तर आफ्नी*** विद्यार्थी भएकाले गर्व गर्थें ।

५०. ललीले ***कलेज*** छाडेको ***यतिका वर्ष*** भए पनि ***मेरो मानसपटलमा कहिल्यै*** हट्न सकिन ***ऊ*** ।

**तालिका सं.६**

**निर्धारित कथाको छैटौं अनुच्छेदमा प्रयुक्त सम्बद्धकको पहिचान र विश्लेषण**

| वा.सं. | सम्बद्धक | प्रयुक्त शब्द | साङ्केतिक अर्थ |
|---|---|---|---|
| ४९ र ५० | संयोजक | र | |
| | सार्वनामिक | मलाई | |
| | संयोजक | तर | |
| | सार्वनामिक | आफ्नै | |
| | पुनरावृत्ति | पनि | |
| ५० र ५१ | स्थानिक | कलेज | |
| | कालिक | यतिका वर्ष | |
| | संयोजक | तर | |
| | सार्वनामिक | मेरो | |
| | स्थानिक | मानसपटलमा | |
| | सार्वनामिक | कहिल्यै | |
| | सार्वनामिक | ऊ | |

प्रस्तुत तालिकाअनुसार वा.सं. ४९ र ५० मा दुई संयोजक, सार्वनामिक, आत्मवाचक, पुनरावृत्ति सम्बद्धकको एक-एक पटक प्रयोग गरिएको छ । वा.सं. ५० र ५१ मा तीन सार्वनामिक दुई स्थानिक, एक कालिक, र एक संयोजक सम्बद्धकको प्रयोगले पाठ सिलसिलेवर रहेको छ ।

यसरी प्रस्तुत अनुच्छेदमा प्रयोग भएका सम्बद्धकहरुले भाषिक जोर्नीको भूमिका निर्वाह गरी पाठलाई अन्वितिपूर्ण बनाउन सहयोगीको काम गरेका छन् ।

### ४.२.७ निर्धारित कथाको सातौं अनुच्छेदमा प्रयुक्त सम्बद्धकको पहिचान र विश्लेषण

निर्धारित कथाको सातौं अनुच्छेदमा वाक्य सङ्ख्या ५१ देखि ५८ सम्म जम्मा आठ वटा वाक्यहरु रहेका छन् । ती वाक्यहरुका बीचमा प्रयुक्त सम्बद्धकहरुको पहिचान र विश्लेषण तल प्रस्तुत गरिएको छ :

५१. ***पाँचवर्ष अगाडि*** ललीको विवाह हुँदा ***मलाई*** पनि आमन्त्रण गरिएको थियो ।

५२. निमन्त्रणा पत्रसँगै एउटा अनिवार्य आगमनको अनुरोध पत्र पनि खामेकी थिई ललीले ।

५३. नजाने कुरै भएन, गएँ ।

५४. सुरूमा नै गोडधुवा ***के*** दिने भन्ने बारेमा निकै सोचेँ ***मैले*** ।

५५. अन्ततः ***कैशोर्य कालमै*** उर्लिएको ***उसको*** मातृत्वको ज्वारभाटालाई सम्झेर उपहारमा ***मैले*** लगेँ एउटा आकर्षक कोक्रो ।

५६. कोक्रोलाई र्‍यापरले मोरिएको थिएन , खुल्ला नै थियो ।

५७. ***आजसम्म कसैले विवाहमा*** कोक्रो उपहारमा दिएको थाहा पनि छैन ***तर मैले भने*** निर्णय नै ***त्यही*** गरेँ ।

५८. निम्तालुहरु ***कोही*** हाँसे, ***कोही*** छक्क परे ***र कसैले*** त असजिलो पनि माने ***किनभने यो*** नितान्त नौलो प्रयोग थियो ।

**तालिका सं. ७**

**निर्धारित कथाको सातौं अनुच्छेदमा प्रयुक्त सम्बद्धकको पहिचान र विश्लेषण**

| **वा.सं.** | **सम्बद्धक** | **प्रयुक्त शब्द** | **साङ्केतिक अर्थ** |
|---|---|---|---|
| ५१ र ५२ | कालिक | पाँच वर्ष | |
| | कालिक | अगाडि | |
| | सार्वनामिक | मलाई | |
| ५२ र ५३ | - | - | |
| ५३ र ५४ | लोप | - | विवाहमा |
| ५४ र ५५ | प्रश्नवाचक | के | |
| | सार्वनामिक | मैले | |
| ५५ र ५६ | कालिक | कैशोर्य कालमै | |
| | सार्वनामिक | उसको | |
| | सार्वनामिक | मैले | |
| | संयोजक | र | |
| ५६ र ५७ | सार्वनामिक | त्यो | कोक्रो |

| | | | |
|---|---|---|---|
| ५७ र ५८ | कालिक | आजसम्म | |
| | सार्वनामिक | कसैले | |
| | कालिक | विवाहमा | |
| | संयोजक | तर | |
| | सार्वनामिक | मैले | |
| | संयोजक | भने | |
| | सार्वनामिक | त्यही | |
| ५८ र ५९ | सार्वनामिक/ पुनरावृत्ति | कोही | निम्तालुहरु |
| | संयोजक | र | |
| | सार्वनामिक | कसैले | |
| | संयोजक | किनभने | |
| | सार्वनामिक | यो | कोक्रो उपहार |

माथिका तालिकाअनुसार वा.सं.५१ र ५२ मा दुई कालिक र एक सार्वनामिक सम्बद्धकको प्रयोग भएको छ । वा.सं. ५२ र ५३ मा कुनै पनि सम्बद्धकको प्रयोग छैन भने वा.सं. ५३ र ५४ मा विवाहमा शब्द लोप भएको देखिन्छ । त्यस्तै वा.सं. ५४ र ५५ मा प्रश्नवाचक र सार्वनामिक सम्बद्धकको एक एक पटक प्रयोग भएको छ । वा.सं. ५५ र ५६ मा दुई पटक सार्वनामिक र एक एक पटक कालिक र संयोजक सम्बद्धकको प्रयोग भएको छ । त्यस्तै वा.सं. ५६ र ५७ मा एक एक पटक सार्वनामिक सम्बद्धकको प्रयोगले पाठ अन्वितिपूर्ण बनाएको छ । वा.सं. ५७ र ५८ मा तीन वटा सार्वनामिक, दुई-दुई पटक संयोजक र कालिक सम्बद्धकको प्रयोग गरी पाठलाई सुगठित र कसिलो बनाइएको छ । वा.सं. ५८ र ५९ मा दुई पटक संयोजकको प्रयोग तथा कोही सार्वनामिक सम्बद्धकको पुनरावृत्ति समेत भएको छ ।

यस वाक्य सङ्ख्या श्रेणीमा सार्वनामिक सम्बद्धकको बाहुल्य रहेको छ । त्यस्तै कालिक, प्रश्नवाचक, संयोजक आदि विविध सम्बद्धकको प्रयोग भई एक वाक्यमा सम्बद्धकको लोप पनि भएको देखिन्छ ।

### ४.२.८ निर्धारित कथाको आठौँ अनुच्छेदमा प्रयुक्त सम्बद्धकको पहिचान र विश्लेषण

निर्धारित कथाको आठौँ अनुच्छेदमा वाक्य सङ्ख्या ५९ देखि ६२ सम्म जम्मा चार वटा वाक्यहरु रहेका छन् । ती वाक्यहरुका बीचमा प्रयुक्त सम्बद्धकहरुको पहिचान र विश्लेषण तल प्रस्तुत गरिएको छ :

५९. ***समयको*** क्रमसँगै दीपलेश रायमाझी ***आफ्नो*** संसार शून्य भएको अनुभव गर्न थाले ।

६०. ***आँगनमा*** नाति खेलेको रमाइलो दृश्य हेर्ने इच्छा ***त्यसै-त्यसै*** बिलाएर गइरहेको थियो ।

६१. ***उनले*** गतिला ***अस्पताल,*** राम्रा चिकित्सक, धामी, झाँक्री, वैद्य ***र*** जान्नेहरु भिडाइसकेका थिए ।

६२. चिकित्सकहरुबाट जवाफ आएको थियो - ललीमा खोट छैन रुपेशले औषधि प्रयोग गर्नुपर्छ ।

**तालिका सं. ८**

**निर्धारित कथाको आठौँ अनुच्छेदमा प्रयुक्त सम्बद्धकको पहिचान र विश्लेषण**

| वा.सं. | सम्बद्धक | प्रयुक्त शब्द | साङ्केतिक अर्थ |
|---|---|---|---|
| ५९ र ६० | सार्वनामिक | आफ्नो | |
| | कालिक | समयको | |
| ६० र ६१ | स्थानिक | आँगनमा | |
| | सार्वनामिक | त्यसै-त्यसै | |
| ६१ र ६२ | सार्वनामिक | उनले | |
| | स्थानिक | अस्पताल | |
| | संयोजक | र | |
| ६२ र ६३ | लोप | - | सन्तानोत्पादनका निम्ति |

प्रस्तुत तालिकाअनुसार वा.सं. ५९ र ६० मा एक एक पटक सार्वनामिक र कालिकको, वा.सं. ६० र ६१ मा एक एक पटक स्थानिक र सार्वनामिकको, वा.सं. ६१ र ६२ मा एक एक पटक संयोजक, सार्वनामिक र स्थानिकको, वा.सं. ६२ र ६३ मा लोप सम्बद्धकको प्रयोग भएको देखिन्छ ।

यस प्रकार यस वाक्य शृङ्खलामा विविध सम्बद्धकहरुको प्रयोगले पाठलाई पूर्णता प्रदान गरेका छन् ।

### ४.२.९ : निर्धारित कथाको नवौं अनुच्छेदमा प्रयुक्त सम्बद्धकको पहिचान र विश्लेषण

निर्धारित कथाको नवौं अनुच्छेदमा वाक्य सङ्ख्या ६३ अर्थात् एउटा मात्र वाक्य रहेको छ । उक्त वाक्यका सम्बद्धकहरुको पहिचान र विश्लेषण तल प्रस्तुत गरिएको छ :

६३. ***उता*** मोहन सिंहको परिवारले पनि ललीका लागि दान-धर्म, तीर्थ-व्रत, हरिवंश पुराण, जडी-बुटी, धामी-झाँक्री नगराएका होइनन् ***तर*** ललीबाटै सुने- डाक्टरको प्रतिक्रिया - ललीमा सन्तानोत्पादक क्षमता छ, रुपेशले ***भने*** औषधि प्रयोग गर्नुपर्छ भन्ने ।

**तालिका सं. ९**

**निर्धारित कथाको नवौं अनुच्छेदमा प्रयुक्त सम्बद्धकको पहिचान र विश्लेषण**

| **वा.सं.** | **सम्बद्धक** | **प्रयुक्त शब्द** | **साङ्केतिक अर्थ** |
|---|---|---|---|
| ६३ र ६४ | स्थानिक | उता | |
| | संयोजक | तर | |
| | संयोजक | भने | |

माथिको तालिकाअनुसार वा.सं. ६३ र ६४ मा तर र भने दुई संयोजक र उता स्थानिक सम्बद्धकको प्रयोग गरी पाठलाई अर्थपूर्ण र सुगठित बनाइएको छ ।

### ४.२.१० निर्धारित कथाको दसौं अनुच्छेदमा प्रयुक्त सम्बद्धकको पहिचान र विश्लेषण

निर्धारित कथाको दशौं अनुच्छेदमा वाक्य सङ्ख्या ६४ र ६५ गरी दुई वटा मात्र वाक्य रहेका छन् । उक्त वाक्यका सम्बद्धकहरुको पहिचान र विश्लेषण तल प्रस्तुत गरिएको छ :

६४. एकपटक दीपलेश रायमाझीले सोचेका थिए- ***यसरी*** वंशवृक्ष नै नष्ट भयो ***भने*** त ***यो लोक र परलोक*** दुवै दुःखद हुन्छ ।

६५. ***त्यसैले*** रुपेशको अर्की ***कुनै*** कन्यासँग विवाह गरिदिनुपर्छ ***तर*** फेरि झल्याँस्स हुन्थे - रुपेशले औषधि प्रयोग गर्नुपर्छ भन्ने चिकित्सकको जवाफ सम्झेर ।

**तालिका सं. १०**

**निर्धारित कथाको दशौँ अनुच्छेदमा प्रयुक्त सम्बद्धकको पहिचान र विश्लेषण**

| वा.सं. | सम्बद्धक | प्रयुक्त शब्द | साङ्केतिक अर्थ |
|---|---|---|---|
| ६४ र ६५ | सार्वनामिक | यसरी | |
| | संयोजक | भने | |
| | सार्वनामिक | यो | |
| | संयोजक | र | |
| | स्थानिक | लोक | |
| | स्थानिक | परलोक | |
| ६५ र ६६ | सार्वनामिक | त्यसैले | |
| | सार्वनामिक | कुनै | |
| | संयोजक | तर | |

माथिको तालिकामा उल्लेख भएअनुसार वाक्य सङ्ख्या ६४ र ६५ मा तीन सार्वनामिक, दुई दुई पटक संयोजक, स्थानिक र सार्वनामिक, वा.सं. ६५ र ६६ मा दुई सार्वनामिक र एक संयोजक सम्बद्धकको प्रयोग भएको छ ।

यसरी प्रस्तुत वाक्य सङ्ख्या श्रेणीमा सार्वनामिक र संयोजक सम्बद्धकको नै बहुलता रहेको देखिन्छ ।

### ४.२.११ : निर्धारित कथाको एघारौँ अनुच्छेदमा प्रयुक्त सम्बद्धकको पहिचान र विश्लेषण

निर्धारित कथाको एघारौँ अनुच्छेदमा वाक्य सङ्ख्या ६६ देखि ६८ सम्म जम्मा तीन वटा वाक्यहरु रहेका छन् । ती वाक्यहरुका बीचमा प्रयुक्त सम्बद्धकहरुको पहिचान र विश्लेषण तल प्रस्तुत गरिएको छ :

६६. एक ***साँझ*** लली ***मेरो घरमा*** आई ***त्यही*** कोक्रो बोकेर ; ***जुन*** कोक्रो ***मैले उसको विवाहमा*** उपहार दिएको थिएँ ।

६७. ***र,*** भनी- सर ! ***म यो*** कोक्रो फिर्ता गर्न आएकी ; ***यसको कुनै*** प्रयोजन भएन ।

६८. अप्रयोजनीय ***र*** अनुत्पादक वस्तुहरुलाई ***घरमा*** राखिराख्नुको ***कुनै*** अर्थ पनि हुँदैन ।

## तालिका सं. ११

## निर्धारित कथाको एघारौँ अनुच्छेदमा प्रयुक्त सम्बद्धकको पहिचान र विश्लेषण

| वा.सं. | सम्बद्धक | प्रयुक्त शब्द | साङ्केतिक अर्थ |
|---|---|---|---|
| ६६ र ६७ | कालिक | साँझ | |
| | सार्वनामिक | मेरो | |
| | स्थानिक | घरमा | |
| | सार्वनामिक | त्यही | |
| | सार्वनामिक | जुन | |
| | सार्वनामिक | मैले | |
| | सार्वनामिक | उसको | |
| | कालिक | विवाहमा | |
| ६७ र ६८ | पश्चसन्दर्भक | र | संयोजक होइन |
| | सार्वनामिक | म | |
| | सार्वनामिक | यो | |
| | सार्वनामिक | यसको | |
| | सार्वनामिक | कुनै | |
| ६८ र ६९ | संयोजक | र | |
| | सार्वनामिक | कुनै | |

माथिको तालिकाअनुसार वा.सं.६६ र ६७ मा पाँचवटा सार्वनामिक, दुई कालिक र एक स्थानिक सम्बद्धकको प्रयोग भएको देखिन्छ । वा.सं. ६७ र ६८ मा चारवटा सार्वनामिक र एउटा पश्चसन्दर्भक, वा.सं. ६८ र ६९ मा एक एक वटा संयोजक र सार्वनामिक सम्बद्धकको प्रयोग गरी पाठलाई अन्वितिपूर्ण बनाइएको छ ।

यस वाक्य सङ्ख्या श्रेणीमा सार्वनामिक सम्बद्धकको बाहुल्य रहेको छ । यसका साथै पश्चसन्दर्भक र संयोजक सम्बद्धकले पाठलाई सुललित बनाउने काम गरेका छन् ।

### ४.२.१२ निर्धारित कथाको बाह्रौं अनुच्छेदमा प्रयुक्त सम्बद्धकको पहिचान र विश्लेषण

निर्धारित कथाको बाह्रौं अनुच्छेदमा वाक्य सङ्ख्या ६९ र ७० गरी दुई वटा वाक्यहरु रहेका छन् । ती वाक्यहरुका बीचमा प्रयुक्त सम्बद्धकहरुको पहिचान र विश्लेषण तल प्रस्तुत गरिएको छ :

६९. **मैले** भनें -लली ! ***यो मैले तिम्रो विवाहमा*** उपहारमा दिएको वस्तु हो, फिर्ता लिनु उचित छैन ।

७०. ***तिमी त्यसो*** नगर, लैजाऊ ***यसलाई*** ।

**तालिका सं. १२**

**निर्धारित कथाको बाह्रौं अनुच्छेदमा प्रयुक्त सम्बद्धकको पहिचान र विश्लेषण**

| वा.सं. | सम्बद्धक | प्रयुक्त शब्द | साङ्केतिक अर्थ |
|---|---|---|---|
| ६९ र ७० | सार्वनामिक | यो | कोक्रो |
| | सार्वनामिक | तिम्रो | |
| | सार्वनामिक/पुनरावृत्ति | मैले | |
| | कालिक | विवाहमा | |
| ७० र ७१ | सार्वनामिक | तिमी | लली |
| | सार्वनामिक | त्यसो | |
| | सार्वनामिक | यसलाई | कोक्रोलाई |

माथि उल्लिखित तालिकाअनुसार वा.सं. ६९ र ७० मा एक यो सार्वनामिक पश्चसन्दर्भक, एक तिम्रो सार्वनामिक, मैले सार्वनामिक सम्बद्धकको पुनरावृत्ति भएको छ र एक कालिक सम्बद्धकको प्रयोग भएको देखिन्छ । त्यस्तै ७० र ७१ मा तिमी, त्यसो र यसलाई सार्वनामिक सम्बद्धकको प्रयोग भएर पाठलाई कसिलो बनाएको छ ।

यसरी प्रस्तुत अनुच्छेदमा सार्वनामिक सम्बद्धकको बहुलता देखिएको छ भने कालिक सम्बद्धकको प्रयोगले भाषिक जोर्नीको भूमिका निर्वाह गरी पाठलाई अन्वितिपूर्ण बनाउन सहयोगीको काम गरेको छ ।

### ४.२.१३ निर्धारित कथाको तेह्रौँ अनुच्छेदमा प्रयुक्त सम्बद्धकको पहिचान र विश्लेषण

निर्धारित कथाको तेह्रौँ अनुच्छेदमा वाक्य सङ्ख्या ७१ देखि ७३ सम्म जम्मा तीन वटा वाक्यहरु रहेका छन् । ती वाक्यहरुका बीचमा प्रयुक्त सम्बद्धकहरुको पहिचान र विश्लेषण तल प्रस्तुत गरिएको छ :

७१. ***तर*** भावुक हुँदै भनी ललीले -***विवाहमा*** कोक्रो उपहार दिएर गतिलो व्यङ्ग्य गर्नुभयो सर ***तपाईंले मेरो*** मातृत्वप्रति ।

७२. ***अब यस*** कोक्रोमा सुत्ने बालक पनि चाहियो ।

७३. सक्नुहुन्छ दिन ?

**तालिका सं. १३**

**निर्धारित कथाको तेह्रौँ अनुच्छेदमा प्रयुक्त सम्बद्धकको पहिचान र विश्लेषण**

| वा.सं. | सम्बद्धक | प्रयुक्त शब्द | साङ्केतिक अर्थ |
|---|---|---|---|
| ७१ र ७२ | संयोजक | तर | |
| | कालिक | विवाहमा | |
| | सार्वनामिक | तपाईंले | |
| | सार्वनामिक | मेरो | |
| ७२ र ७३ | कालिक | अब | |
| | सार्वनामिक | यस | |
| ७३ र ७४ | लोप | - | सन्तान |

माथि उल्लिखित तालिकाअनुसार वा.सं. ७१ र ७२ मा तर संयोजक, विवाहमा कालिक, तपाईंले द्वितीय पुरूष सार्वनामिक र मेरो आत्मवाचक सार्वनामिक, वा.सं. ७२ र ७३ मा एक एक पटक कालिक र सार्वनामिक सम्बद्धकको प्रयोग भएको छ । वा.सं.७३ र ७४ मा सन्तान शब्द लोप भएको देखिन्छ ।

यस अनुच्छेदमा सार्वनामिक सम्बद्धकको बहुलता रहेको छ भने अन्य विविध सम्बद्धकहरुको प्रयोगले पाठलाई अन्वितिपूर्ण र कसिलो बनाएको छ ।

### ४.२.१४ निर्धारित कथाको चौधौँ अनुच्छेदमा प्रयुक्त सम्बद्धकको पहिचान र विश्लेषण

निर्धारित कथाको चौधौँ अनुच्छेदमा वाक्य सङ्ख्या ७४ देखि ७६ सम्म जम्मा तीन वटा वाक्यहरु रहेका छन् । ती वाक्यहरुका बीचमा प्रयुक्त सम्बद्धकहरुको पहिचान र विश्लेषण तल प्रस्तुत गरिएको छ :

७४. ***मैले*** भनें - हठ नगर लली ; हठ नगर ।

७५. ***यो मैले*** दिने कुरो होइन ।

७६. ***आफ्ना*** गुरूसँग ***यस्ता*** कुरा गर्न मिल्दैन तिमीले ।

**तालिका सं. १४**

**निर्धारित कथाको चौधौँ अनुच्छेदमा प्रयुक्त सम्बद्धकको पहिचान र विश्लेषण**

| **वा.सं.** | **सम्बद्धक** | **प्रयुक्त शब्द** | **साङ्केतिक अर्थ** |
|---|---|---|---|
| ७४ र ७५ | सार्वनामिक | मैले | |
| ७५ र ७६ | सार्वनामिक | यो | |
| | सार्वनामिक | मैले | |
| ७६ र ७७ | सार्वनामिक | आफ्ना | |
| | सार्वनामिक | यस्ता | |
| | सार्वनामिक | तिमीले | |

प्रस्तुत वाक्य सङ्ख्या श्रेणीमा वा.सं. ७४ र ७५ मा मैले सार्वनामिक सम्बद्धक भएर आएको छ भने वा.सं. ७५ र ७६ दुई पटक सार्वनामिक, वा.सं. ७६ र ७७ मा तीनपटक सार्वनामिक सम्बद्धकको प्रयोग भएको छ ।

यस अनुच्छेदमा सार्वनामिक सम्बद्धक मात्र प्रयोग गरी पाठलाई सुगठित पारिएको छ ।

### ४.२.१५ निर्धारित कथाको पन्ध्रौँ अनुच्छेदमा प्रयुक्त सम्बद्धकको पहिचान र विश्लेषण

निर्धारित कथाको पन्ध्रौँ अनुच्छेदमा वाक्य सङ्ख्या ७७ देखि ७९ सम्म जम्मा तीन वटा वाक्यहरु रहेका छन् । ती वाक्यहरुका बीचमा प्रयुक्त सम्बद्धकहरुको पहिचान र विश्लेषण तल प्रस्तुत गरिएको छ :

७७. ***त्यसो*** भए ***यसको*** विकल्प ***के*** छ ?

७८. ***त्यो*** बताउनुहोस् ***र त्यसैको*** प्रयोग गरौँ ।

७९. ललीलाई चिटचिट पसिना आइरहेका थिए ***र ऊ*** भन्दै थिई ।

**तालिका सं. १५**

**निर्धारित कथाको पन्ध्रौँ अनुच्छेदमा प्रयुक्त सम्बद्धकको पहिचान र विश्लेषण**

| वा.सं. | सम्बद्धक | प्रयुक्त शब्द | साङ्केतिक अर्थ |
|---|---|---|---|
| ७७ र ७८ | सार्वनामिक | त्यसो | |
| | सार्वनामिक | यसको | |
| | प्रश्नवाचक | के | |
| ७८ र ७९ | सार्वनामिक | त्यो | |
| | संयोजक | र | |
| | सार्वनामिक | त्यसैको | |
| ७९ र ८० | संयोजक | र | |
| | सार्वनामिक | ऊ | |

माथिको तालिकाअनुसार वा.सं. ७७ र ७८ का बीचमा दुई पटक सार्वनामिक र एकपटक प्रश्नवाचक, वा.सं. ७८ र ७९ मा दुई पटक सार्वनामिक र एक पटक संयोजक, वा.सं. ७९ र ८० मा एक एक पटक संयोजक र सार्वनामिक सम्बद्धकको प्रयोगले पाठलाई अन्वितिपूर्ण र सुगठित बनाएको छ ।

यसरी प्रस्तुत अनुच्छेदमा सार्वनामिक सम्बद्धकका साथै प्रश्नवाचक, संयोजक सम्बद्धकको प्रयोग भएर पाठलाई कसिलो बनाएको छ ।

### ४.२.१६ निर्धारित कथाको सोह्रौँ अनुच्छेदमा प्रयुक्त सम्बद्धकको पहिचान र विश्लेषण

निर्धारित कथाको सोह्रौँ अनुच्छेदमा वाक्य सङ्ख्या ८० देखि ८३ सम्म जम्मा चार वटा वाक्यहरु रहेका छन् । ती वाक्यहरुका बीचमा प्रयुक्त सम्बद्धकहरुको पहिचान र विश्लेषण तल प्रस्तुत गरिएको छ :

८०. विकल्प ***उसको आफ्नै*** खोजीको थियो ।

८१. वैकल्पिक कुरो भन्न समय लागेन ***उसलाई***।

८२. ***उसमा*** भित्रैदेखि मातृत्व उर्लेर आएको थियो ।

८३. ***केही*** जोस्, ***केही*** आवेग ***र केही*** कम्पनका साथ ***उसले*** फेरि भनी - ***यो*** कोक्रो भरिदिनुहोस् ।

**तालिका सं. १६**

**निर्धारित कथाको सोह्रौं अनुच्छेदमा प्रयुक्त सम्बद्धकको पहिचान र विश्लेषण**

| वा.सं. | सम्बद्धक | प्रयुक्त शब्द | साङ्केतिक अर्थ |
|---|---|---|---|
| ८० र ८१ | सार्वनामिक | उसको | |
| | सार्वनामिक | आफ्नै | |
| ८१ र ८२ | सार्वनामिक | उसलाई | |
| ८२ र ८३ | सार्वनामिक | उसमा | |
| ८३ र ८४ | पुनरावृत्ति / सार्वनामिक | केही | |
| | सार्वनामिक | उसले | |
| | सार्वनामिक | यो | |

माथिको तालिकाअनुसार वा.सं.८० र ८१ मा दुई सार्वनामिक, वा.सं. ८१ र ८२ मा एउटा सार्वनामिक, वा.सं. ८२ र ८३ मा एउटा सार्वनामिक, वा.सं. ८३ र ८४ का केही सर्वनामको पुनरावृत्ति र उसले र यो जस्ता सार्वनामिक सम्बद्धकको प्रयोग भएको छ ।

यस वाक्यसङ्ख्या श्रेणीमा सार्वनामिक सम्बद्धकको बहुलता रहेको देखिन्छ ।

### ४.२.१७ निर्धारित कथाको सत्रौं अनुच्छेदमा प्रयुक्त सम्बद्धकको पहिचान र विश्लेषण

निर्धारित कथाको सत्रौं अनुच्छेदमा वाक्य सङ्ख्या ८४ देखि १०१ सम्म जम्मा अठार वटा वाक्यहरु रहेका छन् । ती वाक्यहरुका बीचमा प्रयुक्त सम्बद्धकहरुको पहिचान र विश्लेषण तल प्रस्तुत गरिएको छ :

८४. ***त्यसबखत मैले विद्यार्थी कालमा*** सुम्निमाको, शिरीषको फूलको, फ्रायडको लिविडो ***र अन्य*** विभिन्न कम्प्लेक्सको कुरा गर्ने ललीलाई सम्झेँ ।

८५. ***आफूलाई मनुवा दहसँग*** दाँजेर ***मलाई*** सोमदत्तसँग सम्झने ललीलाई सम्झेँ ।

८६. ***मेरो सामु*** लली आलम्बन विभाव थिई ***र उसका*** वाणीहरुले उद्दीपनका काम गरिरहेका थिए ।

८७. ***साँझ*** बित्दै गयो ।

८८. ***आषाढको महिना*** थियो ।

८९. ***बाहिर*** झमझम पानी परिरहेको थियो ।

९०. ***मेरा*** परिवारजन ***सबै*** मनकामना गएका थिए ।

९१. लली बारबार ***मसँग*** भिक्षा मागिरहेकी थिई ।

९२. ***उसको*** प्रस्तावका विरूद्धमा ***मैले आफ्ना*** तर्क राख्दा ***ऊ*** प्रश्न गर्थी - ***यो*** कोक्रो नै उपहारमा ***किन*** दिइयो ?

९३. अनि ***ऊ*** जैविक विविधताबारे, उत्पत्तिबारे, विनाशबारे, प्रकृति ***र*** पुरूषबारे नेगेटिब ***र*** पोजेटिभबारे, नर ***र*** नारीबारे, देह ***र*** भोगबारे विविध व्याख्यान गर्दै थिई ।

९४. ***उसले मलाई*** पूरै महाभारत पढाई ।

९५. व्यास चिनाई ।

९६. कर्णको जन्मबारे, धृतराष्ट्र, पाण्डु ***र*** विदुरको जन्मबारेका विविध प्रसङ्गहरु सुनाई ।

९७. अन्त्यमा भनी - सर, निश्चय नै ***मेरो*** जैविक आवश्यकता पूरा भएको छ, ***तर मलाई*** आत्मिक शान्ति छैन ।

९८. प्रथम पटक रजोवती हुँदाका दिनदेखि ***मेरो*** ह्दयमा उत्पन्न भएको मातृत्वको आशा टुटेको छ, निराशा बढेको छ ***र मेरो*** परिकल्पना यथार्थमा परिणत भएको छैन ।

९९. ***र, आज म तपाईंसँग यही*** नै माग राख्न आएकी हुँ - ***यो*** कोक्रो फिर्ता लिनुहोस् ***वा यसलाई*** भरिदिनुहोस् ।

१००. ***ऊ*** भन्दै थिई- सर, काँधमा बन्दुक भिरेर शिकारमा निस्किएको शिकारीले मृग, हरिण ***वा केही*** भेट्यो ***भने*** प्रहार गर्छ ***कि*** गर्दैन ?

१०१. ***आफ्ना*** सामु जल भेट्ता प्यासीले ***के*** गर्छ ?

**तालिका सं. १७**

**निर्धारित कथाको सत्रौँ अनुच्छेदमा प्रयुक्त सम्बद्धकको पहिचान र विश्लेषण**

| वा.सं. | सम्बद्धक | प्रयुक्त शब्द | साङ्केतिक अर्थ |
|---|---|---|---|
| ८४ र ८५ | कालिक | त्यसबखत | |
| | सार्वनामिक | मैले | |
| | कालिक | विद्यार्थी कालमा | |
| | संयोजक | र | |
| | सार्वनामिक | अन्य | |
| ८५ र ८६ | सार्वनामिक | आफूलाई | |
| | स्थानिक | मनुवा दहसँग | |
| | सार्वनामिक | मलाई | |
| ८६ र ८७ | सार्वनामिक /स्थानिक | मेरा सामु | |
| | संयोजक | र | |
| | सार्वनामिक | उसका | |
| ८७ र ८८ | कालिक | साँझ | |
| ८८ र ८९ | कालिक | आषाढको महिना | |
| ८९ र ९० | स्थानिक | बाहिर | |
| ९० र ९१ | सार्वनामिक | मेरा | |
| | सार्वनामिक | सबै | |
| ९१ र ९२ | सार्वनामिक | मसँग | |
| ९२ र ९३ | सार्वनामिक | उसको | |
| | सार्वनामिक | मैले | |
| | सार्वनामिक | आफ्ना | |
| | सार्वनामिक | ऊ | |

| | | | |
|---|---|---|---|
| | सार्वनामिक | यो | |
| | प्रश्नवाचक | किन | |
| ९३ र ९४ | संयोजक | अनि | |
| | सार्वनामिक | ऊ | |
| | संयोजक/पुनरावृत्ति | र | |
| ९४ र ९५ | सार्वनामिक | उसले | |
| | सार्वनामिक | मलाई | |
| ९५ र ९६ | लोप | - | लली |
| ९६ र ९७ | संयोजक | र | |
| ९७ र ९८ | सार्वनामिक | मेरो | |
| | संयोजक | तर | |
| | सार्वनामिक | मलाई | |
| ९८ र ९९ | कालिक | दिनदेखि | |
| | सार्वनामिक /पुनरावृत्ति | मेरो | |
| | संयोजक | र | |
| ९९ र १०० | संयोजक | र | |
| | कालिक | आज | |
| | सार्वनामिक | म | |
| | सार्वनामिक | तपाईं | |
| | सार्वनामिक | यही | |
| | सार्वनामिक/अग्रसन्दर्भक | यो | |
| | संयोजक | वा | |
| | सार्वनामिक | यसलाई | कोक्रोलाई |
| १०० र १०१ | सार्वनामिक | ऊ | |
| | संयोजक | वा | |
| | सार्वनामिक | केही | |
| | संयोजक | भने | |

| | | | |
|---|---|---|---|
| | संयोजक | कि | |
| १०१ र १०२ | सार्वनामिक | आफ्ना | |
| | प्रश्नवाचक | के | |

माथि उल्लिखित तालिकाअनुसार वा.सं. ८४ र ८५ मा दुई-दुई कालिक र सार्वनामिक र एक संयोजक, वा.सं. ८५ र ८६ मा, स्थानिक एक र सार्वनामिक दुई, वा.सं. ८६ र ८७ मा मेरा सामु शब्दको प्रयोगले सार्वनामिक र स्थानिक दुवै सम्बद्धकलाई जनाएको छ । यसैमा एक संयोजक र एक सार्वनामिकको पनि प्रयोग छ । वा.सं. ८७ र ८८ मा एक कालिक, वा.सं. ८८ र ८९ मा एक कालिक, वा.सं. ८९ र ९० मा एक स्थानिक, वा.सं. ९० र ९१ मा दुई सार्वनामिक, वा.सं. ९१ र ९२ मा एक सार्वनामिक, वा.सं. ९२ र ९३ मा पाँच सार्वनामिक र एक प्रश्नवाचक, वा.सं. ९३ र ९४ मा दुई संयोजकको प्रयोग गरिएको र एकको पुनरावृत्ति तथा एक तृतीय पुरूष सार्वनामिक, वा.सं. ९४ र ९५ मा दुई सार्वनामिक, वा.सं. ९५ र ९६ मा तृतीय पुरूषको ललीको लोप, वा.सं. ९६ र ९७ मा एक संयोजक, वा.सं.९७ र ९८ मा एक संयोजक र दुई सार्वनामिक, वा.सं. ९८ र ९९ मा एक कालिक एक संयोजक र एक सार्वनामिक, वा.सं. ९९ र १०० मा चार सार्वनामिक, दुई संयोजक र कालिक, अग्रसन्दर्भक एक एक पटक, वा.सं.१०० र १०१ मा तीन संयोजक तथा सार्वनामिक सम्बद्धकको दुई पटक प्रयोग भएको छ । वा.सं. १०१ र १०२ मा सार्वनामिक र प्रश्नवाचक सम्बद्धकको प्रयोग भएको छ ।

यस वाक्य सङ्ख्या श्रेणीमा सार्वनामिक सम्बद्धकको बाहुल्य रहेको छ । यहाँ कालिक, स्थानिक, संयोजक आदि विविध सम्बद्धकको प्रयोगका साथै एक वाक्यमा सम्बद्धकको लोप पनि भएको देखिन्छ ।

### ४.२.१८ निर्धारित कथाको अठारौं अनुच्छेदमा प्रयुक्त सम्बद्धकको पहिचान र विश्लेषण

निर्धारित कथाको अठारौं अनुच्छेदमा वाक्य सङ्ख्या १०२ देखि १०८ सम्म जम्मा सात वटा वाक्यहरु रहेका छन् । ती वाक्यहरुका बीचमा प्रयुक्त सम्बद्धकहरुको पहिचान र विश्लेषण तल प्रस्तुत गरिएको छ :

१०२. ***बाहिर*** झमझम पानी परेको थियो, ***भित्र*** दनदन आगो दन्किरहेको थियो ।

१०३. चेतनाशून्य ***र*** जडवत् थिएँ ***म***।

१०४. अचानक लली ***ममाथि*** खन्निई, अँगालो मारी, खप्टिई ***र*** जथाभावी गर्न थाली ।

१०५. ***मेरो केहीबेरको*** प्रतिरोध नकाम भयो ।

१०६. निर्वस्त्र भइसकेकी थिई ***ऊ र मलाई*** पनि ***उस्तै*** पारी ।

१०७. जिती ललीले ।

१०८. थकित ***म कतिबेला*** निदाएँछु थाहै भएन ।

**तालिका सं. १८**

**निर्धारित कथाको अठारौँ अनुच्छेदमा प्रयुक्त सम्बद्धकको पहिचान र विश्लेषण**

| वा.सं. | सम्बद्धक | प्रयुक्त शब्द | साङ्केतिक अर्थ |
|---|---|---|---|
| १०२ र १०३ | स्थानिक | बाहिर | |
| | स्थानिक | भित्र | |
| १०३ र १०४ | संयोजक | र | |
| | सार्वनामिक | म | |
| १०४ र १०५ | सार्वनामिक | ममाथि | |
| | संयोजक | र | |
| १०५ र १०६ | सार्वनामिक | मेरो | |
| | कालिक | केहीबेरको | |
| १०६ र १०७ | सार्वनामिक | ऊ | |
| | संयोजक | र | |
| | सार्वनामिक | मलाई | |
| | सार्वनामिक | उस्तै | |
| १०७ र १०८ | - | - | |
| १०८ र १०९ | सार्वनामिक | म | |
| | कालिक | कतिबेला | |

माथिको तालिकाअनुसार वा.सं. १०२ र १०३ मा दुई स्थानिक, वा.सं.१०३ र १०४ मा सार्वनामिक र संयोजकको एक-एक पटक, वा.सं. १०४ र १०५ मा एक सार्वनामिक र एक संयोजक, वा.सं. १०५ र १०६ मा एक-एक कालिक र सार्वनामिक, वा.सं. १०६ र १०७

मा तीन सार्वनामिक र एक संयोजक सम्बद्धकको प्रयोग गरिएको छ । वा.सं. १०७ र १०८ मा कुनै पनि सम्बद्धकको प्रयोग भएको छैन । वा.सं. १०८ र १०९ मा सार्वनामिक र कालिक सम्बद्धकको एक-एक पटक प्रयोग भएको छ ।

यस वाक्यसङ्ख्या श्रेणीमा सार्वनामिक सम्बद्धकको बाहुल्य रहेको छ । त्यस्तै स्थानिक, संयोजक, कालिक आदि सम्बद्धकको प्रयोग देखिन्छ भने एउटा वाक्यमा कुनै पनि सम्बद्धकको प्रयोग देखिँदैन ।

### ४.२.१९ निर्धारित कथाको उन्नाईसौँ अनुच्छेदमा प्रयुक्त सम्बद्धकको पहिचान र विश्लेषण

निर्धारित कथाको उन्नाइसौँ अनुच्छेदमा वाक्य सङ्ख्या १०९ देखि १११ सम्म जम्मा तीन वटा वाक्यहरु रहेका छन् । ती वाक्यहरुका बीचमा प्रयुक्त सम्बद्धकहरुको पहिचान र विश्लेषण तल प्रस्तुत गरिएको छ :

१०९. ***बिहान सबेरै मलाई त्यसै*** असरिल्लै छाडेर बिदा भई लली ।

११०. हिँड्दा फूर्तिली देखिन्थी ***ऊ***।

१११. ***मैले*** सोचेँ - ***उसको मप्रतिको*** आक्रोस होइन, आकांक्षा रहेछ, ***जुन*** पूरा गर्न सफल भई ***ऊ***।

**तालिका सं. १९**

**निर्धारित कथाको उन्नाईसौँ अनुच्छेदमा प्रयुक्त सम्बद्धकको पहिचान र विश्लेषण**

| वा.सं. | सम्बद्धक | प्रयुक्त शब्द | साङ्केतिक अर्थ |
|---|---|---|---|
| १०९ र ११० | कालिक | सबेरै | |
| | कालिक | बिहान | |
| | सार्वनामिक | मलाई | |
| | सार्वनामिक | त्यसै | |
| ११० र १११ | सार्वनामिक | ऊ | |
| १११ र ११२ | सार्वनामिक | मैले | |
| | सार्वनामिक | उसको | |
| | सार्वनामिक | मप्रतिको | |
| | सार्वनामिक | जुन | |

| | | | |
|---|---|---|---|
| | सार्वनामिक | ऊ | |

माथिको तालिकामा उल्लेख भएअनुसार वा.सं. १०९ र ११० मा दुई दुई सार्वनामिक र कालिक, वा.सं. ११० र १११ मा एक सार्वनामिक, वा.सं.१११ र ११२ मा पाँच पटक सार्वनामिक सम्बद्धकको प्रयोग गरिएको छ ।

यस वाक्यसङ्ख्या श्रेणीमा सार्वनामिक सम्बद्धकको बाहुल्य रहेको छ । यहाँ कालिक सम्बद्धकको पनि उपस्थिति छ ।

### ४.२.२० निर्धारित कथाको बीसौँ अनुच्छेदमा प्रयुक्त सम्बद्धकको पहिचान र विश्लेषण

निर्धारित कथाको बीसौँ अनुच्छेदमा वाक्य सङ्ख्या ११२ र ११३ गरी दुई वटा वाक्यहरु रहेका छन् । ती वाक्यहरुका बीचमा प्रयुक्त सम्बद्धकहरुको पहिचान र विश्लेषण तल प्रस्तुत गरिएको छ :

११२. ***त्यसको महिना दिन जति पछि एकदिन*** ललीले फोनमा भनी- धन्यवाद छ सर, परिवारमा ***सबैलाई*** विश्वास भएको छ- रुपेशलाई औषधिको प्रभाव परेछ ।

११३. ***अब*** कोक्रो खाली रहने भएन ।

**तालिका सं.२०**

**निर्धारित कथाको बीसौँ अनुच्छेदमा प्रयुक्त सम्बद्धकको पहिचान र विश्लेषण**

| वा.सं. | सम्बद्धक | प्रयुक्त शब्द | साङ्केतिक अर्थ |
|---|---|---|---|
| ११२ र ११३ | सार्वनामिक | त्यसको | |
| | कालिक | महिनादिन | |
| | सार्वनामिक | जति | |
| | कालिक | एकदिन | |
| | कालिक | पछि | |
| | सार्वनामिक | सबैलाई | |
| ११३ र ११४ | कालिक | अब | |

माथिको तालिकाअनुसार वा.सं. ११२ र ११३ मा तीन-तीन सार्वनामिक र कालिक, वा.सं. ११३ र ११४ मा एक कालिक सम्बद्धकको प्रयोग गरिएको छ ।

यस वाक्यसङ्ख्या श्रेणीमा कालिक सम्बद्धकको बहुलताका साथै सार्वनामिक सम्बद्धकको प्रयोग गरी कथालाई अन्वितिपूर्ण र सुगठित बनाइएको छ ।

### ४.२.२१ निर्धारित कथाको एक्काईसौँ अनुच्छेदमा प्रयुक्त सम्बद्धकको पहिचान र विश्लेषण

निर्धारित कथाको एक्काईसौँ अनुच्छेदमा वाक्य सङ्ख्या ११५ अर्थात् एउटामात्र वाक्य रहेको हुनाले त्यसमा अन्तर्निहित उपवाक्यका सापेक्षतामा वाक्यका बीचमा प्रयुक्त सम्बद्धकहरुको पहिचान र विश्लेषण तल प्रस्तुत गरिएको छ :

११४. ***तर, मलाई*** एउटा समस्या ***अझै*** थियो - ललीले कोक्रो ***मेरै*** घरमा छाडेर गएकी थिई ।

**तालिका सं. २१**

**निर्धारित कथाको एक्काईसौँ अनुच्छेदमा प्रयुक्त सम्बद्धकको पहिचान र विश्लेषण**

| वा.सं. | सम्बद्धक | प्रयुक्त शब्द | साङ्केतिक अर्थ |
|---|---|---|---|
| ११४ | संयोजक | तर | |
| | सार्वनामिक | मलाई | |
| | कालिक | अझै | |
| | सार्वनामिक | मेरै | |

माथिको तालिकाअनुसार वा.सं. ११४ मा दुई सार्वनामिक र एक-एक संयोजक र कालिक सम्बद्धकको प्रयोग भएको छ ।

### ४.३ निष्कर्ष

प्रस्तुत कथामा जम्मा ११४ वटा वाक्यहरु रहेका छन् । ती वाक्यलाई जम्मा एक्काईस वटा अनुच्छेदमा अनुबन्धित गरिएको छ । प्रस्तुत पाठलाई अनुच्छेदगत रुपमा वर्गीकरण गरी त्यहाँ रहेका सम्बद्धकहरुको पहिचान र विश्लेषण गरिएको छ । उल्लिखित

पाठभित्र भाषिक जोर्नी वा सम्बद्धकका रुपमा स्थानिक, कालिक, सार्वनामिक, अग्रसन्दर्भक, पश्चसन्दर्भक, संयोजक आदि सम्बद्धकहरुले अभिव्यक्तिलाई सिलसिलाबद्ध रुपमा जोड्ने काम गरेका छन् । जसमा सार्वनामिक सम्बद्धकको सबैभन्दा धेरै प्रयोग गरिएको देखिन्छ ।

यसरी प्रस्तुत कथामा आवश्यक मात्रामा उपयुक्त ढङ्गले नै सम्बद्धकहरुको प्रयोग गरी पाठलाई पठनयोग्य पारिएको छ । समग्रमा प्रस्तुत कथा भाषिक जोर्नी वा सम्बद्धकको प्रयोगका दृष्टिले अन्वितिपूर्ण सुगठित एवम् उपयुक्त रहेको देखिन्छ ।

## ४.४ कोक्रो कथामा प्रयुक्त सम्बद्धनको पहिचान र विश्लेषण

सम्बद्धकको विश्लेषण जस्तै सम्बद्धनको विश्लेषणमा पनि यस सिङ्गो पाठलाई एक्काईस अनुच्छेदमा विभाजन गरिएको छ । प्रत्येक अनुच्छेदमा रहेका वाक्यलाई अलग-अलग रुपमा छुट्याएर संख्मात्मक रुपमा व्यक्त गरिएको छ । ती वाक्यहरूका बीच के कस्ता सम्बद्धनहरुप्रयोग भएका छन् पहिचान गरी विश्लेषण गरिएको छ ।

### ४.४.१ निर्धारित कथाको पहिलो अनुच्छेदमा प्रयुक्त सम्बद्धनको पहिचान र विश्लेषण

निर्धारित कथाको पहिलो अनुच्छेदमा वाक्य सङ्ख्या १ देखि १२ सम्म जम्मा १२ वटा वाक्यहरु रहेका छन् । ती वाक्यका बीचमा प्रयुक्त सम्बद्धनहरुको पहिचान र विश्लेषण तल प्रस्तुत गरिएको छ :

१. जब ऊ वयको चौध वर्ष टेक्नासाथ पहिलो पल्ट रजस्वला भएकी थिई त्यसै समय देखि नै आमा बन्ने रहर जागेको थियो ललीमा ।

२. हो, ललीमा, लली अर्थात् सुललिता क्षेत्रीमा ।

३. स्नातक तह उत्तीर्ण हुनासाथ बीसै वर्षको उमेरदेखि सरकारी सेवा प्रारम्भ गरेकी हो सुललिताले ।

४. अधिकृत छे अहिले ऊ उद्योग मन्त्रालयमा ।

५. घर-परिवार, साथीभाइ सबैजना स्नेहपूर्वक "लली" भन्ने गर्छन् उसलाई ।

६. बाह्य व्यक्तित्व जति आकर्षक छ ललीको त्यति नै सुन्दर, प्रभावशाली र गम्भीर छ आन्तरिक व्यक्तित्व पनि ।

७. उसलाई देखेर राल नकाढ्ने कोही छैन ।

८. सलक्क परेका लामा औँला, नितम्बसम्म झरेको लामो कपाल, मिलेका दाँत, पातला र राता ओठ अनि लाम्चिलो युनानी चेहरा ।

९. यस्तै छ लली ।

१०. इलामको कन्याममा जन्मिएर हुर्किएकी ललीको शिक्षा-दीक्षा काठमाडौँमा भएको हो ।

११. उसका बाबु मोहन सिंह काठमाडौँमै जागीरे छन् ।

१२. आफ्नी एकमात्र सन्तान ललीको विवाह कुनै सम्भ्रान्त परिवारको कुशल पुरूषसँग गरिदिने इच्छा थियो मोहन सिंहको र ललीबाट जन्मेको सन्तानलाई आफ्नो जायजेथा जिम्मा लगाउने अभीष्ट पालेका थिए उनले ।

**तालिका सं. २२**

**निर्धारित कथाको पहिलो अनुच्छेदमा प्रयुक्त सम्बद्धनको पहिचान र विश्लेषण**

| वा.सं. | सम्बद्धन |
|---|---|
| १ र २ | आर्थी पर्यायको सम्बन्ध |
| २ र ३ | परिचयात्मक सम्बन्ध |
| ३ र ४ | घटना र परिवेशको सम्बन्ध |
| ४ र ५ | अप्रत्यक्ष सम्बन्ध |
| ५ र ६ | स्पष्टोक्ति सम्बन्ध |
| ६ र ७ | कारणकार्य सम्बन्ध |
| ७ र ८ | प्रयोजनको सम्बन्ध |
| ८ र ९ | परिचयात्मक सम्बन्ध |
| ९ र १० | अप्रत्यक्ष सम्बन्ध |
| १० र ११ | घटना र परिवेशको सम्बन्ध |
| ११ र १२ | अप्रत्यक्ष सम्बन्ध |
| १२ र १३ | शीघ्रताबोधक सम्बन्ध |

माथिको तालिका अनुसार वा. सं. १ र २ मा संचनात्मक समानता नदेखिए पनि अर्थगत एकता देखिएकाले यहाँ आर्थी पर्यायको सम्बन्ध रहेको छ । वा. सं. २ र ३ मा परिचयात्मक सम्बन्ध कायम भएको छ । वा. सं. ३ र ४ मा पात्रको सरकारी सेवा प्रारम्भ

गर्ने र स्थान देखिएकोले यहाँ घटना र परिवेशको सम्बन्ध स्थापित भएको छ । वा.सं. ४ र ५ बीच कुनै सोझो सम्बनधको स्थापना हुन नसकेका कारण यहाँ अप्रत्यक्ष सम्बन्ध रहेको छ । वा.सं. ५ र ६ का बीच स्पष्टोक्ति सम्बन्ध रहेको छ । वा.सं. ६ र ७ का बीच पात्रको व्यक्तित्वका कारण ईर्श्या गर्ने भएकाले कारणकार्यको सम्बन्ध रहेको छ । वा.सं. ७ र ८ मा प्रयोजनको सम्बन्ध रहेको छ । वा.सं. ८ र ९ मा परिचयात्मक सम्बन्ध रहेको छ । वा.सं. ९ र १० मा सोझो सम्बन्ध नरहेकाले अप्रत्यक्ष सम्बन्ध रहेको छ । वा.सं. १० र ११ मा पात्रको बाबुको जागिर नै उसको शिक्षाको सिलसिला रहेकाले यहाँ घटना परिवेश सम्बन्ध ररहेको छ । वा.सं. ११ र १२ मा अप्रत्यक्ष सम्बन्ध रहेको छ । वा.सं. १२ र १३ मा सोचेजस्तै भएकाले शीघ्रताबोधक सम्बन्ध रहेको छ ।

यसरी पहिलो वा.सं. श्रेणीमा आर्थी पर्याय, परिचयात्मक, घटना परिवेश, अप्रत्यक्ष, स्पष्टोक्ति, कार्यकारण, प्रयोजन, जस्ता सम्बन्धहरु प्रयोग भएका छन् ।

### ४.४.२ निर्धारित कथाको दोस्रो अनुच्छेदमा प्रयुक्त सम्बद्धनको पहिचान र विश्लेषण

निर्धारित कथाको दोस्रो अनुच्छेदमा वाक्य सङ्ख्या १३ देखि २१ सम्म नौ वटा वाक्यहरु रहेका छन् । ती वाक्यहरुका बीचमा प्रयुक्त सम्बद्धनहरुको पहिचान र विश्लेषण तल प्रस्तुत गरिएको छ :

१३. हो, सोचेजस्तै, भनेजस्तै र खोजेजस्तै भयो ।

१४. ललीको विवाह भयो- वि.एम.सी.कलेजका रसायनशास्त्रका लेक्चरर रुपेश रायमाझीसँग ।

१५. रुपेश साँच्चै रुपका धनी थिए, आकर्षक व्यक्तित्व थियो उनको ।

१६. विवाहका दिनमा यस जोडीको तारिफ नगर्ने कोही नै थिएनन् ।

१७. निम्तालुहरु रुप र भाग्यको बराबर चर्चा गरिरहन्थे ।

१८. विवाहको भीड, गोडधुवा र उपहारको ओइरो ।

१९. चाँदीका वर्तन र अन्य कुराको सेट ।

२०. चारैतिर उत्साह, उमंग र उल्लास ।

२१. रउसेहरुको नाचगान र नौमतीबाजाको üयाइँüयाइँले त्यसै मोहक भएको थियो वातावरण ।

## तालिका सं. २३

## निर्धारित कथाको दोस्रो अनुच्छेदमा प्रयुक्त सम्बद्धनको पहिचान र विश्लेषण

| वा.सं | सम्बद्धन |
|---|---|
| १३ र १४ | परिचयात्मक सम्बन्ध |
| १४ र १५ | परिचयात्मक सम्बन्ध |
| १५ र १६ | स्पष्टोक्ति सम्बन्ध |
| १६ र १७ | आर्थी पर्यायको सम्बन्ध |
| १७ र १८ | अनुक्रमबोधक सम्बन्ध |
| १८ र १९ | अनुक्रमबोधक सम्बन्ध |
| १९ र २० | अनुक्रमबोधक सम्बन्ध |
| २० र २१ | अनुक्रमबोधक सम्बन्ध |
| २१ र २२ | सामान्य विशिष्ट सम्बन्ध |

माथिको तालिकाअनुसार वा.सं. १३ र १४ मा स्पष्टोक्ति सम्बन्ध स्थापित भएको देखिन्छ । वा.सं. १३ मा ललीका बाबुले सोचेको, खोजेको जस्तै वा.सं. १४ मा ललीको विवाह भएको देखाएकाले स्पष्टोक्ति सम्बन्ध स्थापित भएको देखिन्छ । वा.सं. १४, १५ र १६ मा परिचयात्मक सम्बन्ध स्थापित भएको देखिन्छ । यहाँ रुपेशको परिचय र व्यक्तित्वको वर्णन गरिएकाले परिचयात्मक सम्बन्ध स्थापित भएको देखिन्छ । वा.सं. १६ र १७ मा दुई वाक्यहरु बीचको अर्थ एउटै देखिएकाले आर्थी पर्यायको सम्बन्ध स्थापित भएको देखिन्छ । वा.सं. १७, १८, १९, २० र २१ मा वाक्यहरु बीच तार्किक अनुक्रम देखिएकाले अनुक्रमबोधक सम्बन्ध स्थापित भएको छ । यहाँ विवाहको परिवेश र घटनाहरुलाई क्रमबद्ध रुपमा देखाइएकाले अनुक्रमबोधक सम्बन्ध स्थापित भएको छ । वा.सं. २१ र २२ मा सामान्य विशिष्ट सम्बन्ध स्थापित भएको छ । यहाँ विवाहमा भएको रौनक वा.सं. २१ मा र

पछिको जीवन सुखमय रहेको वा.सं. २२ मा देखाइएकाले यहाँ सामान्य विशिष्ट सम्बन्ध स्थापित भएको छ ।

यसरी निर्धारित कथाको दोस्रो अनुच्छेदमा स्पष्टोक्ति, अनुक्रमबोधक, परिचयात्मक, आर्थी पर्याय र सामान्य विशिष्ट सम्बन्धहरु स्थापित भएका छन् । यहाँ अनुक्रमबोधक सम्बन्धको बाहुल्य रहेको छ ।

### ४.४.३ निर्धारित कथाको तेस्रो अनुच्छेदमा प्रयुक्त सम्बद्धनको पहिचान र विश्लेषण

निर्धारित कथाको तेस्रो अनुच्छेदमा वाक्य सङ्ख्या २२ देखि २४ सम्म तीन वटा वाक्यहरु रहेका छन् । ती वाक्यहरुका बीचमा प्रयुक्त सम्बद्धनहरुको पहिचान र विश्लेषण तल प्रस्तुत गरिएको छ :

२२. दीपलेश रायमाझीका एकमात्र सन्तान रुपेश र ललिताको दाम्पत्य जीवन सुखद नै रहेको हो ।

२३. तर, विवाह भएको पाँचौं वर्ष बितिसक्दा पनि कुनै सन्तान नहुँदा भने त्यो सहज रहेन ।

२४. घर माइती दुवै पक्षको मन अमिलो भइरहन्थ्यो ।

**तालिका सं. २४**

**निर्धारित कथाको तेस्रो अनुच्छेदमा प्रयुक्त सम्बद्धनको पहिचान र विश्लेषण**

| वा.सं. | सम्बद्धन |
|---|---|
| २२ र २३ | आर्थी विपर्यायको सम्बन्ध |
| २३ र २४ | आर्थी पर्यायको सम्बन्ध |
| २४ र २५ | अप्रत्यक्ष सम्बन्ध |

माथिको तालिकाअनुसार वा.सं २२ र २३ आर्थी विपर्यायको सम्बन्ध स्थापित भएको छ । वा.सं. २२ मा रुपेश र ललीको दाम्पत्य जीवन सुखद् देखाइएको छ तर वा.सं. २३ मा सन्तान नभएकाले असहज परिस्थिति देखाइएकाले यहाँ अर्थगत रुपमा विपरीत अर्थ रहेकाले आर्थी विपर्यायको सम्बन्ध स्थापित भएको छ । वा.सं. २३ र २४ मा आर्थी पर्यायको सम्बन्ध स्थापित भएको छ । वा.सं. २३ मा विवाह भएको पाँचौं वर्षसम्म सन्तान नभएको र वा.सं.

२४ मा सबैलाई नरमाइलो भएको देखाइएकाले यहाँ अर्थगत रुपमा समानता रहेकाले आर्थी पर्यायको सम्बन्ध स्थापित भएको देखिन्छ । वा.सं. २४ र २५ मा अप्रत्यक्ष सम्बन्ध स्थापित भएको छ ।

यसरी प्रस्तुत कथाको तेस्रो अनुच्छेदमा आर्थी विपर्याय, आर्थी पर्याय र अप्रत्यक्ष सम्बन्धहरु स्थापित भएका छन् ।

### ४.४.४ निर्धारित कथाको चौथो अनुच्छेदमा प्रयुक्त सम्बद्धनको पहिचान र विश्लेषण

निर्धारित कथाको चौथो अनुच्छेदमा वाक्य सङ्ख्या २५ देखि ३५ सम्म एघार वटा वाक्यहरु रहेका छन् । ती वाक्यहरुका बीचमा प्रयुक्त सम्बद्धनहरुको पहिचान र विश्लेषण तल प्रस्तुत गरिएको छ :

२५. म सम्झन्छु - मेरै विद्यार्थी हो लली ।

२६. कति मिजासिली, फरासिली र जिज्ञासु थिई ऊ ।

२७. लली मुखर पनि थिई - बोलक्कड र तार्किक ।

२८. नेपाली साहित्यप्रति तीव्र चाख थियो ललीमा ।

२९. महिनौँसम्म नेपाली साहित्यका विशिष्ट कृतिहरु पढेकी थिई उसले मसँग ।

३०. ‘सुम्निमा’ भित्रको ‘मनुवा दह’ का बारे गहिरो चिन्तन गरेकी थिई उसले ।

३१. बारम्बार प्रश्न गर्थी ऊ - “सर, वास्तबमा यो ‘मनुवा दह’ भनेको के हो ?

३२. के स्वयम् ‘सुम्निमा’ मनुवा दह होइन र ?

३३. हामीजस्ता नारीहरु ‘मनुवा दह’ बन्न सक्तैनौँ र ?

३४. तपाईं आफूलाई सोमदत्त भएर मनुवा दहमा डुबुल्की मारेको कहिल्यै परिकल्पना गर्नुहुन्न ?

३५. ‘मोदिआइन स्वयम् हडाहा पोखरी होइन र ?”

**तालिका सं. २५**

**निर्धारित कथाको चौथो अनुच्छेदमा प्रयुक्त सम्बद्धनको पहिचान र विश्लेषण**

| वा.सं. | सम्बद्धन |
|---|---|
| २५ र २६ | स्मरणको सम्बन्ध |
| २६ र २७ | परिचयात्मक सम्बन्ध |
| २७ र २८ | परिचयात्मक सम्बन्ध |
| २८ र २९ | अनुक्रमबोधक सम्बन्ध |
| २९ र ३० | अनुक्रमबोधक सम्बन्ध |
| ३० र ३१ | अनुक्रमबोधक सम्बन्ध |
| ३१ र ३२ | प्रश्नार्थक सम्बन्ध |
| ३२ र ३३ | प्रश्नार्थक सम्बन्ध |
| ३३ र ३४ | प्रश्नार्थक सम्बन्ध |
| ३४ र ३५ | प्रश्नार्थक सम्बन्ध |
| ३५ र ३६ | प्रश्नार्थक सम्बन्ध |

माथिको तालिकाअनुसार वा.सं. २५ र २६ मा स्मरणको सम्बन्ध रहेको देखिन्छ । आफ्नो विद्यार्थीको रुपमा ललीलाई स्मरण गरेकाले स्मरणको सम्बन्ध स्थापित भएको छ । वा.सं. २६, २७ र २८ मा ललीको व्यक्तित्वको परिचय दिइएकाले परिचयात्मक सम्बन्ध रहेको छ । वा.सं. २८, २९, ३० र ३१ मा क्रमिक रुपमा घटनाक्रम अगाडि बढेकाले अनुक्रमबोधक, वा.सं. ३१, ३२, ३३, ३४, ३५ र ३६ मा एक पछि अर्को गर्दै प्रश्नहरु रहेकाले प्रश्नार्थक सम्बन्ध रहेको देखिन्छ ।

यसरी प्रस्तुत कथाको चौथो अनुच्छेदमा विभिन्न प्रकारका सम्बन्धहरु स्थापित भएर पाठलाई वैचारिक निरन्तरताको सूत्रमा उन्ने काम गरेको पाइन्छ ।

### ४.४.५ निर्धारित कथाको पाँचौं अनुच्छेदमा प्रयुक्त सम्बद्धनको पहिचान र विश्लेषण

निर्धारित कथाको पाँचौं अनुच्छेदमा वाक्य सङ्ख्या ३६ देखि ४८ सम्म तेह्र वटा वाक्यहरु रहेका छन् । ती वाक्यहरुका बीचमा प्रयुक्त सम्बद्धनहरुको पहिचान र विश्लेषण तल प्रस्तुत गरिएको छ :

३६. त्यस्तै ऊ सोध्ने गर्थी - 'शिरीषको फूल' किन ओइलायो ?

३७. किन झर्‍यो ?

३८. बरी किन मरी ?

३९. शिवराज र बरीका बीचको सम्बन्ध के हो ?

४०. को हो शिवराज ?

४१. के बरीले मर्नुहुन्थ्यो र ?

४२. फूलमा बस्ने सबै किरा भँमरा नै हुन्छन् र ?

४३. "पदं सहेत भ्रमरस्य पेलवम्...।

४४. के तपाईं पनि यसैलाई सार्वभौम सत्य मान्नुहुन्छ ?

४५. के फ्रायड झुटा हुन् ?

४६. लिविडो केही होइन र ?

४७. इलेक्ट्रा कम्प्लेक्स र इडिपस कम्प्लेक्स पनि केही होइनन् भने हटाइदिऊँ यी सबै शब्दहरुलाई शब्दशास्त्रका ठेलीहरुबाट ।"

४८. यस्तै थिए ललीका तर्कहरु ।

**तालिका सं. २६**

**निर्धारित कथाको पाँचौं अनुच्छेदमा प्रयुक्त सम्बद्धनको पहिचान र विश्लेषण**

| वा.सं. | सम्बद्धन |
|---|---|
| ३६ र ३७ | प्रश्नार्थक सम्बन्ध |
| ३७ र ३८ | प्रश्नार्थक सम्बन्ध |
| ३८ र ३९ | प्रश्नार्थक सम्बन्ध |
| ३९ र ४० | प्रश्नार्थक सम्बन्ध |
| ४० र ४१ | प्रश्नार्थक सम्बन्ध |
| ४१ र ४२ | प्रश्नार्थक सम्बन्ध |
| ४२ र ४३ | प्रश्नार्थक सम्बन्ध |
| ४३ र ४४ | रीतिबोधक सम्बन्ध |
| ४४ र ४५ | प्रश्नार्थक सम्बन्ध |
| ४५ र ४६ | प्रश्नार्थक सम्बन्ध |
| ४६ र ४७ | प्रश्नार्थक सम्बन्ध |
| ४७ र ४८ | स्पष्टोक्ति सम्बन्ध |
| ४८ र ४९ | स्पष्टोक्ति सम्बन्ध |

माथिको तालिकाअनुसार वा.सं. ३६, ३७, ३८, ३९, ४०, ४१, ४२ र ४३ मा प्रश्नहरु एकपछि अर्को गर्दै आएकाले यहाँ प्रश्नार्थक सम्बन्ध रहेको पाइन्छ । वा.सं. ४३ र ४४ मा कालिदासको कुमारसम्भव काव्यको पाञ्चाली रीतिसँग सम्बन्धित श्लोकांश उद्धृत गरिएको हुनाले रीतिबोधक सम्बन्ध, वा.सं. ४४, ४५, ४६ र ४७ मा प्रश्नार्थक रुपमा प्रस्तुत भएकाले प्रश्नार्थक सम्बन्ध, वा.सं. ४७, ४८ र ४९ मा पहिलो वाक्यलाई पछिल्लो वाक्यले स्पष्ट पारेकाले स्पष्टोक्ति सम्बन्ध रहेको पाइन्छ ।

यसरी प्रस्तुत कथामा पाँचौ अनुच्छेदमा प्रश्नार्थक सम्बन्धको बढी प्रयोग भएको पाइन्छ । यसका साथै स्पष्टोक्ति सम्बन्ध पनि प्रयोग भएको देखिन्छ ।

### ४.४.६ निर्धारित कथाको छैटौं अनुच्छेदमा प्रयुक्त सम्बद्धनको पहिचान र विश्लेषण

निर्धारित कथाको छैटौं अनुच्छेदमा वाक्य सङ्ख्या ४९ देखि ५० सम्म दुई वटा वटा वाक्यहरु रहेका छन् । ती वाक्यहरुका बीचमा प्रयुक्त सम्बद्धनहरुको पहिचान र विश्लेषण तल प्रस्तुत गरिएको छ :

४९. ललीको तार्किकता, बौद्धिक प्रखरता, वाक्कला र मेधा देखेर मलाई ईर्श्या पनि हुन्थ्यो तर आफ्नी विद्यार्थी भएकाले गर्व गर्थे ।

५०. ललीले कलेज छाडेको यतिका वर्ष भए पनि मेरो मानसपटलमा कहिल्यै हट्न सकिन ऊ ।

**तालिका सं. २७**

**निर्धारित कथाको छैटौं अनुच्छेदमा प्रयुक्त सम्बद्धनको पहिचान र विश्लेषण**

| वा.सं. | सम्बद्धन |
|---|---|
| ४९ र ५० | प्रभाव र प्रतिफलको सम्बन्ध |
| ५० र ५१ | स्मरणको सम्बन्ध |

माथिको तालिकाअनुसार वा.सं. ४९ र ५० मा पहिलो वाक्यमा रहेको ललीको व्यक्तित्वको प्रभाव पछिल्लो वाक्यमा देखिएकाले यहाँ प्रभाव र प्रतिफलको सम्बन्ध, वा.सं. ५० र ५१ मा अतीतको स्मरण वर्तमानमा गरेकाले स्मरणको सम्बन्ध स्थापित भएको छ ।

यसरी प्रस्तुत कथाको छैटौं अनुच्छेदमा प्रभाव र प्रतिफल तथा स्मरणको सम्बन्ध स्थापित भएको छ ।

### ४.४.७ निर्धारित कथाको सातौं अनुच्छेदमा प्रयुक्त सम्बद्धनको पहिचान र विश्लेषण

निर्धारित कथाको सातौं अनुच्छेदमा वाक्य सङ्ख्या ५१ देखि ५८ सम्म आठ वटा वाक्यहरु रहेका छन् । ती वाक्यहरुका बीचमा प्रयुक्त सम्बद्धनहरुको पहिचान र विश्लेषण तल प्रस्तुत गरिएको छ :

५१. पाँचवर्ष अगाडि ललीको विवाह हुदाँ मलाई पनि आमन्त्रण गरिएको थियो ।

५२. निमन्त्रणा पत्रसँगै एउटा अनिवार्य आगमनको अनुरोध पत्र पनि खामेकी थिई ललीले ।

५३. नजाने कुरै भएन, गएँ ।

५४. सुरूमा नै गोडधुवा के दिने भन्ने बारेमा निकै सोचेँ मैले ।

५५. अन्ततः कैशोर्य कालमै उर्लिएको उसको मातृत्वको ज्वारभाटालाई सम्झेर उपहारमा मैले लगेँ -एउटा आकर्षक कोक्रो ।

५६. कोक्रोलाई र्‍यापरले मोरिएको थिएन, खुल्ला नै थियो त्यो ।

५७. आजसम्म कसैले विवाहमा कोक्रो उपहारमा दिएको थाहा पनि छैन तर मैले भने निर्णय नै त्यही गरेँ ।

५८. निम्तालुहरु कोही हाँसे, कोही छक्क परे र कसैले त असजिलो पनि माने किनभने यो नितान्त नौलो प्रयोग थियो ।

**तालिका सं. २८**

**निर्धारित कथाको सातौँ अनुच्छेदमा प्रयुक्त सम्बद्धनको पहिचान र विश्लेषण**

| वा.सं. | सम्बद्धन |
|---|---|
| ५१ र ५२ | स्मरणको सम्बन्ध |
| ५२ र ५३ | सामान्य विशिष्ट सम्बन्ध |
| ५३ र ५४ | कारणकार्य सम्बन्ध |
| ५४ र ५५ | स्मरणको सम्बन्ध |
| ५५ र ५६ | स्मरणको सम्बन्ध |
| ५६ र ५७ | अनुक्रमबोधक सम्बन्ध |
| ५७ र ५८ | प्रभाव र प्रतिफलको सम्बन्ध |
| ५८ र ५९ | अप्रत्यक्ष सम्बन्ध |

माथिको तालिकाअनुसार वा.सं. ५१ र ५२ मा अतीतको स्मरण वर्तमानमा गरिएकाले स्मरणको सम्बन्ध, वा.सं. ५२ र ५३ मा सामान्य विशिष्ट सम्बन्ध, वा.सं. ५३ र ५४ मा पछिल्लो वाक्यमा गरिएको कार्यको कारण अघिल्लो वाक्यमा रहेकाले कारण कार्य सम्बन्ध, वा.सं. ५६ र ५७ मा अनुक्रमबोधक सम्बन्ध, वा.सं. ५७ र ५८ मा अघिल्लो वाक्यको प्रभावले पछिल्लो वाक्य प्रतिफल स्वरुप आएकाले प्रभाव र प्रतिफलको सम्बन्ध, वा.सं. ५८ र ५९ मा दुई वाक्य बीच कुनै प्रत्यक्ष सम्बन्ध नदेखिएका कारणले अप्रत्यक्ष सम्बन्ध स्थापित भएको छ ।

यसरी विभिन्न सम्बद्धनको उपस्थितिले कथालाई अर्थपूर्ण बनाउनका साथै भाषिक अन्विति पनि प्राप्त गरेको देखिन्छ ।

### ४.४.८ निर्धारित कथाको आठौँ अनुच्छेदमा प्रयुक्त सम्बद्धनको पहिचान र विश्लेषण

निर्धारित कथाको सातौं अनुच्छेदमा वाक्य सङ्ख्या ५९ देखि ६२ सम्म चार वटा वाक्यहरु रहेका छन् । ती वाक्यहरुका बीचमा प्रयुक्त सम्बद्धनहरुको पहिचान र विश्लेषण तल प्रस्तुत गरिएको छ :

५९. समयको क्रमसँगै दीपलेश रायमाझी आफ्नो संसार शून्य भएको अनुभव गर्न थाले ।

६०.आँगनमा नाति खेलेको रमाइलो दृश्य हेर्ने इच्छा त्यसै-त्यसै बिलाएर गइरहेको थियो ।

६१. उनले गतिला अस्पताल, राम्रा चिकित्सक, धामी, झाँक्री, वैद्य र जान्नेहरु भिडाइसकेका थिए ।

६२. चिकित्सकहरुबाट जवाफ आएको थियो - ललीमा खोट छैन रुपेशले औषधि प्रयोग गर्नुपर्छ ।

**तालिका सं. २९**

**निर्धारित कथाका आठौँ अनुच्छेदमा प्रयुक्त सम्बद्धनको पहिचान र विश्लेषण**

| वा.सं. | सम्बद्धन |
|---|---|
| ५९ र ६० | कार्यकारण सम्बन्ध |
| ६० र ६१ | अनुक्रमबोधक सम्बन्ध |
| ६१ र ६२ | प्रभाव र प्रतिफलको सम्बन्ध |
| ६२ र ६३ | कारणकार्य सम्बन्ध |

माथिको तालिकाअनुसार वा.सं.५९ र ६० मा कार्यकारण सम्बन्ध स्थापित भएको छ । वा.सं. ६० र ६१ मा तार्किक अनुक्रम देखिएकाले अनुक्रमबोधक, वा.सं. ६१ र ६२ मा प्रभाव र प्रतिफल, वा.सं.६२ र ६३ मा निहितार्थ सम्बन्ध स्थापित भएको देखिन्छ ।

यस वाक्यसङ्ख्या श्रेणीमा विविध सम्बन्धहरु स्थापित भएको देखिन्छ ।

### ४.४.९ निर्धारित कथाको नवौँ अनुच्छेदमा प्रयुक्त सम्बद्धनको पहिचान र विश्लेषण

निर्धारित कथाको नवौं अनुच्छेदमा वाक्य सङ्ख्या ६३ अर्थात् एउटा वाक्य रहेको छ । त्यस वाक्यको बीचमा प्रयुक्त सम्बद्धनको पहिचान र विश्लेषण तल प्रस्तुत गरिएको छ :

६३. उता मोहन सिंहको परिवारले पनि ललीका लागि दान-धर्म, तीर्थ-व्रत, हरिवंश पुराण, जडी-बुटी, धामी-झाँक्री नगराएका होइनन् तर ललीबाटै सुने- डाक्टरको प्रतिक्रिया- ललीमा सन्तानोत्पादक क्षमता छ, रुपेशले भने औषधि प्रयोग गर्नुपर्छ भन्ने ।

**तालिका सं. ३०**

**निर्धारित कथाको नवौं अनुच्छेदमा प्रयुक्त सम्बद्धनको पहिचान र विश्लेषण**

| वा.सं. | सम्बद्धन |
|---|---|
| ६३ र ६४ | समुच्चयबोधक सम्बन्ध |

माथिको तालिकाअनुसार वा.सं. ६३ र ६४ दुवै वाक्यमा समानान्तरभाव प्रकट भएको र दुवै वाक्यले एउटै आशय प्रकट गर्ने भएकाले समुच्चयबोधक सम्बन्ध स्थापित भएको छ ।

यसरी कथाको नवौ अनुच्छेदमा समुच्चयबोधक सम्बन्धले कथालाई जोडेको छ ।

### ४.४.१० निर्धारित कथाको दसौं अनुच्छेदमा प्रयुक्त सम्बद्धनको पहिचान र विश्लेषण

निर्धारित कथाको  दसौं अनुच्छेदमा वाक्य सङ्ख्या ६४ र ६५ गरी दुई वटा वाक्यहरु रहेका छन् । ती वाक्यहरुका बीचमा प्रयुक्त सम्बद्धनहरुको पहिचान र विश्लेषण तल प्रस्तुत गरिएको छ :

६४. एकपटक दीपलेश रायमाझीले सोचेका थिए- यसरी वंशवृक्ष नै नष्ट भयो भने त यो लोक र परलोक दुवै दु:खद हुन्छ ।

६५. त्यसैले रुपेशको अर्की कुनै कन्यासँग विवाह गरिदिनुपर्छ तर फेरि झल्याँस्स हुन्थे - रुपेशले औषधि प्रयोग गर्नुपर्छ भन्ने चिकित्सकको जवाफ सम्झेर ।

**तालिका सं. ३१**

**निर्धारित कथाको  दसौं अनुच्छेदमा प्रयुक्त सम्बद्धनको पहिचान र विश्लेषण**

| वा.सं. | सम्बद्धन |
|---|---|
| ६४ र ६५ | अनुमानको सम्बन्ध |

| | |
|---|---|
| ६५ र ६६ | अप्रत्यक्ष सम्बन्ध |

प्रस्तुत तालिकाअनुसार वा.सं. ६४ र ६५ मा अनुमानको सम्बन्ध स्थापित भएको छ । वा.सं. ६५ र ६६ मा प्रत्यक्ष सम्बन्ध नरहेकाले अप्रत्यक्ष सम्बन्ध रहेको देखिन्छ ।

यस वाक्यसङ्ख्या श्रेणीमा अनुमानको सम्बन्ध र अप्रत्यक्ष सम्बन्ध जस्ता सम्बद्धनहरुले पाठलाई वैचारिक निरन्तरताको सूत्रमा उन्ने काम गरेका छन् ।

### ४.४.११ निर्धारित कथाको एघारौँ अनुच्छेदमा प्रयुक्त सम्बद्धनको पहिचान र विश्लेषण

निर्धारित कथाको एघारौँ अनुच्छेदमा वाक्य सङ्ख्या ६६ देखि ६८ सम्म जम्मा तीन वटा वाक्यहरु रहेका छन् । ती वाक्यहरुका बीचमा प्रयुक्त सम्बद्धनहरुको पहिचान र विश्लेषण तल प्रस्तुत गरिएको छ :

६६. एक साँझ लली मेरो घरमा आई त्यही कोक्रो बोकेर ; जुन कोक्रो मैले उसको विवाहमा उपहार दिएको थिएँ ।

६७. र, भनी- सर ! म यो कोक्रो फिर्ता गर्न आएकी ; यसको कुनै प्रयोजन भएन ।

६८. अप्रयोजनीय र अनुत्पादक वस्तुहरुलाई घरमा राखिराख्नुको कुनै अर्थ पनि हुँदैन ।

**तालिका सं. ३२**

**निर्धारित कथाको  एघारौँ अनुच्छेदमा प्रयुक्त सम्बद्धनको पहिचान र विश्लेषण**

| वा.सं. | सम्बद्धन |
|---|---|
| ६६ र ६७ | स्पष्टोक्ति सम्बन्ध |
| ६७ र ६८ | अनुक्रमबोधक सम्बन्ध |
| ६८ र ६९ | प्रभाव र प्रतिफलको सम्बन्ध |

माथिको तालिकाअनुसार वा.सं. ६६ र ६७ मा अघिल्लो वाक्यमा कोक्रो फिर्ता ल्याएको र पछिल्लो वाक्यमा त्यसको प्रयोजन नभएको स्पष्ट पारिएकाले यहाँ स्पष्टोक्ति सम्बन्ध स्थापित भएको छ । वा.सं. ६७ र ६८ मा अघिल्लो र पछिल्लो वाक्यमा घटनाक्रमको निरन्तरता देखाइएकाले अनुक्रमबोधक र वा.सं. ६८ र ६९ मा अघिल्लो वाक्यमा रहेको प्रभावको प्रतिफल पछिल्लो वाक्यमा आएकाले प्रभाव र प्रतिफलको सम्बन्ध स्थापित भएको छ ।

यस वाक्य सङ्ख्या श्रेणीमा स्पष्टोक्ति सम्बन्ध, अनुक्रमबोधक सम्बन्ध र प्रभाव र प्रतिफलको सम्बन्धजस्ता सम्बद्धनहरुको उपस्थिति रहेको छ ।

### ४.४.१२ निर्धारित कथाको बाह्रौं अनुच्छेदमा प्रयुक्त सम्बद्धनको पहिचान र विश्लेषण

निर्धारित कथाको बाह्रौं अनुच्छेदमा वाक्य सङ्ख्या ६९ र ७० गरी दुई वटा वाक्यहरु रहेका छन् । ती वाक्यहरुका बीचमा प्रयुक्त सम्बद्धनहरुको पहिचान र विश्लेषण तल प्रस्तुत गरिएको छ :

६९. मैले भनें -लली ! यो मैले तिम्रो विवाहमा उपहारमा दिएको वस्तु हो, फिर्ता लिनु उचित छैन ।

७०. तिमी त्यसो नगर, लैजाऊ यसलाई ।

**तालिका सं. ३३**

**निर्धारित कथाको बाह्रौं अनुच्छेदमा प्रयुक्त सम्बद्धनको पहिचान र विश्लेषण**

| वा.सं. | सम्बद्धन |
|---|---|
| ६९ र ७० | अनुक्रमबोधक सम्बन्ध |
| ७० र ७१ | अनुक्रमबोधक सम्बन्ध |

माथिको तालिकाअनुसार वा.सं. ६९ र ७० तथा वा.सं.७० र ७१ मा अनुक्रमबोधक सम्बन्ध स्थापित भएको छ । यहाँ दुई वाक्यहरु तार्किक क्रमानुसार रहेकाले अनुक्रमबोधक सम्बन्ध रहेको हो ।

यस वाक्य सङ्ख्या श्रेणीमा अनुक्रमबोधक सम्बन्ध सम्बद्धनको प्रयोग भएको देखिन्छ ।

### ४.४.१३ निर्धारित कथाको तेह्रौं अनुच्छेदमा प्रयुक्त सम्बद्धनको पहिचान र विश्लेषण

निर्धारित कथाको तेह्रौं अनुच्छेदमा वाक्य सङ्ख्या ७१ देखि ७३ सम्म जम्मा तीन वटा वाक्यहरु रहेका छन् । ती वाक्यहरुका बीचमा प्रयुक्त सम्बद्धनहरुको पहिचान र विश्लेषण तल प्रस्तुत गरिएको छ :

७१. तर भावुक हुँदै भनी ललीले -विवाहमा कोक्रो उपहार दिएर गतिलो व्यङ्ग्य गर्नुभयो सर तपाईंले मेरो मातृत्वप्रति ।

७२. अब यस कोक्रोमा सुत्ने बालक पनि चाहियो ।

७३. सक्नुहुन्छ दिन ?

**तालिका सं. ३४**

**निर्धारित कथाको तेह्रौँ अनुच्छेदमा प्रयुक्त सम्बद्धनको पहिचान र विश्लेषण**

| वा.सं. | सम्बद्धन |
|---|---|
| ७१ र ७२ | प्रभाव र प्रतिफलको सम्बन्ध |
| ७२ र ७३ | अनुक्रमबोधक सम्बन्ध |
| ७३ र ७४ | प्रश्नोत्तरको सम्बन्ध |

माथिको तालिकाअनुसार वा.सं. ७१ र ७२ मा प्रभाव र प्रतिफलको सम्बन्ध स्थापित भएको छ । यहाँ पहिलो अभिव्यक्तिको प्रभाव पछिल्लो अभिव्यक्तिमा आएकाले प्रभाव र प्रतिफलको सम्बन्ध, वा.सं. ७२ र ७३ मा दुई वाक्य तार्किक क्रमानुसार रहेकाले अनुक्रमबोधक, वा.सं. ७३ र ७४ मा प्रश्न र उत्तरको क्रममा अभिव्यक्ति प्रस्तुत भएकाले प्रश्नोत्तरको सम्बन्ध स्थापित भएको छ ।

यस वाक्यसङ्ख्या श्रेणीमा प्रभाव र प्रतिफलको सम्बन्ध, अनुक्रमबोधक सम्बन्ध र प्रश्नोत्तर सम्बन्ध जस्ता सम्बद्धनको प्रयोगले कथालाई निरन्तरताको सूत्रमा बाँधेको देखिन्छ ।

### ४.४.१४ निर्धारित कथाको चौधौँ अनुच्छेदमा प्रयुक्त सम्बद्धनको पहिचान र विश्लेषण

निर्धारित कथाको चौधौँ अनुच्छेदमा वाक्य सङ्ख्या ७४ देखि ७६ सम्म जम्मा तीन वटा वाक्यहरु रहेका छन् । ती वाक्यहरुका बीचमा प्रयुक्त सम्बद्धनहरुको पहिचान र विश्लेषण तल प्रस्तुत गरिएको छ :

७४. मैले भनेँ - हठ नगर लली ; हठ नगर ।

७५. यो मैले दिने कुरो होइन ।

७६. आफ्ना गुरूसँग यस्ता कुरा गर्न मिल्दैन तिमीले ।

### तालिका सं. ३५

### निर्धारित कथाको चौधौँ अनुच्छेदमा प्रयुक्त सम्बद्धनको पहिचान र विश्लेषण

| वा.सं. | सम्बद्धन |
|---|---|
| ७४ र ७५ | अनुक्रमबोधक सम्बन्ध |
| ७५ र ७६ | स्पष्टोक्ति सम्बन्ध |
| ७६ र ७७ | स्पष्टोक्ति सम्बन्ध |

प्रस्तुत तालिकाअनुसार वा.सं. ७४ र ७५ मा पहिलो वाक्य र दोस्रो वाक्यमा क्रमिक रुपमा घटनाक्रम अघि बढेकाले अनुक्रमबोधक सम्बन्ध, वा.सं. ७५ र ७६ तथा वा.सं. ७६ र ७७ मा अघिल्लो वाक्यलाई स्पष्ट पार्ने हेतुले पछिल्लो वाक्य आएकाले स्पष्टोक्ति सम्बन्ध स्थापित भएको छ ।

यस वाक्य सङ्ख्या श्रेणीमा अनुक्रमबोधक सम्बन्ध र स्पष्टोक्ति सम्बन्ध रहेको छ ।

### ४.४.१५ निर्धारित कथाको पन्ध्रौँ अनुच्छेदमा प्रयुक्त सम्बद्धनको पहिचान र विश्लेषण

निर्धारित कथाको पन्ध्रौँ अनुच्छेदमा वाक्य सङ्ख्या ७७ देखि ७९ सम्म जम्मा तीन वटा वाक्यहरु रहेका छन् । ती वाक्यहरुका बीचमा प्रयुक्त सम्बद्धनहरुको पहिचान र विश्लेषण तल प्रस्तुत गरिएको छ :

७७. त्यसो भए यसको विकल्प के छ ?

७८. त्यो बताउनुहोस् र त्यसैको प्रयोग गरौँ ।

७९. ललीलाई चिटचिट पसिना आइरहेका थिए र ऊ भन्दै थिई ।

### तालिका सं. ३६

### निर्धारित कथाको पन्ध्रौँ अनुच्छेदमा प्रयुक्त सम्बद्धनको पहिचान र विश्लेषण

| वा.सं. | सम्बद्धन |
|---|---|
| ७७ र ७८ | प्रश्नार्थक सम्बन्ध |

| | |
|---|---|
| ७८ र ७९ | प्रयोजनको सम्बन्ध |
| ७९ र ८० | स्पष्टोक्ति सम्बन्ध |

माथिको तालिकाअनुसार वा.सं. ७७ र ७८ मा पहिलो वाक्यले प्रश्न र दोस्रो वाक्यले त्यस प्रश्नलाई अझ जोड दिएकाले यहाँ प्रश्नार्थक, वा.सं. ७८ र ७९ मा पहिलो अभिव्यक्तिको कार्य हुनुको कारण वा प्रयोजनका रुपमा दोस्रो अभिव्यक्तिमा देखिएकाले प्रयोजनको र वा.सं. ७९ र ८० मा स्पष्टोक्ति सम्बन्ध रहेको छ ।

यस वाक्यसङ्ख्या श्रेणीमा प्रश्नार्थक सम्बन्ध, प्रयोजनको सम्बन्ध र स्पष्टोक्ति सम्बन्ध स्थापित भएको देखिन्छ ।

### ४.४.१६ निर्धारित कथाको सोह्रौँ अनुच्छेदमा प्रयुक्त सम्बद्धनको पहिचान र विश्लेषण

निर्धारित कथाको सोह्रौँ अनुच्छेदमा वाक्य सङ्ख्या ८० देखि ८३ सम्म जम्मा चार वटा वाक्यहरु रहेका छन् । ती वाक्यहरुका बीचमा प्रयुक्त सम्बद्धनहरुको पहिचान र विश्लेषण तल प्रस्तुत गरिएको छ :

८०. विकल्प उसको आफ्नै खोजीको थियो ।

८१. वैकल्पिक कुरो भन्न समय लागेन उसलाई ।

८२. उसमा भित्रैदेखि मातृत्व उर्लेर आएको थियो ।

८३. केही जोस्, केही आवेग र केही कम्पनका साथ उसले फेरि भनी- यो कोक्रो भरिदिनुहोस् ।

**तालिका सं. ३७**

**निर्धारित कथाको सोह्रौँ अनुच्छेदमा प्रयुक्त सम्बद्धनको पहिचान र विश्लेषण**

| वा.सं. | सम्बद्धन |
|---|---|
| ८० र ८१ | शीघ्रताबोधक सम्बन्ध |
| ८१ र ८२ | अनुक्रमबोधक सम्बन्ध |
| ८२ र ८३ | अनुक्रमबोधक सम्बन्ध |
| ८३ र ८४ | स्पष्टोक्ति सम्बन्ध |

माथिको तालिकाअनुसार वा.सं. ८० र ८१ मा पहिलो वाक्यमा सोचेको कुरा दोस्रो वाक्यमा तुरून्त प्रकट भएकाले शीघ्रताबोधक, वा.सं. ८१ र ८२ तथा वा.सं. ८२ र ८३ मा घटनाहरु क्रमैसँग प्रस्तुत भएकाले अनुक्रमबोधक सम्बन्ध, वा.सं. ८३ र ८४ मा पहिलो वाक्यलाई दोस्रो वाक्यले प्रस्ट पारेकाले स्पष्टोक्ति सम्बन्ध रहेको छ ।

यस वाक्यसङ्ख्या श्रेणीमा शीघ्रताबोधक, अनुक्रमबोधक र स्पष्टोक्ति सम्बन्ध जस्ता सम्बद्धनहरुको उपस्थितिले कथालाई निरन्तरताको सूत्रमा बाँधेको पाइन्छ ।

### **४.४.१७ निर्धारित कथाको सत्रौं अनुच्छेदमा प्रयुक्त सम्बद्धनको पहिचान र विश्लेषण**

निर्धारित कथाको सत्रौं अनुच्छेदमा वाक्य सङ्ख्या ८४ देखि १०१ सम्म जम्मा अठार वटा वाक्यहरु रहेका छन् । ती वाक्यहरुका बीचमा प्रयुक्त सम्बद्धनहरुको पहिचान र विश्लेषण तल प्रस्तुत गरिएको छ :

८४. त्यसबखत मैले विद्यार्थी कालमा सुम्निमाको, शिरीषको फूलको, फ्रायडको लिविडो र अन्य विभिन्न कम्प्लेक्सको कुरा गर्ने ललीलाई सम्झेँ ।

८५. आफूलाई मनुवा दहसँग दाँजेर मलाई सोमदत्तसँग सम्झने ललीलाई सम्झेँ ।

८६. मेरो सामु लली आलम्बन विभाव थिई र उसका वाणीहरुले उद्दीपनका काम गरिरहेका थिए ।

८७. साँझ बित्दै गयो ।

८८. आषाढको महिना थियो ।

८९. बाहिर झमझम पानी परिरहेको थियो ।

९०. मेरा परिवारजन सबै मनकामना गएका थिए ।

९१. लली बारबार मसँग भिक्षा मागिरहेकी थिई ।

९२. उसको प्रस्तावका विरूद्धमा मैले आफ्ना तर्क राख्दा ऊ प्रश्न गर्थी - यो कोक्रो नै उपहारमा किन दिइयो ?

९३. अनि ऊ जैविक विविधताबारे, उत्पत्तिबारे, विनाशबारे' प्रकृति र पुरूषबारे नेगेटिब र पोजेटिभबारे, नर र नारीबारे, देह र भोगबारे विविध व्याख्यान गर्दै थिई ।

९४. उसले मलाई पूरै महाभारत पढाई ।

९५. व्यास चिनाई ।

९६. कर्णको जन्मबारे, धृतराष्ट्र, पाण्डु र विदुरको जन्मबारेका विविध प्रसङ्गहरु सुनाई ।

९७. अन्त्यमा भनी- सर, निश्चय नै मेरो जैविक आवश्यकता पूरा भएको छ, तर मलाई आत्मिक शान्ति छैन ।

९८. प्रथम पटक रजोवती हुँदाका दिनदेखि मेरो ह्दयमा उत्पन्न भएको मातृत्वको आशा टुटेको छ, निराशा बढेको छ र मेरो परिकल्पना यथार्थमा परिणत भएको छैन ।

९९. र, आज म तपाईसँग यही नै माग राख्न आएकी हुँ- यो कोक्रो फिर्ता लिनुहोस् वा यसलाई भरिदिनुहोस् ।

१००. ऊ भन्दै थिई- सर, काँधमा बन्दुक भिरेर शिकारमा निस्किएको शिकारीले मृग, हरिण वा केही भेट्यो भने प्रहार गर्छ कि गर्दैन ?

१०१. आफ्ना सामु जल भेट्ता प्यासीले के गर्छ ?

**तालिका सं. ३८**

**निर्धारित कथाको सत्रौं अनुच्छेदमा प्रयुक्त सम्बद्धनको पहिचान र विश्लेषण**

| वा.सं. | सम्बद्धन |
|---|---|
| ८४ र ८५ | स्मरणको सम्बन्ध |
| ८५ र ८६ | स्मरणको सम्बन्ध |
| ८६ र ८७ | प्रभाव र प्रतिफलको सम्बन्ध |
| ८७ र ८८ | अनुक्रमबोधक सम्बन्ध |
| ८८ र ८९ | अनुक्रमबोधक सम्बन्ध |
| ८९ र ९० | अनुक्रमबोधक सम्बन्ध |
| ९० र ९१ | परिवेश र घटनाको सम्बन्ध |
| ९१ र ९२ | निहितार्थ सम्बन्ध |
| ९२ र ९३ | अप्रत्यक्ष सम्बन्ध |
| ९३ र ९४ | अनुक्रमबोधक सम्बन्ध |
| ९४ र ९५ | अनुक्रमबोधक सम्बन्ध |

| | |
|---|---|
| ९५ र ९६ | अनुक्रमबोधक सम्बन्ध |
| ९६ र ९७ | अनुक्रमबोधक सम्बन्ध |
| ९७ र ९८ | अनुक्रमबोधक सम्बन्ध |
| ९८ र ९९ | अनुक्रमबोधक सम्बन्ध |
| ९९ र १०० | अनुक्रमबोधक सम्बन्ध |
| १०० र १०१ | प्रश्नार्थक सम्बन्ध |
| १०१ र १०२ | अप्रत्यक्ष सम्बन्ध |

माथिको तालिकाअनुसार वा.सं. ८४ र ८५ तथा वा.सं. ८५ र ८६ मा अतीतको स्मरण वर्तमानमा गरिएकाले स्मरणको, वा.सं. ८६ र ८७ मा प्रभाव र प्रतिफलको, वा.सं. ८७ र ८८ तथा ८८ र ८९ एवं ८९ र ९० मा घटनाहरुको क्रमबद्ध विस्तार रहेकाले अनुक्रमबोधक सम्बन्ध, वा.सं. ९० र ९१ मा अघिल्लो वाक्यमा घटनाको परिवेश र पछिल्लो वाक्यमा घटना देखाइएकाले परिवेश र घटनाको सम्बन्ध, वा.सं. ९१ र ९२ मा दुवै वाक्यहरुको अर्थ एकआपसमा निहित रहेकाले निहितार्थ सम्बन्ध र वा.सं. ९२ र ९३ का बीचमा प्रत्यक्ष रुपमा कुनै सम्बन्ध नरहेपनि परोक्ष रुपमा सम्बन्ध देखिएकाले अप्रत्यक्ष सम्बन्ध रहेको देखिन्छ । वा.सं.९३ र ९४, ९४ र ९५, ९५ र ९६, ९६ र ९७, ९७ र ९८, ९८ र ९९ एवम् ९९ र १०० मा तार्किक क्रमानुसार घटनाहरु अघि र पछि आएकाले अनुक्रमबोधक सम्बन्ध रहेको देखिन्छ । वा.सं. १०० र १०१ मा प्रश्नपछि प्रश्न नै आएकाले प्रश्नार्थक, वा.सं. १०१ र १०२ मा प्रत्यक्ष सम्बन्ध नरहे पनि परोक्ष रुपमा सम्बन्ध रहेकाले अप्रत्यक्ष सम्बन्ध स्थापित भएको देखिन्छ ।

यस वाक्यसङ्ख्या श्रेणीमा अनुक्रमबोधक सम्बन्धको बाहुल्य रहेको छ । स्मरणको सम्बन्ध, प्रभाव र प्रतिफलको सम्बन्ध, परिवेश र घटनाको सम्बन्ध, निहितार्थ सम्बन्ध, अप्रत्यक्ष सम्बन्ध र प्रश्नार्थक सम्बन्ध जस्ता सम्बद्धनहरुको उपस्थितिले कथालाई निरन्तररुपमा वैचारिक सूत्रमा बाँध्ने काम गरेको पाइन्छ ।

### ४.४.१८ निर्धारित कथाको अठारौँ अनुच्छेदमा प्रयुक्त सम्बद्धनको पहिचान र विश्लेषण

निर्धारित कथाको अठारौँ अनुच्छेदमा वाक्य सङ्ख्या १०२ देखि १०८ सम्म जम्मा सात वटा वाक्यहरु रहेका छन् । ती वाक्यहरुका बीचमा प्रयुक्त सम्बद्धनहरुको पहिचान र विश्लेषण तल प्रस्तुत गरिएको छ :

१०२. बाहिर झमझम पानी परेको थियो, भित्र दनदन आगो दन्किरहेको थियो ।

१०३. चेतनाशून्य र जडवत् थिएँ म ।

१०४. अचानक लली ममाथि खन्निई, अँगालो मारी, खप्टिई र जथाभावी गर्न थाली ।

१०५. मेरो केहीबेरको प्रतिरोध नकाम भयो ।

१०६. निर्वस्त्र भइसकेकी थिई ऊ र मलाई पनि उस्तै पारी ।

१०७. जिती ललीले ।

१०८. थकित म कतिबेला निदाएछु थाहै भएन ।

**तालिका सं. ३९**

**निर्धारित कथाको अठारौँ अनुच्छेदमा प्रयुक्त सम्बद्धनको पहिचान र विश्लेषण**

| वा.सं. | सम्बद्धन |
|---|---|
| १०२ र १०३ | परिवेश र घटनाको सम्बन्ध |
| १०३ र १०४ | स्पष्टोक्ति सम्बन्ध |
| १०४ र १०५ | समुच्चयबोधक सम्बन्ध |
| १०५ र १०६ | समुच्चयबोधक सम्बन्ध |
| १०६ र १०७ | अनुक्रमबोधक सम्बन्ध |
| १०७ र १०८ | कारणकार्य सम्बन्ध |
| १०८ र १०९ | स्पष्टोक्ति सम्बन्ध |

माथिको तालिकाअनुसार वा. सं. १०२ र १०३ मा पहिलो वाक्यमा घटनाको परिवेश र दोस्रो वाक्यमा घटित घटना उल्लेख भएकाले परिवेश र घटनाको सम्बन्ध स्थापित भएको छ । वा. सं. १०३ र १०४ मा पहिलो वाक्यलाई दोस्रो वाक्यले स्पष्ट पारेकाले स्पष्टोक्ति सम्बन्ध स्थापित भएको देखिन्छ । वा. सं. १०४ र १०५ र वा. सं. १०५ र १०६ मा रहेका वाक्यहरुमा समानान्तर अर्थ रहेकाले समुच्चयबोधक सम्बन्ध स्थापित भएाको छ । वा. सं. १०६ र १०७ मा अनुक्रमबोधक सम्बन्ध स्थापित भएको छ । वा. सं. १०७ र १०८ मा पहिलो वाक्यमा कारणकार्यको सम्बन्ध स्थापित भएको देखिन्छ ।

यसरी प्रस्तुत कथाको अठारौँ अनुच्छेदमा विविध प्रकारका सम्बन्धहरु स्थापित भएको देखिन्छ । यसरी प्रस्तुत सम्बद्धनहरुले पाठलाई वैचारिक निरन्तरताको सूत्रमा उन्ने काम गरेको पाइन्छ ।

### ४.४.१९ निर्धारित कथाको उन्नाईसौँ अनुच्छेदमा प्रयुक्त सम्बद्धनको पहिचान र विश्लेषण

निर्धारित कथाको उन्नाईसौँ अनुच्छेदमा वाक्य सङ्ख्या १०९ देखि १११ सम्म जम्मा तीन वटा वाक्यहरु रहेका छन् । ती वाक्यहरुका बीचमा प्रयुक्त सम्बद्धनहरुको पहिचान र विश्लेषण तल प्रस्तुत गरिएको छ :

१०९. बिहान सबेरै मलाई त्यसै असरिल्लै छाडेर बिदा भई लली ।

११०. हिँड्दा फूर्तिली देखिन्थी ऊ ।

१११. मैले सोचेँ-उसको मप्रतिको आक्रोश होइन, आकांक्षा रहेछ, जुन पूरा गर्न सफल भई ऊ ।

**तालिका सं. ४०**

**निर्धारित कथाको उन्नाईसौँ अनुच्छेदमा प्रयुक्त सम्बद्धनको पहिचान र विश्लेषण**

| वा.सं. | सम्बद्धन |
|---|---|
| १०९ र ११० | समुच्चयबोधक सम्बन्ध |
| ११० र १११ | स्पष्टोक्ति सम्बन्ध |
| १११ र ११२ | कारणकार्य सम्बन्ध |

माथिको तालिकाअनुसार वा. सं. १०९ र ११० मा पहिलो र दोस्रो वाक्यका बीच समानान्तर अर्थ रहेकाले समुच्चयबोधक सम्बन्ध स्थापित भएको छ । वा. सं. ११० र १११ मा पहिलो वाक्यलाई दोस्रो वाक्यले स्पष्ट पारेकाले स्पष्टोक्ति सम्बन्ध स्थापित भएको छ । वा. सं. १११ र ११२ मा पहिलो वाक्यमा कारण रहेको छ जसको कार्यका रुपमा पछिल्लो वाक्य रहेकाले कारणकार्य सम्बन्ध स्थापित भएको छ ।

यस वाक्यसङ्ख्या श्रेणीमा समुच्चयबोधक सम्बन्ध, स्पष्टोक्ति सम्बन्ध र कारणकार्य सम्बन्ध जस्ता विविध सम्बद्धनहरुको प्रयोग भएको छ ।

### ४.४.२० निर्धारित कथाको बीसौँ अनुच्छेदमा प्रयुक्त सम्बद्धनको पहिचान र विश्लेषण

निर्धारित कथाको बीसौँ अनुच्छेदमा वाक्य सङ्ख्या ११२ र ११३ गरी दुई वटा वाक्यहरु रहेका छन् । ती वाक्यहरुका बीचमा प्रयुक्त सम्बद्धनहरुको पहिचान र विश्लेषण तल प्रस्तुत गरिएको छ :

११२. त्यसको महिना दिन जति पछि एकदिन ललीले फोनमा भनी- धन्यवाद छ सर, परिवारमा सबैलाई विश्वास भएको छ- रुपेशलाई औषधिको प्रभाव परेछ ।

११३. अब कोक्रो खाली रहने भएन ।

**तालिका सं.४१**

**निर्धारित कथाको बीसौँ अनुच्छेदमा प्रयुक्त सम्बद्धनको पहिचान र विश्लेषण**

| वा.सं. | सम्बद्धन |
|---|---|
| ११२ र ११३ | आर्थी पर्यायको सम्बन्ध |
| ११३ र ११४ | आर्थी विपर्यायको सम्बन्ध |

माथिको तालिकाअनुसार वा. सं. ११२ र ११३ मा पहिलो र दोस्रो वाक्यका बीचमा अर्थगत रुपमा एकरुपता रहेको देखिएकाले आर्थी पर्यायको सम्बन्ध स्थापित भएको देखिन्छ । वा. सं. ११३ र ११४ मा पहिलो र दोस्रो वाक्यका बीचमा अर्थगत रुपमा विपरीत अर्थ रहेकाले आर्थी विपर्यायको सम्बन्ध स्थापित रहेको देखिन्छ ।

यस वाक्यसङ्ख्या श्रेणीमा आर्थी पर्यायको सम्बन्ध र आर्थी विपर्यायको सम्बन्ध स्थापित भई प्रस्तुत कथालाई वैचारिक निरन्तरताको सूत्रमा बाँधेर पठनयोग्य बनाएको पाइन्छ ।

## ४.५ निष्कर्ष

चन्द्रमणि अधिकारीद्वारा लिखित ‘कोक्रो’ कथा सम्बद्धनका प्रयोगका दृष्टिबाट हेर्दा अन्वितिपूर्ण, शृङ्खलाबद्ध, पठनयोग्य र उपयुक्त रहेको देखिन्छ । प्रस्तुत कथा मनोविज्ञानको ज्ञान नभएका पाठकलाई बोधगम्यताका दृष्टिले दुरूह रहेको छ । यहाँ भाषिक दृष्टिले संस्कृतको सूक्तिको समेत प्रयोग भएकाले कालिदासको कुमारसम्भव नबुझेका पाठकका लागि झनै कठिन हुनजाने बुझिन्छ । विभिन्न साहित्यिक रचना र त्यहाँका पात्रहरु उल्लेख गरिएकाले ती कृतिहरु पढिसकेका पाठकका लागि कथा रसमय र स्वादिलो रहेको छ भने अनभिज्ञहरुका लागि क्लिष्ट हुन जान्छ ।

वाक्यहरुका बीच रहेको अर्थगत सम्बन्धलाई माथि तालिकामा प्रस्तुत गरी त्यसको विश्लेषण गरी स्पष्ट पारिएको छ । समग्रमा प्रस्तुत कथा सम्बद्धनका प्रयोगको दृष्टिले उपयुक्त रहेको छ ।

# अध्याय - पाँच

## सारांश, निष्कर्ष र उपयोगिता

### ५.१ सारांश

प्रस्तुत शोधपत्रमा लेखक चन्द्रमणि अधिकारीद्वारा लिखित 'कोक्रो' शीर्षात्मक कथाको सङ्कथन विश्लेषण गरिएको छ । प्रस्तुत शोधकार्यमा पुस्तकालयीय अध्ययन विधिद्वारा स्रोत सामग्री प्रयोग गरी अध्ययन र विश्लेषण गरिएको छ । यो अध्ययन सङ्कथन विश्लेषणका प्रमुख दुई युक्तिहरु- सम्बद्धक र सम्बद्धनको खोज र विश्लेषणमा आधारित रहेको छ ।

'कोक्रो' कथाको सङ्कथन विश्लेषणका आधारमा यो कथा सम्बद्धक र सम्बद्धनका प्रयोगका दृष्टिले उत्कृष्ट, उपयुक्त र पठनयोग्य रहेको देखिन्छ । यस कथामा सरल र सुबोध्य भाषाशैलीको प्रयोग भएको छ । यो कथा सङ्कथनका दृष्टिकोणबाट पूर्ण रहेको देखिन्छ ।

### ५.२ निष्कर्ष

सङ्कथन अभिव्यक्तिका दृष्टिले कथ्य र लेख्य गरी दुई प्रकारका रहेका छन् । सङ्कथन विश्लेषणका प्रमुख दुई युक्ति/विधिहरुमा सम्बद्धक र सम्बद्धन रहेका छन् । चन्द्रमणि अधिकारीद्वारा लिखित 'कोक्रो' कथालाई विभिन्न अनुच्छेदमा विभाजन गरी वाक्यगत रुपमा सङ्कथन विश्लेषणमा यिनै दुई युक्तिहरुको प्रयोग र विश्लेषण गरिएको छ ।

'कोक्रो' कथामा प्रयुक्त सम्बद्धकहरुको पहिचान र विश्लेषण गर्दा संयोजक र सार्वनामिक सम्बद्धकको बाहुल्य रहेको देखिन्छ । यसका साथै स्थानिक सम्बद्धक, कालिक सम्बद्धक, लोप, प्रश्नवाचक जस्ता व्याकरणिक सम्बद्धक र पुनरावृत्ति, पर्यायवाची, विपरीतार्थी, सन्निधान र समावेशात्मकता जस्ता कोशीय सम्बद्धकको प्रयोग भएको देखिन्छ । साथै यस कथामा प्रयुक्त सम्बद्धनहरुको पहिचान र विश्लेषण गर्दा मूलतः स्पष्टोक्ति सम्बन्ध, अनुक्रमबोधक सम्बन्ध, परिचयात्मक सम्बन्ध, प्रश्नोत्तर सम्बन्ध, प्रश्नार्थक सम्बन्ध, स्मरणको सम्बन्ध, प्रभाव प्रतिफलको सम्बन्ध, घटना परिवेशको सम्बन्ध, परिवेश घटनाको सम्बन्ध, कारणकार्य सम्बन्ध, कार्यकारण सम्बन्ध, अप्रत्यक्ष सम्बन्ध, निहितार्थ सम्बन्ध, शीघ्रताबोधक सम्बन्ध, अनुमानको सम्बन्ध, सामान्य विशिष्ट/विशिष्ट सामान्य

सम्बन्ध, समुच्चयबोधक सम्बन्ध, आर्थी पर्यायको सम्बन्ध, आर्थी विपर्यायको सम्बन्ध, प्रयोजनको सम्बन्ध रीतिबोधक सम्बन्ध जस्ता सम्बद्धनहरुको प्रयोग भएको देखिन्छ ।

कथामा प्रयुक्त सम्बद्धक र सम्बद्धनहरुको उपयुक्तता हेर्दा कथा भाषिक जोर्नीका दृष्टिले अन्वितिपूर्ण र पठनयोग्य रहेको देखिन्छ । समग्रमा प्रस्तुत कथा सङ्कथन विश्लेषणको अध्ययनका आधारमा तथा सङ्कथन र यसका युक्तिहरु सम्बद्धक र सम्बद्धनका सापेक्षतामा अर्थपूर्ण र उपयुक्त रहेको देखिन्छ ।

## ५.३ उपयोगिता र कार्यान्वयन

### ५.३.१ शोधको उपयोगिता

सङ्कथन विश्लेषणले पाठमा प्रयुक्त भाषिक संरचना र सन्दर्भ दुवैको अध्ययन र विश्लेषण गर्ने हुनाले यसको महŒव धेरै रहेको छ । प्रस्तुत शोधको शैक्षणिक उपयोगितालाई निम्न बुँदामा उल्लेख गर्न सकिन्छ :

क) प्रस्तुत शोधले भाषा शिक्षणका क्षेत्रमा प्रत्यक्ष सहयोग पुऱ्याउने छ ।

ख) प्रस्तुत शोधले सङ्कथन विश्लेषणमा अध्ययन गर्न चाहने अनुसन्धानकर्ताका लागि सहयोग पुऱ्याउने छ ।

ग) भाषापाठ्यक्रम र पाठ्यपुस्तक निर्माण गर्न, पाठ्यक्रमको छनोट र स्तरण गर्न, शैक्षिक सामग्रीको प्रयोग गर्न, शिक्षण विधिको छनोट गर्ने आधारहरु तय गर्न यस शोधले सहयोग पुऱ्याउने छ ।

घ) भाषिक अभिव्यक्तिको समग्रता र अखण्डता पहिल्याउन सहयोग पुऱ्याउने छ ।

### ५.३.२ शोधको कार्यान्वयन

भाषाशिक्षण भाषिक सीपहरुको शिक्षण हो । यो अविच्छिन्न तथा अखण्डित हुन्छ । सङ्कथन पनि एउटा अखण्डित भाषिक अभिव्यक्तिभित्र पर्दछ । तसर्थ सङ्कथनले भाषिक सीपलाई अखण्डरुपमा शिक्षण गर्न सहयोग पुऱ्याउँछ । यसबाट भाषिक शिक्षणका क्षेत्रमा सबै सरोकारवालाले आ-आफ्ना क्षेत्रमा प्रयोग गरी फाइदा लिन सक्छन् । विशेष गरेर भाषिक अभिव्यक्ति एवम् शिक्षण सिकाइसँग सम्बन्धित लेखक, शिक्षक, विद्यार्थी, भाषाविद्, भाषिक अन्वेषक, पाठ्यक्रमविद्, पाठ्यपुस्तक लेखक, समालोचक, साहित्यकार, प्राध्यापक सबैले सङ्कथन विश्लेषणको आ-आफ्ना क्षेत्रमा उपयोग गरी लाभान्वित हुन सक्नेछन् ।

## ५.४ भावी अनुसन्धानका लागि सम्भावित शोध शीर्षकका क्षेत्रहरु

सङ्कथन विश्लेषणसँग सम्बन्धित भएर अध्ययन, अनुसन्धान गर्न चाहने शोधकर्ताहरुका लागि निम्न लिखित आधारमा चयन गरिएका शीर्षकहरु उपयोगी बन्न सक्छन् :

क) कुनै कथा वा उपन्यासको सङ्कथन विश्लेषण,

ख) कुनै संवाद, एकाङ्की वा नाटकको सङ्कथन विश्लेषण,

ग) कुनै मनोवाद, दैनिकी वा लेखको सङ्कथन विश्लेषण,

घ) कुनै कविता वा काव्यको सङ्कथन विश्लेषण आदि ।

## सन्दर्भ ग्रन्थसूची


अधिकारी, चन्द्रमणि (२०६४), *कथा र कथाहरु,* धरान : मणि पुस्तकालय (नीजि) का निमित्त भास्करमणि अधिकारी ।

अधिकारी, हेमाङ्गराज (२०६७), *सामाजिक र प्रायोगिक भाषाविज्ञान,* काठमाडौँ : रत्न पुस्तक भण्डार ।

गौतम, रामप्रसाद (२०६१), *प्रायोगिक भाषाविज्ञानका प्रमुख आयाम,* काठमाडौँ : दीक्षान्त पुस्तक भण्डार ।

गौतम, रामप्रसाद (२०६४), *चिलाउने चौरमा पलाएको मृगतृष्णा निबन्धको सङ्कथन विश्लेषण* (शोधपत्र), केन्द्रीय नेपाली भाषा शिक्षा विभाग, त्रि.वि. कीर्तिपुर ।

घिमिरे, एकराज (२०७१), *जय भोलि निबन्धको सङ्कथन विश्लेषण* (शोधपत्र), शिक्षाशास्त्र सङ्काय नेपाली भाषा विभाग, जनता बहुमुखी क्याम्पस इटहरी, सुनसरी ।

घिमिरे, विकास (२०७४), *सपरिवार छोराले देश छोडेको रात मनोवादको सङ्कथन विश्लेषण* (शोधपत्र) शिक्षाशास्त्र सङ्काय नेपाली भाषा विभाग, जनता बहुमुखी क्याम्पस इटहरी, सुनसरी ।

जैसी, कृष्णप्रसाद (२०६७), *तीन घुम्ती उपन्यासको सङ्कथन विश्लेषण* (शोधपत्र), केन्द्रीय नेपाली विभाग भाषा शिक्षा विभाग, त्रि.वि. कीर्तिपुर ।

ढकाल, उर्मिला (२०६७), *मधेशतिर कथाको सङ्कथन विश्लेषण* (शोधपत्र), केन्द्रीय नेपाली विभाग भाषा शिक्षा विभाग, त्रि.वि. कीर्तिपुर ।

ढुङ्गेल, भोजराज र दुर्गाप्रसाद दाहाल (२०६०), *प्रायोगिक भाषाविज्ञान,* काठमाडौँ : एम. के. पब्लिसर्स एण्ड डिष्ट्रिब्युटर्स ।

न्यौपाने, टङ्कप्रसाद (२०६९) *चन्द्रमणि अधिकारी : शब्दश्रद्धाञ्जली* (स्मृतिग्रन्थ) धरान : नेपाली विभाग, महेन्द्र बहुमुखी क्याम्पस ।

न्यौपाने, टङ्कप्रसाद, पारसमणि भण्डारी, दीपक न्यौपाने र तुल्सीराम घिमिरे(२०६७), *सामान्य भाषाविज्ञान,* काठमाडौँ : सनलाइट पब्लिकेसन ।

न्यौपाने, दीपकप्रसाद (२०७०), *सङ्कथन र संसक्ति व्यवस्था,* उद्बोध (अङ्क-२), पृ. ५६-६६ ।

बस्नेत, सुरेशकुमार (२०६७) कक्षा ९ को अनिवार्य नेपाली किताबमा रहेका कथाहरुको *सङ्कथन विश्लेषण* (शोधपत्र), केन्द्रीय नेपाली विभाग भाषा शिक्षा विभाग, त्रि.वि. कीर्तिपुर ।

भट्टराई, पोषराज (२०७५), *माउजङ बाबुसाहेबको कोट कथाको सङ्कथन विश्लेषण* ( शोधपत्र) शिक्षाशास्त्र सङ्काय नेपाली भाषा विभाग, जनता बहुमुखी क्याम्पस इटहरी, सुनसरी ।

भट्टराई, रामप्रसाद (२०६८), *भाषिक अनुसन्धान विधि,* काठमाडौँ : शुभकामना प्रकाशन प्रा.लि ।

भण्डारी, विद्यादेवी (२०७३), *अछुत जातिलाई टीका लगाउँदा निबन्धको सङ्कथन विश्लेषण* (शोधपत्र), शिक्षाशास्त्र सङ्काय नेपाली भाषा विभाग, जनता बहुमुखी क्याम्पस इटहरी, सुनसरी ।

लामिछाने, यादवप्रकाश (२०६९) *प्रायोगिक भाषाविज्ञान* (दोस्रो सं.), काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।

लम्साल, रामचन्द्र र बाबुराम अधिकारी, नारायणप्रसाद शर्मा गैरे, वासुदेव गौतम र गणेशराज अधिकारी (२०६२) *सामान्य र प्रायोगिक भाषाविज्ञान,* काठमाडौं : भुँडीपुराण प्रकाशन ।

## परिशिष्ट - एक

### क) चन्द्रमणि अधिकारीको परिचय

पिता प्रजापति अधिकारी र माता दूर्गादेवी अधिकारीका दोस्रो सन्तानका रुपमा वि.सं. २००७ साल फागुन १ गते सोमबारका दिन मेची अञ्चलको पाँचथर जिल्ला मौवाडाँडा गाउँमा चन्द्रमणि अधिकारीको जन्म भएको थियो । अधिकारीको बाल्यकाल त्यति सुखद् देखिँदैन । उनले यस धर्तीमा पाइला टेक्नुभन्दा महिना दिनअघि नै २००७ साल माघ ४ गते नै उनका पिता  प्रजापतिले संसार छाडेपछि अधिकारी गर्भे टुहुरा हुन पुगे ।

चन्द्रमणि अधिकारीले विष्णुलाल श्रेष्ठ, नगेन्द्र अधिकारी र सुनील अधिकारीबाट आफ्नै घरमा अक्षरारम्भ गरेको बुझिन्छ । गुरूकुलीय परम्पराबाट कक्षा तीनसम्म र सरस्वती प्रा.वि. बाट ४ र ५ कक्षाको अध्ययन र पिण्डेश्वर महाविद्यालयबाट पुनः कक्षा ५ बाट प्रारम्भ गरी एस.एल.सी उत्तीर्ण गरेका हुन् । त्यसपछि महेन्द्र बहुमुखी क्याम्पस, धरानबाट आइ.ए र पिण्डेश्वर विद्यापीठबाट उत्तरमध्यमा र शास्त्रीको अध्ययन अधिकारीले गरेका हुन् । अधिकारीले काशीको वाराणसी स्थित काशी हिन्दू विश्वविद्यालयबाट मनोविज्ञान बिषयको १० महिना अध्ययन गरेका हुन् ।  औपचारिक रुपमा २०५४ सालमा स्नातकोत्तर तहको अध्ययन पूरा गरेका अधिकारीले अनौपचारिक रुपमा पूर्वीय तथा पाश्चात्य दर्शनको गहन अध्ययन गरेको पाइन्छ ।

चन्द्रमणि अधिकारीको धरान १४ नारायणपुर निवासी लेखनाथ भट्टराईकी छोरी अङ्गुरका साथमा विवाह सम्पन्न भई दुई छोरा र एक छोरीको जन्म भएको छ ।

अधिकारी मूलतः कथाकार हुन् । उनको पहिलो कथा 'सिम्लेली साइलो' (पीपल, २०२५ : १०) हो । कथाकार अधिकारीका 'अस्मिता' (२०४३) र 'कथा र कथाहरु' (२०६४) दुई कथासङ्ग्रहहरु प्रकाशित भएका छन् । फायड, एडलर, युङ् र विश्वेश्वरप्रसाद कोइरालाका कथाबाट बढी प्रभावित अधिकारीले आफ्ना कथाका पात्रका मानवीय संवेदनालाई केलाएका छन् भने अचेतनामा सुषुप्त अवस्थामा रहेका वस्तुहरुलाई पनि उजागर गरेका छन् । सामाजिक जीवनका यथार्थ तथा मनोवैज्ञानिक यथार्थहरुलाई सजीव रुपमा उतार्नु कथागत मूल प्रवृत्ति रहेको पाइन्छ । मनोवैज्ञानिकता, सामाजिकता, प्रतीकात्मकता, अस्तित्ववादी चेतना, यथार्थवादी चेतना, उद्देश्यमूलकता, तार्किकता, उत्तर-आधुनिक चेतना, सङ्क्षिप्तता, सूत्रात्मकता, भाषिक सरलता आदि उनका मुख्य वैशिष्ट्यहरु

हुन् । प्रायः आत्मपरक शैलीमा कथा लेख्न रूचाउने अधिकारी पात्रहरुको सूक्ष्म र मनोवैज्ञानिक चित्रण गर्न खप्पिस रहेको देखिन्छ । अधिकारीको मृत्यु वि. सं. २०६८ साउन ३२ गते धरानमा भएको हो ।

**ख) निर्धारित कथाको सार**

'कोक्रो' कथा चन्द्रमणि अधिकारीको 'कथा र कथाहरु' (२०६४) मा सङ्कलित एक उत्कृष्ट कथा हो । 'कोक्रो' रतिरागात्मक मनोविज्ञानसँग सम्बन्धित यस सङ्ग्रहको सर्वोत्कृष्ट कथा हो । कामेच्छाको पूर्तिमात्र रतिरागात्मक मनोवैज्ञानिक कथाको सफलताको कसी होइन । यहाँ भोगलाई साधनमात्र बनाइएको छ, साध्य होइन । सन्तानोत्पादनप्रतिको ललीको चाहना यस कथाको केन्द्रीय कथ्य हो । पतिबाट सन्तान उत्पादन नभएपछि ललीले विवाहमा कोक्रो उपहार दिने 'म' पात्रसँगै कोक्रो भरिदिन अनुरोध गरेकी छ । अन्त्यमा ललीले आफ्नो समस्या समाधान गरेकी छ । तर म पात्रलाई अर्को समस्या थपिएको छ । समग्रमा जुन पुरूष सन्तान उत्पादनका लागि सक्षम हुँदैनन् त्यस्ता पुरूषसँग नारीहरु जीवन निर्वाह गर्न नचाहने सारवस्तुलाई अन्योक्तिमूलक ढङ्गले यहाँ प्रस्तुत गरिएको छ ।